कात्तिक - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३२, अङ्क १४ | २०८० कात्तिक १६-३० | पूर्णाङ्क ७५२



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री हरिशंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री दीक्षा प्रधानाङ्ग

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री रोदिप सुनाम
शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री पुष्पा पराजुली

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री सुमन राजथला
बुकबाइन्डर श्री मदन तिमिल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| इजलास नं. १ | १६ |
| इजलास नं. २ | ७ |
| इजलास नं. ४ | ८ |
| **जम्मा** | **३१** |

| | |
|---|---|
| इजलास नं. ५ | १६ |
| इजलास नं. ६ | १५ |
| इजलास नं. ७ | ३ |
| इजलास नं. ८ | ९ |
| **जम्मा** | **४३** |

**कूल जम्मा ३१ + ४३ = ७४**

# नेपाल कानून पत्रिकामा

## प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

## हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

## मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८०, कात्तिक – २, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **इजलास नं.१** | | | **१ - १२** |
| १. | कर्तव्य ज्यान | नेपाल सरकार वि. द्रोपती भन्ने संजिव सदा | १ |
| २. | उत्प्रेषण / परमादेशसमेत | मोदन राय वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | १ |
| ३. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. पूजा मगरसमेत | २ |
| ४. | विष खुवाई कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. जौकला भन्ने शर्मिला बुढा | २ |
| ५. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. श्वेता सिंह सुनार | ३ |
| ६. | अल्पसंख्यक सेयरधनीको हक संरक्षण गरिपाऊँ | निर्मलकुमार रिजाल वि. सूर्यबहादुर के.सी.समेत | ४ |
| ७. | जबरजस्ती करणी उद्योग | शिवराज आचार्य वि. नेपाल सरकार, देवराज साँखी वि. नेपाल सरकार | ४ |
| ८. | उत्प्रेषणसमेत | अशोक श्रेष्ठसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को, काठमाडौंसमेत | ५ |
| ९. | उत्प्रेषणसमेत | राजन शाक्य वि. उच्च अदालत पाटनसमेत | ६ |
| १०. | उत्प्रेषणसमेत | मीना शाह वि. उच्च अदालत पाटनसमेत | ७ |
| ११. | उत्प्रेषणसमेत | रामु यादव वि. उच्च अदालत जनकपुर, जनकपुरधाम प्रदेश नं. २ समेत | ८ |
| १२. | बाटो खिचोला बाटो कायम | रामेश्वर श्रेष्ठ वि. भोलानाथ भण्डारी | ९ |
| १३. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. ध्रुव प्रसाद न्यौपाने | ९ |
| १४. | वैदेशिक रोजगार | नेपाल सरकार वि. विनोद बुढ थापा भन्ने विनोद बुड थापा | १० |
| १५. | वैदेशिक रोजगार कसुर | विद्या सरकार थपलिया वि. नेपाल सरकार | ११ |
| १६. | लागु औषध | नेपाल सरकार वि. ठाकुर हजामसमेत | ११ |
| **इजलास नं. २** | | | **१२ – १७** |
| १७. | उत्प्रेषणसमेत | गणेशबहादुर मलासी वि. जिल्ला डोटी के.आई.सिंह गाउँपालिकाको कार्यालय, डोटीसमेत | १२ |
| १८. | उत्प्रेषण | ज्ञानेन्द्रराज आरणसमेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | १२ |

| | | | |
|---|---|---|---|
| १९. | उत्प्रेषण | आशिष पौडेल वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरसमेत | १३ |
| २०. | बन्दी प्रत्यक्षीकरण | सुभाष भन्ने विष्णुबहादुर लामिछाने विधुलिखेलसमेत | १४ |
| २१. | उत्प्रेषण / परमादेशसमेत | सविता यादव वि. वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान घोपा, धरान, सुनसरीसमेत | १४ |
| २२. | लागु औषध (ब्राउन सुगर) | नेपाल सरकार वि. नेपाल सरकार वि. कैलास लोध | १५ |
| २३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. वीरेन्द्र प्रसाद साह तेलीसमेत, वीरेन्द्र प्रसाद साह तेली वि. नेपाल सरकार, नेपाल सरकार वि. बमबादुर भन्ने रामनारायण साह तेली | १६ |
| **इजलास नं. ४** | | | **१७ – २४** |
| २४. | बन्दी प्रत्यक्षीकरण | सरू सिंह वि. उच्च अदालत पाटन, ललितपुरसमेत | १७ |
| २५. | बन्दी प्रत्यक्षीकरण | परिवर्तित नाम रेकाप (१) वि. चितवन जिल्ला अदालत | १८ |
| २६. | अंश चलन | रामबहादुर कार्कीसमेत वि. रश्मी कार्की | १८ |
| २७. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. दिपेन्द्र आले मगर | १९ |
| २८. | लागु औषध | अमित भट्ट वि. नेपाल सरकार वि. धर्म खड्का वि. नेपाल सरकार | २० |
| २९. | बन्दी प्रत्यक्षीकरण | बसन्तबहादुर तामाङ वि. काभ्रेपलाञ्चोक जिल्ला अदालत, धुलिखेलसमेत | २१ |
| ३०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बहादुर भन्ने वीरबहादुर तामाङ, नेपाल सरकार वि. रणबहादुर तामाङ, नेपाल सरकार वि. राजु तामाङसमेत, रणबहादुर तामाङ वि. नेपाल सरकार | २२ |
| ३१. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. प्रतिक बास्कोटा | २३ |
| **इजलास नं.५** | | | **२४ – ३७** |
| ३२. | बन्दी प्रत्यक्षीकरण | रानीकुमारी साह वि. उच्च अदालत विराटनगरसमेत | २४ |
| ३३. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. सुरज गुरूङसमेत | २५ |
| ३४. | उत्प्रेषणयुक्त परमादेशसमेत | डा. पुष्पमणि खराल वि. वी.पी. कोइराला कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानसमेत | २५ |
| ३५. | उत्प्रेषणयुक्त परमादेश | शशिकान्त तिवारी वि. नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, काठमाडौँसमेत | २६ |
| ३६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. धनबहादुर बोहरासमेत | २७ |
| ३७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. तिलमाया ढकालसमेत | २८ |
| ३८. | जबरजस्ती करणी | नेपाल सरकार वि. दाछोत्तर शेर्पा | २९ |

| | | | |
|---|---|---|---|
| ३९. | लिखत बमोजिमको रकम दिलापाऊँ | चुनीमाया राना वि. उमेश के.सी. | २९ |
| ४०. | जबरजस्ती करणी तथा डाँका | नेपाल सरकार वि. विपतिया भन्ने सुरजदेव दाससमेत | ३० |
| ४१. | अपहरण तथा शरीर बन्धक | मुवारक अन्सारी वि. नेपाल सरकार, सुशिला भन्ने हिरा गुरूङ वि. नेपाल सरकार, कल्पना भन्ने मोती विष्ट वि. नेपाल सरकार, नेपाल सरकार वि. जमिरूल्लाह मनिहारसमेत | ३१ |
| ४२. | बन्दी प्रत्यक्षीकरण तथा उत्प्रेषणसमेत | कृष्ण मुरारी रौनियार वि. काठमाडौँ जिल्ला अदालतसमेत | ३२ |
| ४३. | व्यक्ति बेपत्ता पारेको | नेपाल सरकार वि. शंकर रत्न परियारसमेत | ३३ |
| ४४. | उत्प्रेषणयुक्त परमादेश | दिपककुमार श्रेष्ठसमेत वि. जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, केन्द्रीय कार्यालय, भक्तपुरसमेत | ३३ |
| ४५. | लेनदेन | सुरेन्द्रकुमार सिंह राजपुत वि. उमेशकुमार सिंह | ३५ |
| ४६. | ठगी | नेपाल सरकार वि. नविन चौरसियासमेत | ३५ |
| ४७. | भ्रष्टाचार (घुस/रिसवत) | गोविन्द गैरे वि. नेपाल सरकार | ३६ |

| **इजलास नं.६** | | | ३७ – ४९ |
|---|---|---|---|
| ४८. | बन्दी प्रत्यक्षीकरण | कमान सिंह डाँगी वि. जिल्ला अदालत रोल्पा, लिवाङसमेत | ३७ |
| ४९. | बन्दी प्रत्यक्षीकरण | प्रेमा कुमारी गिरी वि. काठमाडौं जिल्ला अदालतसमेत | ३८ |
| ५०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. लालबाबु प्रसाद यादव | ३९ |
| ५१. | भ्रष्टाचार | रन्जितकुमार गुप्ता वि. नेपाल सरकार | ४० |
| ५२. | बैंङ्किङ कसुर | राजुकुमार प्रधान वि. नेपाल सरकार, नेपाल सरकार वि. राजुकुमार प्रधानसमेत | ४० |
| ५३. | लागु औषध ब्राउन सुगर | नेपाल सरकार वि. अमानत उल्ला तेली भन्ने मो. जाकिर तेलीसमेत | ४१ |
| ५४. | जबरजस्ती करणी | दिपक परी वि. नेपाल सरकार | ४२ |
| ५५. | बैंङ्किङ कसुर | नेपाल सरकार वि. शिवधर राय यादव | ४३ |
| ५६. | बैंङ्किङ कसुर | नेपाल सरकार वि. बबिता श्रेष्ठसमेत | ४३ |
| ५७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सोनाम तामाङ | ४४ |
| ५८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. काइँला भन्ने पदमबहादुर राई | ४५ |
| ५९. | कर्तव्य ज्यान | मेघबहादुर तामाङ भन्ने मेघबहादुर घले वि. नेपाल सरकार | ४६ |

| | | | |
|---|---|---|---|
| ६०. | उत्प्रेषणसमेत | नारायण चौधरी वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | ४८ |
| ६१. | उत्प्रेषणसमेत | मिनराज चौधरी वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | ४८ |
| ६२. | उत्प्रेषणसमेत | कुमारकान्त झासमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | ४९ |
| **इजलास नं.७** | | | ४९ – ५२ |
| ६३. | करारबमोजिम रकम दिलाइपाऊँ | कृष्णराज उप्रेती वि. लता ट्रेडिङ प्रा.लि., पर्सा | ४९ |
| ६४. | उत्प्रेषण / परमादेश / प्रतिषेध | राम ललन यादव वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबार, काठमाडौंसमेत | ५० |
| ६५. | उत्प्रेषण / परमादेश | डिल्लीबहादुर खुलाल (बस्नेत) समेत वि. जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाई सोलुखुम्बुसमेत | ५१ |
| **इजलास नं.८** | | | ५२ – ६० |
| ६६. | आयकर | डा. रूप ज्योति वि. ठुला करदाता कार्यालय, ललितपुर, जगदिश रेग्मी वि. पद्म ज्योति | ५२ |
| ६७. | आयकर | जगदिश रेग्मी वि. पद्म ज्योति | ५३ |
| ६८. | जबरजस्ती करणी | राम सिग्देल वि. नेपाल सरकार | ५४ |
| ६९. | उत्प्रेषण / परमादेश | रामचन्द्र पौडेल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | ५५ |
| ७०. | उत्प्रेषण / परमादेशसमेत | इन्द्रकुमारी अधिकारी वि. त्रिभुवन विश्वविद्यालय सेवा आयोग, कीर्तिपुरसमेत | ५६ |
| ७१. | बन्दी प्रत्यक्षीकरण | नबल किशोर साह वि. दैलेख जिल्ला अदालतसमेत | ५७ |
| ७२. | उत्प्रेषण | विरबहादुर भण्डारी वि. वैदेशिक रोजगार विभाग का.म.न.पा. वडा नं. १० नयाँ बानेश्वर, काठमाडौंसमेत | ५८ |
| ७३. | अदालतको अवहेलना | बसन्ती थापा गौतम वि. वीरेन्द्रनगर नगरपालिका कार्यालय सुर्खेतसमेत | ५९ |
| ७४. | उत्प्रेषणसमेत | ध्रुव अधिकारी वि. महानगरीय प्रहरी परिसर, काठमाडौंसमेत | ६० |

## इजलास नं. १

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७६-CR-१३६९, कर्तव्य ज्यान, नेपाल सरकार वि. द्रोपती भन्ने संजिव सदा*

प्रस्तुत विवादमा द्रोपती भन्ने संजिव सदाले मृतक दाइ पशुपती सदालाई खाना खानुभयो भनी सोधेको विषयमा मैले तँलाई चिन्दिनँ भनी मृतकले नै प्रतिवादीसँग विवाद गरी प्रतिवादीलाई नै मृतकले पिट्न खोज्ने क्रममा विवाद हुँदा मृतकका सहोदर भाइ नाताका प्रतिवादीले तत्काल उठेको रिसबाट त्यहीँ दाजुले बोकेको काठको कोरा खोसी हिर्काउँदा मृतकको मृत्यु भएको भन्ने देखिन्छ। प्रतिवादीसँग कुनै घातक हातहतियार रहेको देखिँदैन, जाहेरी दरखास्तमा पनि वारदातस्थलमा रहेको काठले मृतकलाई प्रहार गरेको भन्ने उल्लेख छ भने लुकिचोरी हानेको पनि देखिँदैन । दाजु भाइबिच वादविवाद हुँदा तत्काल उठेको रिस थम्न नसकी प्रहार गरेको चोटको कारण घाइते भई उपचारका क्रममा छाती तथा पेटमा गहिरो चोट तथा रक्तस्राव भएको कारणबाट मृत्यु भएको भन्ने देखिन आएको छ । यस्तो अवस्थामा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं आकर्षित हुने देखिन आयो। निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम अभियोग मागदाबी पुग्न सक्ने नदेखिने।

तसर्थ, प्रतिवादी द्रौपति भन्ने संजिव सदालाई कसुरदार ठहराई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १४ नं बमोजिमको कसुर गरेको देखिँदा सोही महलको १४ नं अनुसार १० (दश) वर्ष कैद गरी मिति २०७५/०८/०३ मा सुरू उदयपुर जिल्ला अदालतले गरेको फैसलालाई सदर गर्ने गरी उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाबाट मिति २०७६/०५/१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: दिब्यराज घिमिरे
कम्प्युटर: देबिमाया खतिवडा (देबिना)
इति संवत् २०७८ साल आषाढ १३ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७७-WO-०८४५, उत्प्रेषण / परमादेशसमेत, मोदन राय वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

इन्द्रदेव यादव विरूद्ध निजामती किताबखाना, पुल्चोकसमेत भएको उत्प्रेषण मुद्दा (ने.का.प. २०७५, अङ्क ७, नि.नं. १००४२) मा "विपक्षी निजामती किताबखानाले आफ्नो दायित्व समयमा नै पूरा गर्न नसकेको कारण निवेदक अधिक अवधि कार्यरत रहेको अवस्थामा निवेदकले राज्यकोषबाट प्राप्त गरेको आर्थिक सुविधा फिर्ता गर भन्नु प्राकृतिक न्यायको सिद्धान्त विपरीत हुने"; "विपक्षी निजामती किताबखानाले निवेदकले पेस गरेको सिटरोल र सम्बद्ध प्रमाणहरूको विश्लेषण गरी निजको उमेरको आधारमा निजामती सेवा ऐन र नियमावली अनुरूप निवृत्त हुने अवधि किटान गरी अवधि पुग्नुभन्दा अगावै जानकारी गराउनुपर्नेमा समयमा निवेदकलाई सेवा निवृत्त हुने जानकारी नदिई निजामती सेवा नियमावली, २०५० को नियम १२९क को उपनियम (४) र (५) मा भएको कानूनी व्यवस्था पालना हुनुपर्छ भन्नु विपक्षी निजामती किताबखानाको लागि शोभनीय कार्य नहुने।

अतः मिति २०७५।०१।०५ देखि हाल (मिति २०७७।१०।११) सम्म यी निवेदक मोदन रायले कार्यालयमा हाजिर रही काम गरेको अवधिको उपभोग गरेको तलब, भत्तालगायतको आर्थिक सुविधा फिर्ता गर्नु भनी उल्लेख गरेको हदसम्मको विपक्षी राष्ट्रिय किताबखाना (निजामती), हरिहरभवन, ललितपुरको मिति २०७७।१०।११ को निर्णय तथा सोही निर्णयअनुसार पत्र संख्या २०७७/७८ च.नं. ९८४

को पत्राचारसमेत उत्प्रेषणको आदेशले बदर हुने । रिट निवेदकले हाल अनिवार्य अवकाशसमेत पाइसकेको देखिँदा निवेदन मागबमोजिम सेवामा निरन्तरता दिनु भनी परमादेशको आदेश जारी गर्नु नपर्ने ।

इजलास अधिकृत: मनिता गुरूङ

कम्प्युटर: देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७८ साल चैत्र २० गते रोज १ शुभम् ।

- यसै लगाउका ०७३-WO-१२२९, उत्प्रेषण / परमादेशसमेत, परमानन्द यादव वि. निजामती किताबखाना, हरिहरभवन, ललितपुरसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

### ३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७५-CR-१७२९, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. पूजा मगरसमेत*

प्रतिवादीहरू पूजा मगर र रमेश कमरले जाहेरवालालाई वैदेशिक रोजगारीका लागी अजरबैजान पठाइदिन्छु भनी रू.११,९०,०००।– (एघार लाख नब्बे हजार रूपैयाँ) लिई वैदेशिक रोजगारीका लागी नपठाएको भन्ने जाहेरी दरखास्त भएकोमा जाहेरवाला सुमन कार्कीले न्यायाधिकरणसमक्ष उपस्थित भई बकपत्र गर्दा मेरो बुबा धनबहादुर कार्कीले प्रतिवादी रमेश कमरलाई गाडी खरिद गर्नका लागि सापटीबापत रू.११,९०,०००।– (एघार लाख नब्बे हजार रूपैयाँ) आई.एम.ई. मार्फत दिएको हो, वैदेशिक रोजगारको लागि होइन, रकम दिएको प्रमाण स्वरूप आई.एम.ई. को रसिद मिसिल संलग्न छ, उक्त रकम समयमै फिर्ता नगरेकोले बाध्य भई जाहेरी दिएको हुँ, वैदेशिक रोजगारका लागि रकम दिएको होइन भनी बकपत्र गरिदिएको देखिन्छ । प्रमाण स्वरूप पेस भएका आई.एम.ई. रसिदहरूमा के, कुन कामका लागि रकम पठाएको हो स्पष्ट प्रयोजन खुलेको देखिँदैन । प्रतिवादीमध्येका रमेश कमरले वैदेशिक रोजगार न्यायाधीकरणसमक्ष बयान गर्दा जाहेरवालासँग लेनदेन कारोबारका लागि ऋण लिएको हो, वैदेशिक रोजगारसम्बन्धी कारोबार होइन भनी कसुरमा इन्कार रही बयान गरेको पाइन्छ । प्रतिवादीको उक्त बयान जाहेरवालाको बकपत्रबाट पुष्टि भइरहेको छ । प्रतिवादीहरूउपरको कसुर प्रमाणित हुने कुनै लिखत प्रमाणसमेत मिसिल संलग्न नभएको ।

तसर्थ, प्रतिवादीहरू पूजा मगर र रमेश कमरले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसुर गरेको पुष्टि हुनसकेको नदेखिँदा प्रतिवादीहरू पूजा मगर र रमेश कमरले अभियोग दाबीबाट सफाइ पाउने र वादी नेपाल सरकारको दाबी पुग्न नसक्ने गरी वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट मिति २०७५।४।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः भेषराज भट्टराई

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७८ साल असार १० गते रोज ५ शुभम् ।

### ४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७६-CR-०६२४, विष खुवाई कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. जौकला भन्ने शर्मिला बुढा*

प्रतिवादी जौकला भन्ने शर्मिला बुढालाई अभियोग दाबीबाट सफाइ दिने गरी उच्च अदालत सुर्खेतबाट भएको फैसला मिलेको छ, छैन भन्ने अन्तिम प्रश्नतर्फ विचार गर्दा, प्रतिवादी उपर विष खुवाई कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योगको अभियोग लगाइएको अवस्था छ । कुनै पनि कसुरको सम्बन्धमा कसैलाई अभियुक्त बनाई अभियोग पेस गर्दा अभियोग लगाउने पक्षले निज अभियुक्तउपर दाबी लिइएको अभियोग पुष्टि हुनसक्ने गरी प्रमाण पेस गर्न जरूरी हुन्छ । यसै सन्दर्भमा, "अभियोग दाबी लगाउनु र अभियोग स्थापित हुनु अलगअलग कुरा हुन् । फौजदारी कसुरअन्तर्गत अभियोग दाबी लिँदा सो दाबीलाई पुष्टि गर्ने यथेष्ट प्रमाणहरूको विद्यमानता हुनु अनिवार्य हुने" भनी न्यायिक सिद्धान्तसमेत प्रतिपादन भएको छ । प्रस्तुत मुद्दामा वादी पक्षबाट प्रतिवादीउपर

कर्तव्य ज्यान वा ज्यान मार्ने उद्योगको कसुर गरेको देखिने कुनै पनि वस्तुगत प्रमाण पेस हुन सकेको छैन। मृतक भावना बुढाले दुर्घटनावश चाउमिनमा विष हाल्न पुगी सो चाउमिन अन्जानवश प्रतिवादीलगायतले सेवन गर्दा भावना बुढाको मृत्यु हुन पुगेको र प्रतिवादी तथा निजको छोरा भुपेन्द्र बुढाको भने उपचारको कारण ज्यान बच्न गएको अवस्था छ। उक्त वारदातमा स्वयं प्रतिवादी पनि विष मिसिएको चाउमिन खाई बेहोस भई औषधी उपचार भई बाच्न पुगी निजसमेत पीडित हुन पुगेको देखिन्छ। प्रतिवादीले नै विष हाली चाउमिन बनाई आफूले पनि खाई छोराछोरीलाई समेत खान दिएको भन्ने वस्तुगत प्रमाण नभएको।

सामान्यतः दुर्घटित आत्महत्याको वारदातमा स्वयं पीडितकै एकल कारणले दुर्घटना घट्न जाने र निजको मृत्यु हुने हुँदा यसप्रकारको घटना विरूद्ध कसैलाई कसुरदार कायम गर्न नसकिने हुन्छ। अर्कोतर्फ प्रस्तुत मुद्दामा प्रतिवादी स्वयं पीडित रहेकी छन्। मान्छेलाई आफ्नो सन्तान सबैभन्दा प्रिय कुरा हुन्छ। आफ्नो सन्तान गुमाउनुको पीडा अरू पीडासँग तुलना नै गर्न नसकिने हुन्छ। सामान्यतः कसैले आफ्नो सन्तानको अहित र समाप्ति चाहन्छ भनी कल्पना नै गर्न सकिँदैन। यसै सन्दर्भमा,एउटा बच्चाको लागि आफ्नो जन्म दिने आमाभन्दा नजिकको संरक्षक अरू कोही हुन सक्दैन, त्यसैले प्रथम तथा प्राकृतिक संरक्षक आमा नै हो। जन्म दिने आमाले आफ्नो बच्चाको सन्दर्भमा अहित हुने किसिमको कुनै कार्य गर्छ भनी सहज स्विकार्न मात्र होइन कल्पनासम्म पनि गर्न नसकिने"

"जन्म दिने आमाले आफ्नो छोराछोरीको सधैँ हित नै चिताएको हुन्छ। छोराछोरीको हत्या गर्ने जस्तो गम्भीर अपराध गर्ने मनसाय कुनै पनि आमासँग रहँदैन..."

भनी न्यायिक सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ। यसरी प्रतिवादीले कसुर गरेको भन्ने तथ्यमा नै शंका रहिरहेको अवस्थामा विनाठोसप्रमाण आमा (प्रतिवादी) लाई आफ्नै सन्तानको ज्यानसम्बन्धीको कसुरमा कसुरदार ठहर गर्नु न्यायसम्मत हुँदैन। जबसम्म अभियुक्त निर्दोष त छैनन् भन्ने कुनै पनि शंका कायम रहिरहन्छ तबसम्म फौजदारी कसुरमा अभियुक्तलाई कसुरदार ठहर गर्नु न्यायसम्मत नहुने।

अतः प्रतिवादी जौकला भन्ने शर्मिला बुढाउपरको अभियोग शंकारहित तवरले पुष्टि हुन सकेको नदेखिँदा, निज प्रतिवादीलाई तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(२) नं. बमोजिम जन्म कैदको सजाय गर्ने गरी सुरू दैलेख जिल्ला अदालतबाट मिति २०७५।११।१२ मा भएको फैसलालाई उल्टी गरी निज प्रतिवादीले अभियोगबाट सफाइ पाउने ठहर गरी उच्च अदालत सुर्खेतबाट मिति २०७६।०३।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: वसन्त प्रसाद मैनाली
कम्प्युटर: राधिका घोरासाइने
इति संवत् २०७७ साल आषाढ ५ गते रोज ६ शुभम्।

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७५-CR-१२६८, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. श्वेता सिंह सुनार*

मिसिल संलग्न मिति २०७४।२।६ को लिखत हेर्दा सो लिखतमा जाहेरवालासँग प्रतिवादी श्वेता सिंह सुनारले रू.८,६०,०००।– रकम लिई वैदेशिक रोजगारका लागि उज्वेकिस्तान मुलुक पठाइदिन्छु भनी कागज गरेको देखिन्छ। प्रतिवादीउपर वैदेशिक रोजगार न्यायाधिरकणमा दाबी लिइँदा प्रतिवादीले वादीलाई गरीदिएको कागजबमोजिमको रू.८,६०,०००।– र हातहातैमा बुझिलिएको रू २,९५,०००। समेत जम्मा रू.११,५५,०००। प्रतिवादीबाट वादीलाई दिलाई भराइपाउँ भन्ने दाबी भएको पाइन्छ। जाहेरवालाले जाहेरीमा प्रतिवादीले मलाई वैदेशिक रोजगारीका लागि उज्वेकिस्तान पठाइदिन्छु भनी रू.८,६०,०००।– बुझी लिई लिखत गरिदिएको, सो लिखत प्रतिवादीले वैदेशिक रोजगार विभागमा हेरी बयान गर्दा रू.३,२०,०००।– मात्र लिइ रू.८,६०,०००।– को कागज गरिदिएको भनी लेखाएको पाइन्छ भने वैदेशिक रोजगार

न्यायाधिकरणमा बयान गर्दा रू.३,००,०००।– बच्चा बिरामी हुँदा सापटीको रूपमा लिएको मैले कसैलाई वैदेशिक रोजगारीका लागि विदेश पठाउने भनी रकम लिएको छैन भनी लेखाइदिएकी छन् । मिति २०७४।२।६ को लिखत हेर्दा रू.८,६०,०००।– रकम लिएको भन्ने जनिएको छ। बिनालिखत र अन्य भरपर्दो प्रमाण बिना मौखिक रूपमा थप रू२,९५,०००।– समेत प्रतिवादीलाई दिएको भन्ने जाहेरी दरखास्तबाहेक अन्य कुराबाट प्रमाणित भएको पाइँदैन। रकम हातमा बुझेको भन्ने कुनै पुष्टि हुने लिखत प्रमाण नभएको र जाहेरीमा उल्लेख भएकै आधारमा मात्र प्रतिवादीलाई बढी बिगोको Criminal liability वहन गराई बिगो भराउनु, हर्जानाबापतको रकम भराउनु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जाने हुँदा नेपाल सरकारको पुनरावेदन पत्रमा प्रतिवादीबाट जाहेरवालालाई अभियोग दाबीबमोजिमको रू २,९५,०००।– समेत दिलाइ भराइपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः प्रतिवादी श्वेता सिंह सुनारले अभियोग दाबीबमोजिम वैदेशिक रोजगार न्यायाधिकरण ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर गरेको ठहर गरी ऐ ऐनको दफा ४३ बमोजिम १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।– जरिवाना हुने र जाहेरवालाले प्रतिवादीबाट बिगो रू.८,६०,०००।– र सोको ५०%ले हुने हर्जाना रू.४,३०,०००।– समेत जम्मा रू.१२,९०,०००।– भराइपाउने ठहरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।६।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः भेषराज भट्टराई

कम्प्युटर: देवीमाया खतिवडा (देबिना)

इति संवत् २०७८ साल असार १० गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७१-RB-००६०, अल्पसंख्यक सेयरधनीको हक संरक्षण गरिपाऊँ, निर्मलकुमार रिजाल वि. सूर्यबहादुर के.सी.समेत*

वादीले मिति २०६३।१२।२७ को निर्णयबाट आफ्नो हक हितमा प्रतिकूल असर परेको भए त्यस्तो निर्णयलाई समयमा नै चुनौती दिई उक्त निर्णय गर्ने बहुसंख्यक सेयरधनीहरूउपर कारबाहीको माग गर्न सक्नुपर्नेमा फिरादी निर्मलकुमार रिजालले आफूउपर यस मुद्दाका प्रतिवादीहरूबाट सोही कम्पनीको रकम हिनामिना गरेको भन्नेसमेत विषयमा फिराद परेपछि मात्र प्रस्तुत फिरादपत्र पर्न आएको अवस्था देखिँदा निजको फिराद सफाहात (Clean hand) लिई आएको देखिएन। कम्पनीको नोक्सानी बिगो भराइपाउँ भनी दाबी रहेको मुद्दामा यिनै वादीले ३ करोड रूपैयाँ कम्पनीलाई भुक्तान गरी वादी र प्रतिवादीकोबिच यस अदालतमा मिति २०७६।०५।०४ मा मिलापत्र भइसकेको देखिँदा अब प्रस्तुत मुद्दाको औचित्य प्रयोजन पनि रहेको पाइएन । बहुसंख्यक सेयरधनीहरूबाट भए गरिएको निर्णयबाट आफ्नो हक अधिकारमा के कसरी प्रतिकूल असर पुग्न गएको हो भन्ने कुरा खुलाउन सकेकोसमेत नदेखिएको हुँदा गोश्वारा रूपमा कम्पनी ऐनका विविध प्रावधान उल्लेख गरी लिएको फिरादीको दाबी तथ्ययुक्त किसिमबाट पुष्टि हुन सकेको पाइएन। यस्तो गोश्वारा मागदाबीको आधारमा वादी दाबीबमोजिमको उपचार प्रदान हुन सक्ने अवस्था नहुने भनी वादी दाबी नपुग्ने ठहराएको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला अन्यथा देखिन आएन। वादी दाबी पुग्न नसक्ने ठहराएको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७०।०९।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत :- इन्द्रबहादुर कठायत

कम्प्युटर: राधिका घोरासाइने

इति संवत २०७८ साल चैत १४ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७१–CR-०४२१, ०७१–CR-०४२२, जबरजस्ती करणी उद्योग, शिवराज आचार्य वि. नेपाल सरकार, देवराज साँखी वि. नेपाल सरकार*

मिति २०६९।५।१८ को वारदातलाई लिएर प्रतिवादीहरूले इन्कारी बयान गरेको र जाहेरवालीहरूप्रति आफूहरूले कुनै यौनजन्य दुर्व्यवहार नगरेको भनी जिकिर लिएको भए तापनि निजहरूले मौकामा र अदालतसमक्ष बयान गर्दा फरक फरक तथ्य राखेका छन्। वारदात मिति २०६९।५।१८ लाई लिएर प्रतिवादीहरू र निजहरूकै तर्फका साक्षीहरूको भनाइ एकआपसमा बाझिई विरोधाभाषपूर्ण रहेको छ भने अर्कोतिर पीडित जाहेरवालीहरू एवं निजका सहपाठीहरूले यी प्रतिवादीहरूउपर किटानी रूपमा दोषी देखाई बयान बकपत्र गरिदिएका छन् । यस्तो परिप्रेक्ष्यमा यी प्रतिवादीहरूले जाहेरवालीहरूलाई यौन दुर्व्यवहार नगरेको, आफूहरू निर्दोष रहेको भन्ने प्रतिवादीहरूको जिकिर स्वीकारयोग्य मान्न सकिने अवस्था नदेखिने।

तसर्थः माथि सुरु चितवन जिल्ला अदालतबाट प्रतिवादीहरूलाई जबरजस्ती करणीको उद्योगको कसुरबाट सफाइ दिने गरी भएको फैसला केही उल्टी गरी प्रस्तुत वारदात आशय करणीको वारदातमा परिणत गरिदिने ठहर गरी भएको पुनरावेदन अदालत हेटौँडाको मिति २०७०।११।१२ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः कल्याण खड्का

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७९ साल वैशाख ११ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७६-WO-०१०२, उत्प्रेषणसमेत, अशोक श्रेष्ठसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को, काठमाडौंसमेत*

मिति २०२१।११।११ को सूचनाबमोजिम सडकको मध्यबिन्दुबाट २५।२५ गजभित्रको जग्गाको हकमा अब आएर क्षतिपूर्ति पाउन सक्ने अवस्था रहन्छ भनी मान्नुपर्ने देखिन आउँछ। उक्त ऐनअन्तर्गत राजमार्ग क्षेत्र घोषित भइसकेका पुराना राजमार्गहरूमा पर्ने जग्गामा अब आएर क्षतिपूर्तिको दाबी लाग्दछ भन्दा व्यावहारिक पनि हुँदैन । तथापि कसैको बसोबाँस घर नै परी वा जग्गाको पचास प्रतिशतभन्दा बढी जग्गा राजमार्गमा परी तत्कालदेखि नै क्षतिपूर्तिका लागि प्रयासरत रहिरहेको अवस्था देखिएमा भने समन्यायको दृष्टिकोणबाट पनि निजले यथोचित क्षतिपूर्ति पाउन सक्ने कुरालाई उल्लिखित दफा ५ को प्रावधानले स्वीकारै गरेको पाइन्छ । प्रस्तुत निवेदनमा निवेदकहरूले आफूहरूले तत्कालीन राजमार्ग (निर्माण व्यवस्था) ऐन, २०२१ को दफा ५ बमोजिम २५ गजभित्रै पर्ने गरी आफ्नो घर परेको वा ५० प्रतिशतभन्दा बढी जग्गा परेको भनी दाबी गर्न सकेको देखिँदैन। निज निवेदकहरूले दाबीको सम्पत्ति सोही ऐनबमोजिम तत्कालीन सरकारले प्राप्ति गर्न भनी सूचना भएदेखि नै मुआब्जा क्षतिपूर्तिको लागि प्रयास गरिरहेको भनी खुलाउन सकेको अवस्था पनि देखिँदैन यस अवस्थामा त्रिभुवन राजपथको केन्द्रबाट दायाँबायाँ २५।२५ गजभित्र पर्ने घरजग्गाको सम्बन्धमा उक्त ऐन लागु रहेकै अवस्थामा मुआब्जालगायत क्षतिपूर्ति प्राप्त भइसकेको भनी मान्नुपर्ने देखिन्छ । यसै सम्बन्धमा, "...मिति २०२१।११।११ को सूचनाबमोजिम सडकको मध्यबिन्दुबाट २५।२५ गजभित्रको जग्गाको हकमा तत्कालीन कानूनी व्यवस्था अनुसार सोही बखत क्षतिपूर्ति प्राप्त भैसकेको मान्नुपर्ने..." भनी वासुदेव श्रेष्ठसमेत वि. डिभिजन सडक कार्यालय, हेटौंडा, मकवानपुरसमेत भएको ०७३-WO-०८७१ को उत्प्रेषणसमेतको रिट निवेदनमा मिति २०७८।०८।२० मा आदेशसमेत भएको पाइन्छ। तसर्थ, दाबीको घरजग्गा त्रिभुवन राजपथको केन्द्रबिन्दुबाट २५ गजभित्रै परेको हद सम्ममा यी रिट निवेदकहरूले अब आएर कुनै क्षतिपूर्ति पाउने अवस्थाको विद्यमानता नदेखिने।

उल्लिखित सडकको केन्द्र रेखादेखि दायाँबायाँ २५।२५ गजभन्दा पनि बाहिरको घर जग्गाको सम्बन्धमा हेर्दा, तत्कालीन राजमार्ग (निर्माण व्यवस्था) ऐन, २०२१ अन्तर्गत मिति २०२१।११।११ मा सूचना प्रकाशित गरी राजमार्ग क्षेत्र घोषित क्षेत्रमा, सो ऐनलाई खारेज गरी जारी भएको सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ द्वारा त्यस्तो सडकको केन्द्र

रेखादेखि दायाँबायाँ ३१ मिटरमा नबढाई सडक सीमा तोक्न सक्ने अधिकार सरकारलाई प्रदान गरेको देखिन्छ। सोही दफा प्रयोग गरी तत्कालीन श्री ५ को सरकारले मिति २०३४।०३।२० को नेपाल राजपत्रमा सूचना प्रकाशित गरी त्रिभुवन राजपथ र पूर्व पश्चिम राजमार्ग (साबिक महेन्द्र राजमार्ग) को हकमा सडकको केन्द्र रेखादेखि दायाँबायाँ २५।२५ मिटर सडक सीमा तोकेको पाइन्छ। सोही दफा ४ ले अतिक्रमित सम्पत्तिको उचित क्षतिपूर्ति प्रदान गरेर मात्र सडक विस्तार गर्नुपर्ने व्यवस्था गरेको पाइन्छ। उल्लिखित ऐन निवेदकहरूको दाबीको जग्गाको हकमा आकर्षित हुने नै देखिने।

अतः रिट निवेदकहरूको दाबीको घर जग्गा त्रिभुवन राजपथको केन्द्रबिन्दुबाट २५।२५ गजभित्र परेको हद सम्ममा निजहरूको कुनै हक कायम रहेको नदेखिँदा, सडक सीमाको अतिक्रमण हटाउन भनी प्रकाशित गरिएको मिति २०७६।०३।०७ को उल्लिखित सूचनासमेत सो हदसम्म कानूनसम्मत देखिँदा केही गरिरहन परेन। अब, त्रिभुवन राजपथको केन्द्र रेखाबाट २५।२५ गजभन्दा बाहिरको फासलामा पर्ने निवेदकहरूको घर जग्गासमेत प्राप्त गर्नुपर्ने भएमा सो घर जग्गाको हकमा सम्म कानूनबमोजिमको प्रक्रिया पूरा गरी निवेदकहरूलाई उचित क्षतिपूर्ति प्रदान गरेर मात्र घर जग्गा खाली गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: वसन्त प्रसाद मैनाली
कम्प्युटर: देवीमाया खतिवडा (देबिना)
इति संवत् २०७८ साल पौष १९ गते रोज २ शुभम्।

## ९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७८-WO-०८९१, उत्प्रेषणसमेत, राजन शाक्य वि. उच्च अदालत पाटनसमेत*

रिट निवेदक र अञ्जना बज्राचार्यसमेतका बिचमा अंश मुद्दा परी अंश मुद्दा अन्तिम भई बसेको, फैसलानुसार अंशबन्डा गर्ने क्रममा भएका बन्डा मुचुल्कालगायतका प्रक्रियागत आदेशउपर पटकपटक उपल्लो तहमा निवेदन परी सुरू काम कारबाही नै सदर भई अन्तिम भई बसेको उल्लिखित मुद्दाका मिसिलहरूबाट देखिन आएको छ। कानूनको नजरमा जुन कुरा प्रत्यक्ष रूपमा सम्भव हुँदैन त्यसलाई घुमाउरो बाटो प्रयोग गरी अप्रत्यक्ष रूपमा पनि साकार गर्न मिल्ने हुँदैन। यी रिट निवेदकले प्रस्तुत रिट निवेदनमा जुन कुरा (मिति २०७८।०७।१२ को आदेश) कानूनविपरीत रहेकोले बदर गरिपाउँ भनी दाबी लिएका छन् सोही कुरा अदालतको नियमित र साधारण क्षेत्राधिकारअन्तर्गत प्रत्यक्ष रूपमा यी निवेदकले उपचार प्राप्त गरी आफ्नो दाबी जिकिर खम्बिर हुन सम्भव नभएपछि पुनः रिट क्षेत्राधिकारको बाटोबाट अप्रत्यक्ष रूपमा सोही अन्तिम भई बसेको कुराको उठान गरी प्रस्तुत रिट निवेदन पेस हुन आएको देखिन्छ। नियमित उपचारमार्फत अन्तिम भई बसेको निवेदकको मागसम्बन्धी मामलालाई रिट क्षेत्राधिकारबाट ब्युँताउन मिल्ने पनि हुँदैन भने सिद्धान्ततः पुनरावेदनको रोहमा प्रमाण बुझी निसाफ जाँचे जस्तो गरी रिटको आदेश जारी नहुने।

मिति २०७८।०७।१२ तथा मिति २०७८।१०।२५ का आदेशहरूबाट न त यी रिट निवेदकको कुनै कानूनी हक लोप गरेको देखिन्छ नत उक्त आदेशहरू अदालतबाट अन्तिम भई बसेको फैसलाको विपरीत हुने गरी आदेश भएको पाइन्छ। रिट निवेदकले उक्त आदेशहरू कार्यविधिगत रूपमा तात्त्विक महत्त्व देखिने गरी त्रुटियुक्त रहेको भनी स्पष्ट कानूनी आधार खुलाउन पनि सकेका छैनन्। अदालतको अन्तिम फैसलाबमोजिम विपक्षी अञ्जना बज्राचार्य (शाक्य) समेतको अंशभाग ठहर भइसकेको अंशभाग चलन चलाउने क्रममा यिनै रिट निवेदकसमेतले उक्त अंशभागको सम्पत्तिउपर तोडमोड, परिवर्तन गरे गराएउपर निवेदन (उजुर) परी अदालतबाट उक्त तोडमोड, परिवर्तनलाई हटाई पूर्ववत् अवस्थामा कायम गर्न उल्लिखित आदेश भएको अवस्था छ। यस अवस्थामा प्रस्तुत रिट निवेदनमा निवेदकले दाबी जिकिर लिए जस्तो मिति २०७८।०७।१२ तथा मिति

२०७८।१०।२५ का आदेशहरू कानूनविपरीत रहेको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था र स्थितिको विद्यमानता देखिन नआउने।

अतः अंश मुद्दामा अदालतबाट ठहर भएको अन्तिम फैसलाअनुसार भएको मिति २०७७।०७।२३ को बन्डा मुचुल्का अन्तिम भई बसेको र उक्त मुचुल्काबाट वादीले प्राप्त गरेको अंश हकलाई असर गर्ने गरी यिनै निवेदकसमेतबाट भएको वाल (पर्खाल) लगाउनेसमेतका कार्यलाई पुनः साबिककै अवस्थामा कायम गर्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७८।०७।१२ मा भएको आदेश र उक्त आदेशलाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७८।१०।२५ मा भएको आदेश कानूनसम्मत रहेको देखिँदा उत्प्रेषणको आदेशले उक्त आदेशहरू बदर गरिपाउँ भन्ने निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने। रिट निवेदन खारेज हुने ठहरेकोले यस अदालतमा मिति २०७८।११।११ मा जारी भएको अन्तरिम आदेश स्वतः निस्क्रिय हुने।

इजलास अधिकृत: वसन्त प्रसाद मैनाली

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७९ साल जेष्ठ ११ गते रोज ४ शुभम्।

## १०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७६-WO-७८५, उत्प्रेषणसमेत, मीना शाह वि. उच्च अदालत पाटनसमेत*

रिट निवेदक र विपक्षी सुर्य बहादुर तामाङसमेतकाबिचमा सावाँ ब्याज भराइपाउँ भन्ने मुद्दा परी मुद्दा अन्तिम भई बसेको, फैसलानुसार बिगो भराउने क्रममा भएका जायजात मुचुल्कालगायतका प्रक्रियागत आदेशउपर पटकपटक उपल्लो तहमा निवेदन परी सुरू काम कारबाही नै सदर भई अन्तिम भई बसेको देखिन आएको छ। कानूनको नजरमा जुन कुरा प्रत्यक्ष रूपमा सम्भव हुँदैन त्यसलाई घुमाउरो बाटो प्रयोग गरी अप्रत्यक्ष रूपमा पनि सकार गर्न मिल्ने हुँदैन। यी रिट निवेदकले प्रस्तुत रिट निवेदनमा जुन कुरा (मिति २०७६।०३।२५ को जायजात मुचुल्का) कानूनविपरीत रहेकोले बदर गरिपाउँ भनी दाबी जिकिर लिएका छन् सोही कुरा अदालतको नियमित र साधारण क्षेत्राधिकारअन्तर्गत प्रत्यक्ष रूपमा यी निवेदकले उपचार प्राप्त गरी आफ्नो दाबी जिकिर खम्बिर हुन सम्भव नभएपछि पुनः रिट क्षेत्राधिकारको बाटोबाट अप्रत्यक्ष रूपमा सोही अन्तिम भई बसेको कुराको उठान गरी प्रस्तुत रिट निवेदन पेस हुन आएको देखिन्छ। नियमित उपचारमार्फत अन्तिम भई बसेको निवेदकको मागसम्बन्धी मामलालाई रिट क्षेत्राधिकारबाट ब्युँताउन मिल्ने पनि हुँदैन भने सिद्धान्ततः पुनरावेदनको रोहमा प्रमाण बुझी निसाफ जाँचे जस्तो गरी रिटको आदेश जारी नहुने।

उल्लिखित जायजात मुचुल्का, मूल्याङ्कन तथा आदेशहरूबाट न त यी रिट निवेदकको कुनै कानूनी हक लोप गरेको देखिन्छ न त उक्त आदेशहरू अदालतबाट अन्तिम भई बसेको फैसलाको विपरीत हुने गरी आदेश भएको पाइन्छ। रिट निवेदकले उक्त आदेशहरू कार्यविधिगत रूपमा तात्त्विक महत्त्व देखिने गरी त्रुटियुक्त रहेको भनी स्पस्ट कानूनी आधार खुलाउन पनि सकेका छैनन्। अदालतको अन्तिम फैसलाबमोजिम बिगो भराई फैसला कार्यान्वयन गर्ने सिलसिलामा उल्लिखित जायजात मुचुल्कालगायतका आदेशहरू भएको अवस्था छ। यस अवस्थामा प्रस्तुत रिट निवेदनमा निवेदकले दाबी जिकिर लिए जस्तो उक्त जायजात मुचुल्का, मूल्याङ्कनलगायतका आदेशहरू कानून विपरीत रहेको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिन नआउने।

अतः सावाँ ब्याज भराइपाउँ भन्ने मुद्दामा सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७४।०७।३० मा र उच्च अदालत पाटनबाट मिति २०७५।०९।२४ मा भएको फैसलाबमोजिम बिगो भराइदिने सम्बन्धमा यी रिट निवेदकलाई पटकपटक बिगो रकम बुझाउन ल्याउनु भनी सूचना म्याद गई तामेलसमेत भएकोमा निजबाट बिगो भुक्तान नभएको स्थितिमा बिगो भराउनेतर्फ भएको मिति २०७६।०३।२५ को जायजात

मूल्याङ्कन मुचुल्का र सोलाई सदर गर्ने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।०७।२९ मा र उच्च अदालत पाटनबाट मिति २०७६।०९।२४ मा भएको सदर आदेशसमेत कानूनसम्मत रहेको देखिँदा उत्प्रेषणको आदेशले उक्त मुचुल्का तथा आदेशहरू बदर गरिपाउँ भन्ने निवेदकको मागबमोजिमको आदेश जारी गरिरहन पर्ने नदेखिने। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: वसन्त प्रसाद मैनाली

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७९ साल जेष्ठ ११ गते रोज ४ शुभम्।

**११**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७७-WO-०६३१, उत्प्रेषणसमेत, रामु यादव वि. उच्च अदालत जनकपुर, जनकपुरधाम प्रदेश नं. २ समेत*

प्रस्तुत रिट निवेदनमा मुख्य विपक्षी मनोजकुमार यादवका तर्फबाट कानूनका म्यादभित्र लिखित जवाफ परेको छैन। वादी निवेदक रामु यादव र विपक्षी मनोजकुमार यादवबिच लेनदेन मुद्दा परी उक्त मुद्दाको अन्तिम फैसला अनुसार फैसला कार्यान्वयनको कारबाही चलिरहेको भन्ने तथ्यमा विवाद देखिँदैन। फैसला कार्यान्वयनको सिलसिलामा रोक्का रहेका जग्गा फुकुवा गरिपाउँ भनी विपक्षीमध्येका लक्ष्मी नारायण यादवको निवेदन पर्दा सुरू अदालतबाट रोक्का फुकुवा नहुने आदेश भएको र उच्च अदालतबाट सो आदेश बदर भएको हुँदा उच्च अदालतको आदेश कानूनसम्मत छैन भनी निवेदकले जिकिर लिएको पाइन्छ। तत्सम्बन्धमा उच्च अदालत जनकपुरबाट मिति २०७७।९।३ मा भएको आदेश अध्ययन गर्दा "यसमा मिति २०७१।७।१८ को कपाली तमसुकको ऋणीको रूपमा रहेका मनोजकुमार यादव यी निवेदक लक्ष्मी नारायण यादवको छोरा रहेको र सो कपाली तमसुकको सम्बन्धमा मिति २०७३।११।१२ मा फिराद परी मिति २०७४।८।५ मा फैसला भएको देखिन्छ। यी निवेदक तथा निज मनोजकुमार यादवसमेतबिच धनुषा जिल्ला अदालतमा चलेको दे.नं. २८५२ को अंश दर्ता मुद्दामा मिति २०७३।११।१ मा मिलापत्र हुँदा निज ऋणी मनोजकुमार यादवले आफ्नो अंश भागबापत नगद रू.१,००,०००।--- बुझेको देखिए पनि सो मिलापत्रबाट निज ऋणीकी पत्नी रजनीदेवी यादवका नाममा कि.नं. १९३ को ३ भागको १ भाग जग्गासमेत गरी कि.नं. ७ र ९ को जग्गासमेत अंश भागमा परेको अवस्था छ। ऋणी मनोज यादवले सो कपाली तमसुक मार्फत् ऋण लिँदा निज रजनी यादवसमेत एकासगोलमा रही निजहरूबिच अंशबन्डा भई नसकेको स्थिति देखिन्छ। उक्त लिखित अनुसारको बिगोको दायित्व भरि भराउने कारबाहीको क्रममा सर्वप्रथम ऋणीले एकासगोलको पत्नीको नाममा रहेका जग्गाबाट बिगोको असुलीसम्बन्धी कारबाही गरी नपुग बिगो भएमा सो ऋण खादाकाबखत सगोलमा रहेका यी लक्ष्मी नारायणको नामको जग्गाबाट समेत भरी भराउने कारबाही सुरू गर्नुपर्ने हुन्छ। यस स्थितिमा ऋणी मनोजले अंशबापत रू.१ लाख मात्र नगद बुझेको भनी निज ऋणीको पत्नीको भागमासमेत अंश स्वरूप विभिन्न कित्ता जग्गा रहेको तथ्यलाई अन्देखा गरी तहाँ अदालतबाट मिति २०७६।११।६ मा भएको आदेश बेरितको देखिँदा बदर गरिदिएको छ। उल्लिखित मिलापत्रबाट निज ऋणीको पत्नीको अंश भागमा समेत विभिन्न जग्गाहरू परेको र तमसुक हुँदाका बखत निजकी पत्नी ऋणीसँग एकासगोलमा रहेको स्थितिसमेतलाई दृष्टि गरी निवेदकको निवेदन दाबीका सम्बन्धमा कानूनबमोजिम पुनः आदेश गर्नुहोला" भन्ने बेहोरा उल्लेख भएको पाइने।

अतः उच्च अदालत जनकपुरबाट मिति २०७७।०९।०३ मा भएको आदेशबाट निवेदकको मौलिक हकमा कुनै असर परेको नदेखिएको र सो आदेश गैरकानूनी नहुँदा उक्त आदेश बदर हुनुपर्दछ भन्ने निवेदकको निवेदन जिकिरसँग सहमत हुन सकिएन। रिट निवेदकको मागबमोजिमको उत्प्रेषणसमेतको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः शिवहरि पौडेल

इति संवत् २०७७ साल चैत्र १८ गते रोज ४ शुभम्।

### १२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७०-CI-१२८८, बाटो खिचोला बाटो कायम, रामेश्वर श्रेष्ठ वि. भोलानाथ भण्डारी*

साबिक मुलुकी ऐन घर बनाउने महलको २ नम्बरमा "घर बनाउँदा सडक ढल मिची बनाउन हुँदैन । मूल बाटोमा पानी खस्ने गरी डूँढ राख्न पनि हुँदैन ।" भन्ने कानूनी व्यवस्था भएको पाइन्छ । सडक निकाससमेतका सम्बन्धमा समसामयिक कानूनी व्यवस्था गर्दै मुलुकी देवानी संहिता, २०७४ को दफा ३७१ उपदफा (१) मा "कुनै जग्गामा कसैको हक स्वामित्व वा भोग चलन भए पनि परापूर्वदेखि सार्वजनिक वा सामुदायिक रूपमा हिँडी आएको बाटो, पशु निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पानीघाट, पोखरी, सार्वजनिक सडक, ढल, घोडेटो वा मूल बाटो, पाटी, पौवा, अन्त्येष्टिस्थल, मठ, मन्दिर, गुम्बा, चैत, मस्जिद, ईदगाह, कर्वला, कब्रिस्तान वा गिर्जाघर, सामुदायिक विद्यालय, अस्पताल वा त्यस्तै प्रकारका सार्वजनिक स्थल जुन प्रयोजनका लागि राखिएको हो सोहीबमोजिम सम्बन्धित व्यक्तिलाई प्रयोग गर्न दिनुपर्ने छ ।" त्यसैगरी सोही परिच्छेदको दफा ३७३ को उपदफा (१) मा "पहिले बाटोको निकास भएको घर जग्गामा पछि विपद गरी बाटो विनास भएमा त्यस्तो घर जग्गामा आउन जानको लागी पहिलेदेखि बाटो प्रयोग गरिरहेको व्यक्तिले सार्वजनिक मार्गसम्म पुग्ने मनासिब बाटोको सुविधाभार पाउने छ ।" भन्ने र सोही संहिताको परिच्छेद ८ को दफा ३७४ को उपदफा (१) मा "कसैले पनि बाटो वा निकास भएको घर वा जग्गाको कुनै भाग छुट्याई कसैलाई हस्तान्तरण गर्दा लिने दिने दुवै पक्षलाई बाटो वा निकासको व्यवस्था नगरी त्यस्तो घर वा जग्गा हस्तान्तरण गर्नु हुँदैन ।" भन्नेसमेतका प्रस्ट र समसामयिक कानूनी व्यवस्थासमेत गरेको पाइने ।

तसर्थ, मिति २०४४।२।४ मा ३ फिटे बाटो दिने भनी वादी प्रतिवादीबिच सहमति लिखत भएको, अदालतको आदेशबमोजिम अ.बं. ७८ नं. बमोजिम पुनरावेदक/प्रतिवादीले मिति २०७४।२।४ मा कागज गर्दा लिखत सद्धे हो भनी स्वीकार गरेको, प्रमाणमा प्राप्त दे.नं. ३१२३।५२३८ को मुद्दामा ३ फिटे बाटोलाई संयुक्त बाटो कायम गरिएको अवस्था रहेको, साबिक कि.नं. १३१ हाल कायम कि.नं. २०३ को जग्गाको क्षेत्रफल साबिक र हालमा यथावत् रहेकोले बाटोको लागि जग्गा दिएको भन्ने नदेखिएकोसमेतका आधार कारणबाट सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।७।७ मा वादी दाबी पुग्न नसक्ने ठहऱ्याई भएको फैसला उल्टी गरी वादी दाबीबमोजिम कि.नं. २०३ को न.नं. ११A मा पुनरावेदक/प्रतिवादीले निर्माण गरेका टहरा खिचोला मेटाई बाटो कायम हुने ठहर गरी मिति २०७०।८।२०।५ मा तत्कालीन पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेको देखिँदा सदर हुने । पुनरावेदक/प्रतिवादी रामेश्वर श्रेष्ठको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत (उपसचिव) :- निरज पोखरेल

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत २०७९ साल आषाढ २३ गते रोज ५ शुभम् ।

### १३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७६-CR-११२६, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. ध्रुव प्रसाद न्यौपाने*

पुर्ण कुमारी बुढाले प्रतिवादीलाई रकम पठाएको भनी प्रमाणको रूपमा IME रसिदहरू पेस गरिएकामा IME रसिदमा के कुन कामकालागि रकम पठाएको हो सो प्रयोजन खुलेको छैन भने सो रकम पठाएको समयमा विदेश जाने मान्छेले राहादानीसमेत पठाउनुपर्नेमा पठाएको भनी भन्नसकेको देखिँदैन । जाहेरवालाले पठाएको सो रू.३,००,०००/- प्रतिवादीले लिएको कुरा स्वीकार गरेका छन् तर सो रकम मैले निजलाई वैदेशिक रोजगारीमा पठाउन लिएको नभई विकास ढकालसँग मैले पैसा लिनु थियो, मैले पैसा मागेकोले विकाशले बरूना बुढा र जित बहादुर रोकाबाट लिनु भनी मलाई खबर गरेकोले उनीहरूले मेरो बैंक खातामा IME गरी मलाई पठाइदिएका हुन् । सो रकम सम्बन्धमा उच्च अदालत पाटनमा यिनै जाहेरवालाको

जाहेरीमा चेक अनादर गरेको भनी बैंङकिङ कसुरमा मुद्दा चलिरहेको छ । म वैदेशिक रोजगार सम्बन्धमा कुनै काम गर्दिनँ र गरेको पनि छैन । स्वदेश तथा विदेश स्थित शिक्षण संस्थामा अध्ययन गर्न चाहने विधार्थीका सम्बन्धमा शैक्षिक परामर्श सेवा दिने काम गर्दछु । मैले कसैलाई वैदेशिक रोजगारमा पठाउने भनी रकम र पासपोर्ट लिएखाएको छैन भन्नेसमेत बेहोराको प्रतिवादी ध्रुव प्रसाद न्यौपानेले अनुसन्धान अधिकारी तथा वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । चेक अनादरको बैंकिङ् कसुर मुद्दामा जाहेरी दिँदा बरूना बुढाले भिजिट भिषाको लागी रकम दिएको भनी उल्लेख गरेकी छन् । वैदेशिक रोजगारका लागि पुष्टि हुने अन्य कुनै ठोस प्रमाण वादी पक्षले पेस गर्न सकेको पनि नदेखिने ।

तसर्थ, प्रतिवादी ध्रुव प्रसाद न्यौपानेले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसुर गरेको पुष्टि हुन सकेको नदेखिँदा प्रतिवादी ध्रुव प्रसाद न्यौपानेले अभियोग दाबीबाट सफाइ पाउने र वादी नेपाल सरकारको दाबी पुग्न नसक्ने गरी वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट मिति २०७६/०३/२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः दिब्यराज घिमिरे

कम्प्युटर: देवीमाया खतिवडा (देबिना)

इति संवत् २०७८ साल असार १४ गते रोज २ शुभम् ।

**१४**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७५-CR-२५२०, वैदेशिक रोजगार, नेपाल सरकार वि. विनोद बुढ थापा भन्ने विनोद बुड थापा*

वैदेशिक रोजगार सम्बन्धित मुद्दा नेपाल सरकार वादी हुने भए पनि वैदेशिक रोजगारका सिलसिलामा पीडित र आरोपितबिच रकम लिनुदिनु हुने गरेको देखिँदा यसरी दुनियाको बिगो समावेस हुने भएकाले प्रतिवादीले कैद सजाय र हर्जानाका अतिरिक्त देवानी दायित्वसमेत बेहोर्नुपर्ने हुन्छ । यसरी दुनियाँको बिगो समावेश हुने भएकै कारण मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७(२) मा "वैदेशिक रोजगारीसम्बन्धी मुद्दामा प्रतिवादी र पीडित दुवै पक्षले मिलापत्र गराइपाउँ भनी सम्बन्धित सरकारी वकिलसमक्ष दिएको निवेदनउपर कारबाही हुँदा त्यस्तो बेहोरा मनासिब लागेमा महान्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्ने छ" भन्ने पनि व्यवस्था भएको पाइन्छ । तसर्थ यस प्रकृतिका मुद्दामा दुनियाको बिगो भराइदिने कानूनी व्यवस्थाले सर्वसाधारणको सम्पत्तिको संरक्षण गर्ने मनसाय पनि सन्निहीत रहेको देखिन्छ । तसर्थ अनुसन्धान अभियोजन तथा न्याय निरोपणका सन्दर्भमा पीडित तथा जाहेरवाला पक्षको उपस्थिति र सहयोगको अपेक्षासहित निजको भूमिकालाई जिम्मेवारपूर्ण बनाएको पनि देखिन्छ । वैदेशिक रोजगारका सिलसिलामा खडा भएका लिखत परीक्षणका सन्दर्भमा काबुबाहिरको परिस्थितिमा वा अन्य जटिल अवस्थामा बाहेक जाहेरवालाले न्यायिक प्रक्रियामा सघाउ पुऱ्याउनु निजको दायित्व पनि हुने ।

अतः मिसिल संलग्न मिति २०७४।०२।१८ को वैदेशिक रोजगारमा पठाइदिने भनी भएको सक्कल लिखतको विश्वसनीयता पुष्टि हुन आएको देखिएन । बरू प्रतिवादी र सो वैदेशिक रोजगारीको लागि कागज भएको भनी भनिएको लिखतको साक्षी सत्य खड्कासँग जग्गा तह-तह हस्तान्तरण हुँदै प्रतिवादीको नाउँमा राजीनामाबाट आएको देखिएको तथा सो जग्गा सहकारी संस्थामा धितो राखी प्रतिवादीले ऋण कर्जा लिएकोसमेत देखिएको छ । सत्य खड्का र प्रतिवादीकोबिचमा पटक-पटक लेनदेनका कागजहरू, प्रतिवादीबाट रकम बुझेको भर्पाईहरू रहेको हुँदा प्रतिवादीहरूले वास्तवमा वैदेशिक रोजगारसम्बन्धी कसुर गरेको पुष्टि हुन आएन । अभियोग दाबीबाट प्रतिवादीले सफाइ पाउने ठहरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।९।२२ मा भएको

फैसला मिलेकै देखिँदा सदर हुने । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७८ साल माघ १० गते रोज २ शुभम्।

**१५**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी,** *०७५-CR-०८८९, वैदेशिक रोजगार कसुर, विद्या सरकार थपलिया वि. नेपाल सरकार*

प्रतिवादी र जाहेरवालाबिच मिति २०७३।०४।११ मा वैदेशिक रोजगारका लागि जर्मन पठाइदिने गरी रू.११,००,०००।– को कागज भएको र प्रतिवादी वैदेशिक रोजगार व्यवसायीको इजाजत नभएकी व्यक्ति भएकोमा कुनै विवाद रहेन। जहाँसम्म उक्त लिखत घरसारको लेनदेन बेहोराबापतको हो र आफ्नो पारिवारिक सम्बन्ध राम्रो नभएका कारण आफ्नै पति तथा सासू ससुरालगायतका व्यक्तिले फसाउने नियतले साक्षीसमेत बसी कागज गरेका र रकमसमेत निजहरूले नै बुझेको भन्ने पुनरावेदन जिकिर छ सो सम्बन्धमा हेर्दा प्रतिवादीले आफ्नो खातामा रकम आएको कुरा स्वीकार गरेकै देखिन्छ । तर सो रकम आफ्नो चेक प्रयोग गरी आफ्नो पति र ससुराले बुझेको भन्ने जिकिरतर्फ हेर्दा प्रतिवादी स्वयम् नबिल बैंकमा उपस्थित भई सो खातामा जम्मा भएको रकम निकालेको भनी नबिल बैंकबाट ४०/६PS-rp१/११६/२०७४/७५ मिति १६ October २०१७ को पत्रसाथ संलग्न निज प्रतिवादीकै नाउँको २१/०३/२०७३ को रू.४,५०,०००।- २२/०३/२०७३ को रू.१,००,०००।-, २४/०३/२०७३ को रू.३,००,०००।– समेतका चेकहरू निज स्वयं बैंकमा उपस्थित भई नगदै बुझिलिएको देखिँदा निज प्रतिवादीको सो जिकिर पुष्टि हुन नआउने।

प्रतिवादीले वैदेशिक रोजगारको लिखतसमेत गरी जाहेरवालाबाट आफ्नो खातामा रकम जम्मा गर्न लगाई आफैँ सो खाताबाट रकम निकाली लिखतबमोजिम जाहेरवालालाई विदेश पनि नपठाएको र रकम पनि फिर्ता नगरी अभियोग दाबीबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको वैदेशिक रोजगार कसुर गरेको पुष्टि हुन आएको छ। अतः प्रतिवादी विद्या सरकार थपलियालाई अभियोग दाबीबमोजिम बैदेशिक रोजगार कसुरमा सोही दफा ४३ बमोजिम १ (एक) वर्ष ६ (छ) महिना कैद र रू.१,५०,०००।– (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने तथा जाहेरवालाले दाबीबमोजिमको बिगो र हर्जाना प्रतिवादीबाट भरिपाउने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७४।१०।०७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः भेषराज भट्टराई

कम्प्युटर - राधिका घोरासाइने

इति संवत् २०७८ साल फागुन १८ गते रोज ४ शुभम्।

**१६**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७५-CR-०१९९, लागु औषध, नेपाल सरकार वि. ठाकुर हजामसमेत*

लागु औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम प्रतिबन्धित रूपमा रहेको गाँजा ओसारपसार गर्ने कार्यमा प्रतिवादी अदालत ठाकुरको कार्य सहप्रतिवादी कन्हैया यादवको बयान र निज प्रतिवादी अदालत ठाकुर हजामको बयानसमेतबाट मतियारसम्म रहेको भन्ने देखिन्छ। मतियारलाई सोही ऐनको दफा १७ बमोजिम मुख्य अभियुक्तलाई हुने सजायको आधा सजाय हुने व्यवस्था गरेको देखिन्छ। बरामदी मुचुल्कामा उल्लेख भएबमोजिमको सवारी साधन निज अदालत ठाकुरको नभएको, सवारी चालकका रूपमा निज प्रतिवादी रहेको नदेखिएको तथा रू.२,०००।– पाउने लोभमा परी दाबीको कसुरमा मतियारको कसुर गरेको भन्ने प्रतिवादीहरूको बयानसमेतबाट पुष्टि भइरहेको देखिँदा निज प्रतिवादी अदालत ठाकुर मुख्य अभियुक्त नै हो भनी मान्न सकिने अवस्था रहेन। निज प्रतिवादीलाई मुख्य अभियुक्तसरहको सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन

सकिएन । तसर्थ निज प्रतिवादी अदालत ठाकुरलाई मतियारमा सजाय गर्ने गरी भएको सुरूको फैसलालाई सदर गर्ने गरेको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको फैसला मिलेकै देखिने ।

अतः प्रतिवादीमध्येका अदालत ठाकुर हजामलाई मुख्य अभियुक्तलाई हुने सजायको आधा सजाय १ वर्ष कैद र रू.७,५००।- जरिवाना हुने र बरामद भएको मोबाइल जफत नहुने गरी भएको सुरू पर्सा जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत, जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७४।०३।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः भेषराज भट्टराई

कम्प्युटरः राधिका घोरासाइने

इति संवत् २०७९ साल असार २८ गते रोज ३ शुभम् ।

## इजलास नं. ३

### १७

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री प्रकाशमान सिंह राउत,** *०७६-WO-०९२५, उत्प्रेषणसमेत, गणेशबहादुर मलासी वि. जिल्ला डोटी के.आई.सिंह गाउँपालिकाको कार्यालय, डोटीसमेत*

निवेदकले आफू निर्माण व्यवसायी भएको र सार्वजनिक खरिद अनुगमन कार्यालयले आफ्नो निर्माण कम्पनीलाई कालोसूचीमा राख्ने गरी गरेको निर्णयले आफ्नो पेसा रोजगार गर्न पाउने हक हनन् भएको हुँदा उक्त निर्णय बदर गराई माग्न प्रस्तुत निवेदन दिएको देखिन्छ । सार्वजनिक खरिद तथा अनुगमन कार्यालयको मिति २०७६।११।२३ मा भएको निर्णयको प्रतिलिपि हेर्दा खरिदसम्बन्धी बोलपत्रमा सहभागी भएर आफ्नो नामको बोलपत्र स्वीकृत भएपछि तोकिएको समयावधिभित्र सम्झौता गर्न नआएको भन्ने आधारमा यी निवेदकले सञ्चालन गरेको उन्नति निर्माण सेवालाई १ वर्षको लागि कालोसूचीमा राख्ने गरी निर्णय भएको देखियो । प्रस्तुत रिट निवेदनमा आज फैसला हुँदा निवेदकलाई कालोसूचीमा राखेको अवधि व्यतीत् भइसकेको देखिन्छ । कालोसूचीमा राखेको अवधि व्यतीत् भइसकेको अवस्थामा निजले स्वतः पूर्ववत् रूपमा ठेक्कापट्टालगायतका काम गर्न पाउने नै हुन्छ । यसरी निवेदकलाई कालोसूचीमा राखेको अवधि व्यतीत् भई रिट निवेदनको औचित्य नै समाप्त भइसकेको अवस्थामा निवेदकले निवेदनमा उठाएका अन्य विषयवस्तुमा प्रवेश गरिरहनु नपर्ने भई प्रस्तुत रिट निवेदन खारेज हुने । यस अदालतबाट मिति २०७७।०३।११ मा जारी भएको अन्तरिम आदेशसमेत स्वतः निस्क्रिय हुने ।

इजलास अधिकृत: लालबहादुर कार्की / विनिता भारती

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल चैत्र १४ गते रोज २ शुभम् ।

### १८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७३-WO-०११२, उत्प्रेषण, ज्ञानेन्द्रराज आरणसमेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

निवेदकहरूले निवेदक अधिवक्ता विश्वास आचार्यसमेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट नं.०६९-WO-२०४१ मा यस अदालतको संयुक्त इजलासले मिति २०७०।१।१३ मा जारी गरेको आदेशमा व्याख्या भएको सिद्धान्तको विरूद्ध नेपाल सरकारले लडाकुहरूको लागि रकम विनियोजन गऱ्यो भन्ने जिकिर लिएको सन्दर्भमा हेर्दा, उक्त आदेशमा 'जनताले तिरेको कर वा अन्य कुनै प्रकारबाट राज्यकोषमा दाखिला भएको रकम ऐनद्वारा व्यवस्था गरिएमा बाहेक कुनै निर्णय वा निर्देशिका वा अन्य कुनै तरिकाबाट कुनै प्रयोजनका लागि सञ्चित कोषबाट झिक्नु वा खर्च गर्नु संविधान प्रतिकूल हुने' भनी व्याख्या भएको पाइयो । त्यस आदेशमा भएको उपर्युक्तानुसारको व्याख्याकै रोहमा हेर्ने हो भने पनि यस मुद्दामा आर्थिक वर्ष ०७३।०७४ को व्यवस्थापिका-संसद्मा प्रस्तुत बजेट बक्तव्यमा अयोग्य

लडाकुलाई रकम उपलब्ध गराउने गरी बजेट व्यवस्था गरिएको र उक्त बजेट व्यवस्थापिका-संसद्बाट पारित भई विनियोजन ऐन, २०७३ मा समावेश गरी कानूनी रूप धारण गरेको अवस्था रहेकोले नेपाल सरकारको तत्सम्बन्धी काम कारबाहीलाई अन्यथा भन्न मिलेन।

तसर्थ, उपर्युक्त आधार र कारणहरूबाट व्यवस्थापिका-संसद्मा पेस गरिएको आर्थिक वर्ष २०७३।०७४ को बजेटको बुँदा नं.१९, बजेटमा भएको व्यवस्थालाई कार्यान्वयनमा ल्याउने प्रयोजनले व्यवस्थापिका-संसद्मा प्रस्तुत गरिएको विधेयक मिति २०७३।४।१ गतेदेखि लागु हुने गरी मिति २०७३।३।३० मा प्रमाणीकरण भई विनियोजन ऐन, २०७३ अन्तर्गत लडाकुहरूलाई जनही दुई लाख रूपैयाँ दिने गरी भएको व्यवस्था संविधान तथा कानूनविपरीत नदेखिएकोले निवेदकको मागबमोजिम उत्प्रेषणको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने। प्रस्तुत रिट निवेदन खारेज हुने। तर रिट निवेदन खारेज भए पनि शान्ति प्रक्रिया र विशेषत: सत्य, न्याय र मेलमिलापसम्बन्धी लक्ष्य नेपालको संविधानमा उल्लेख भएझैँ "अग्रगामी परिवर्तनका लागि जनताले गर्दै आएको त्याग र बलिदानको स्मरण गर्दै" शहीदहरू तथा बेपत्ता तथा पीडित नागरिकहरूको सम्मानसहित उनीहरूको हित सम्बर्द्धनको कार्य बाँकी नै रहेको हुँदा रिट निवेदकहरू द्वन्द्वबाट पीडित र प्रभावित व्यक्ति देखिँदा निजहरूले आफूलाई मर्का परेको विषयमा निवेदन दिएमा मागलाई प्रभावकारी रूपमा सम्बोधन गर्नु भनी विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको।

इजलास अधिकृत: दीपशिखा मुनाकमी
कम्प्युटर: रेखा भट्टराई
इति संवत् २०७८ साल फागुन १ रोज १ शुभम्।

**१९**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७६-WO-११११, ०७७-FN-०५४३, उत्प्रेषण, आशिष पौडेल वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरसमेत*

मिसिल अध्ययन गरी हेर्दा, काठमाडौं, विराटनगर, पोखरा, भरतपुर, महेन्द्रनगर परीक्षा केन्द्र कायम भई मिति २०७५।९।२९ मा सञ्चालित Quantum Mechaniscs I (Physics ५०३) विषयको परीक्षाका कुल ७८ परीक्षार्थीमध्ये जम्मा ४० जना परीक्षामा सहभागी भएको, सोमध्ये २७ जना उत्तीर्ण र १३ जना अनुत्तीर्ण भएको देखिन्छ। निवेदकसहित जम्मा २२ जना परीक्षार्थीहरूले पाठ्यक्रमबाहिरबाट प्रश्न सोधिएको भनी परीक्षा रद्द गरी पुनः परीक्षाको माग गर्दै मिति २०७५।१०।६ मा निवेदन दर्ता गरेबमोजिम शिक्षाध्यक्षद्वारा मिति २०७६।१।१७ मा छानबिन समिति गठन भएको देखिन्छ। त्रिभुवन विश्वविद्यालयका सेवा निवृत्त प्राध्यापक श्री सीताराम प्रसाद व्याहुतसमेतको तीन सदस्यीय उक्त छानबिन समितिले मिति २०७६।१।२३ मा बुझाएको प्रतिवेदनको 'समितिको राय' शीर्षकमा रहेको प्रकरण नं. ८ (क) मा "हामीले बुझेको OLD COURSE (सन्दर्भ दस्तावेज ४ ग) अनुसार सोधिएका प्रश्नहरूमध्ये २५ अङ्कको प्रश्न (OR समेत लिएर) COURSE भित्रैबाट र ५ अङ्कको प्रश्न छ/छैन दुवै अर्थ लाग्ने खालको छन्' भनी उल्लेख भएको पाइयो। सो प्रतिवेदनमा उल्लिखित उक्त राय अनुसार पूर्णाङ्क ४५ मध्ये २५ अङ्कको प्रश्न नयाँ र पुरानो कोर्षको विकल्प दिएर तथा ५ अङ्कको प्रश्न छ/छैन दुवै अर्थ लाग्ने र बाँकी रहेको १५ अङ्कको प्रश्न पूरानो कोर्सबाहिरबाट सोधिएको पाइने।

निवेदकले २०७५ र २०७६ सालको समस्त परीक्षा रद्द हुनुपर्ने भन्ने पनि जिकिर लिएको छ तर २०७५/०९/२९ को परीक्षामा अनुत्तीर्ण भएकामध्ये अन्य विद्यार्थीहरूले मिति २०७६/५/२९ को परीक्षामा सहभागी भएको र उनीहरू रिट निवेदनमा समेत संलग्न रहेको पाइँदैन। निवेदकको हकमा निज आफ्नो हक प्रचलन गराउन त्रिभुवन विश्वविद्यालय र यस अदालतमा समेत सक्रिय रहेको र यस अदालतको मिति २०७७/३/३० को अन्तरिम आदेशबाट उत्तर पुस्तिका र परीक्षासम्बन्धी अभिलेख सुरक्षित राख्नु भनिएकोबाट समेत पुनः परीक्षा दिने दिलाउनेबारेमा

अन्यौलको स्थिति रहन गएकोसमेत देखिँदा निवेदकको हकमा उपयुक्त उपचार प्रदान गर्नु नै पर्ने देखिने।

तसर्थ, मिति २०७५।९।२९ मा लिइएको [Quantum Mechanics I (Physics 503)] विषयको परीक्षामा सोधिएका केही प्रश्नहरू पूरानो कोर्सको पाठ्यक्रमभन्दा बाहिरबाट सोधिएको देखिँदा निवेदकलाई उनले पढेकै पूरानो पाठ्यक्रम अनुसारको परीक्षामा सम्मिलित हुने अवसर प्रदान गर्नु भनी विपक्षी त्रिभुवन विश्वविद्यालय र सो मातहतका सम्बन्धित निकायहरूका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: दीपशिखा मुनाकमी

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल चैत ८ गते रोज ३ शुभम्।

- यसै लगाउका ०७७-MS-००१५, अदालतको अवहेलना, आशिष पौडेल वि. त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरसमेत।

## २०

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७८-WH-०२०७, बन्दीप्रत्यक्षीकरणसमेत, सुभाष भन्ने विष्णुबहादुर लामिछाने विधुलिखेलसमेत*

अब निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने सम्बन्धमा हेर्दा कुनै पनि व्यक्तिलाई कानूनबमोजिम बाहेक गैरकानूनी थुनामा राखेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको रिटमार्फत उपचार प्रदान गरिने हो । कुनै पनि व्यक्तिलाई कानूनले दिएको अख्तियारीबमोजिम थुनामा राखिएको छ वा छैन ? हेरी कानूनबमोजिम अख्तियारी बिना, कानूनी प्रक्रियासमेत पूरा नगरी गैरसंवैधानिक तथा गैरकानूनी रूपले थुनामा राखिएको अवस्था देखिएमा बन्दीप्रत्यक्षीकरणको रिटमार्फत उपचार प्रदान गरिने हुन्छ । यी निवेदकलाई अदालतबाट भएको फैसलाबमोजिम नै फैसला कार्यान्वयनको सिलसिलामा थुनामा राखिएकोले थुनामा राख्ने कार्य प्रचलित कानूनबमोजिम नै भए गरेको देखिएको हुँदा निजको थुनालाई गैरकानूनी भन्न नमिल्ने हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था देखिँदैन । सोतर्फको रिट निवेदनको जिकिर खारेज हुने।

तर यी निवेदक चालक पेसा गरी खाने सामान्य व्यक्ति देखिएको, निजले गरेको कसुरबाट प्रत्यक्षरूपमा पीडित पनि कोही नदेखिएको, पहिलो पटकको कसुर देखिएको र हाल तोकिएकोमध्ये अधिकाशं कैद भुक्तान गरिसकेको हुँदा कसुरको गम्भीरता, कसुरको तरिका र आचरणसमेतलाई मध्यनजर गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ दफा १५५ को सुविधा पाउन सक्ने अवस्थाको व्यक्ति देखिँदा सो सुविधा नदिने गरी काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०७८।०६।०१ मा र उच्च अदालत पाटनबाट मिति २०७८।११।२६ मा भएको आदेश उक्त दफाको मनसाय विपरीत देखिएकोले उत्प्रेषणको आदेशले बदर हुने। अब निवेदकले उक्त दफा १५५ को सर्तहरू पूरा गर्न मन्जुर गरेमा बाँकी कैदबापत कानूनबमोजिम हुने रकम लिई थुनाबाट मुक्त गरिदिनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: शंकरप्रसाद अधिकारी

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७९ साल जेठ १२ गते रोज ५ शुभम्।

## २१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री कुमार रेग्मी,** *०७८-WO-०२०८, उत्प्रेषण / परमादेशसमेत, सविता यादव वि. वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान घोपा, धरान, सुनसरीसमेत*

निवेदन मागबमोजिम निवेदिकालाई विज्ञापित School of Public Health & Community Medicine समूह Non-Medical अन्तर्गत Assistant Professor पदको अन्तरवार्ताका लागि गठित समिति कानूनबमोजिम गठन भएको हो वा होइन तथा निवेदिकाको अन्तरवार्ता सम्पन्न भएपश्चात् छनौट समितिले मिति २०७७।११।२७ गते गरेको सिफारिस र मिति २०७७।१२।०१ को कार्यकारिणी समितिको बैठकको निर्णयसमेत बदर हुनुपर्ने हो वा होइन भन्ने प्रश्नतर्फ विचार गर्दा, वी. पी. कोइराला स्वास्थ्य

विज्ञान प्रतिष्ठानले निवेदिका सविता यादवलाई दिइएको मिति २०७५।०१।२३ को दरखास्त रद्द गरिएको भन्ने बेहोराको पत्रमा "तपाइँले एसिस्टेन्ट प्रोफेसर (नन् मेडिकल) पदमा दरखास्त दिनुभएको सम्बन्धमा तपाइँको दरखास्त विज्ञापनमा तोकिएको न्यूनतम योग्यता नभएकोले उक्त पदको लागि दिइएको दरखास्त रद्द गरिएको बेहोरा निर्णयानुसार जानकारी गराइन्छ" भन्ने उल्लेख गरेको देखिन्छ । वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले दरखास्त रद्द गरेको मिति २०७५।०१।२३ को पत्र निवेदिकाले प्राप्त गरेपश्चात् उक्त पत्रउपर चित्त नबुझाई निवेदिकाले उच्च अदालत विराटनगरमा रिट निवेदन (०७४-wo-०२४३) दायर गरेकोमा प्रतिष्ठानसमेतबाट भएको निवेदन रद्द गर्ने निर्णय उत्प्रेषणको आदेशले बदर गरी प्रतिष्ठानको प्रचलित नियमानुसारको प्रक्रिया अवलम्बन गरी विज्ञापित पदमा निवेदिकासमेतको दरखास्त लिई अन्तर्वार्तासमेत लिने कार्य यथाशीघ्र गर्नु गराउनु भनी प्रतिष्ठानसमेतको नाउँमा मिति २०७६।३।१६ परमादेशको आदेश जारी भएको पाइन्छ । उच्च अदालत विराटनगरबाट जारी भएको उक्त आदेशपश्चात् वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानले मिति २०७७।०९।२३ मा प्रतिष्ठानको एसिस्टेन्ट प्रोफेसर (नन् मेडिकल) पदको स्थायी पूर्तिका लागि निवेदिकाको अन्तर्वार्ता लिने कार्य गरेको देखिन्छ । सो अन्तरवार्ता समितिमा प्राध्यापक डाक्टर ज्ञानेन्द्र गिरी, उपकुलपति अध्यक्ष, प्राध्यापक डाक्टर गुरूप्रसाद खनाल, शिक्षाध्यक्ष, प्राध्यापक डा. मोहनचन्द्र रेग्मी, रजिस्ट्रार, प्रा. डा. गौरीशंकर शाह, अस्पताल निर्देशक, प्रा. डा. अनुप घिमिरे, चिफ तथा डा. बिनिताकुमारी पौडेलसमेत ६ सदस्यीय अन्तर्वार्ता समिति गठन भएको पाइन्छ । अन्तरवार्तापश्चात् मिति २०७७।०९।२० को निर्णय हेर्दा प्रतिष्ठानको स्कुल अफ पब्लिक हेल्थ एण्ड कम्युनिटी मेडिसिन विभागको एसिस्टेन्ट प्रोफेसर (नन् मेडिकल) पदमा स्थाई सेवामा पदपूर्ति गर्न प्रा. डा. ज्ञानेन्द्र गिरीको अध्यक्षतामा अन्तरवार्ता समिति गठन गर्ने निर्णय गरेको भन्ने उल्लेख भएको पाइन्छ ।

अब, दोस्रो प्रश्न अर्थात् निवेदिकाको मागबमोजिम उत्प्रेषण परमादेशको आदेश जारी गर्नुपर्ने हो वा होइन भन्ने प्रश्नतर्फ विचार गर्दा, कानूनबमोजिम निवेदिका यादवलाई विज्ञापित School of Public Health & Community Medicine समूह Non-Medical अन्तर्गत Assistant Professor पदको स्थायी पूर्तिका लागि कुनै पनि उम्मेदवार सफल नभएको भनी मिति २०७७।११।२७ मा गरेको सिफारिस र सोको आधारमा मिति २०७७।१२।०१ को नतिजा प्रकाशनको सूचना तथा सोअनुरूपका कार्यहरू संविधान, ऐन तथा कानूनविपरीत भएको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: निर्मलाकुमारी खड्का

इति संवत् २०७९ साल जेठ ११ गते रोज ३ शुभम् ।

**२२**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-CR-०३०७, लागु औषध (ब्राउन सुगर), नेपाल सरकार वि. नेपाल सरकार वि. कैलास लोध*

प्रतिवादीहरूउपर कुनै वस्तुनिष्ठ आधारमा कसुर प्रमाणित हुने कुनै प्रमाण कागज रहेको अवस्था देखिँदैन । उल्लिखित अवस्थामा केवल सहअभियुक्त निसार तेलीको अनुसन्धानमा गरेको पोल उजुरको आधारमा मात्र निज प्रतिवादीहरूलाई कसुरदार ठहर्‍याउन न्यायङ्सगत देखिएन । फौजदारी मुद्दामा प्रतिवादीउपरको अभियोग शंकारहित तवरबाट प्रमाणित गर्ने भार वादी नेपाल सरकारमा रहन्छ, शंकाको सुविधा प्रतिवादीले पाउँछ । शंकाको भरमा प्रतिवादीलाई कसुरदार ठहर्‍याउनु फौजदारी न्यायको सिद्धान्तको विपरीत हुन जान्छ । सहअभियुक्तको पोल आफैँमा स्वतन्त्र प्रमाण होइन भन्ने सन्दर्भमा सर्वोच्च अदालतबाट नेपाल सरकार विरूद्ध पदम बहादुर गुरूङसमेत भएको संवत् २०७५ साल अङ्क ६, नि.नं. १००३७ को मुद्दामा ''सहअभियुक्तको पोल आफैँमा सारभूत प्रमाण होइन, यो न्याय निर्क्योल

गर्ने एउटा थप आधार मात्र हो । यसैलाई मूल प्रमाण मानी इन्साफ गरिने पनि होइन । सहअभियुक्तको पोल स्वतन्त्र प्रमाणबाट समर्थित हुनुपर्छ तब मात्र त्यसलाई प्रमाणको रूपमा लिन सकिन्छ । त्यसरी समर्थित नभएमा प्रमाणमा लिन मिल्ने देखिँदैन । सहअभियुक्तले अपराध गर्नमा समान दायित्व कबुल गरी पोल गरेको नदेखिएको अवस्थामा सहअभियुक्तको पोल कसुर कायम गर्ने आधारभूत प्रमाणको रूपमा स्थापित हुने नदेखिने" भनी सिद्धान्तसमेत प्रतिपादन भएको देखिन्छ । प्रतिवादीहरूबाट लागु औषध बरामद नभएको अवस्थामा उल्लिखित सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्त तथा मिसिल संलग्न अन्य कुनै पनि वस्तुनिष्ठ कागज प्रमाणबाट प्रतिवादीहरूउपर अपराध पुष्टि हुने आधार नदेखिँदा केवल सहप्रतिवादीको पोल उजुरको आधारमा मात्र यी प्रतिवादीहरूलाई कसुरदार ठहऱ्याउनु कानूनको रोहमा मिल्ने देखिएन । अतः प्रतिवादी इन्द्रसेन लोधलाई सुरू जिल्ला अदालतले सफाइ दिएको उक्त फैसला सदर गरेको तथा प्रतिवादी कैलास लोधलाई सुरू जिल्ला अदालतबाट कसुरदार ठहर गरेकोमा तत्कालीन पुनरावेदन अदालत, नेपालगन्जबाट सफाइ दिएको फैसलालाई निजहरूको हकमा अन्यथा मान्नु पर्ने अवस्था नदेखिने ।

सुरू बाँके जिल्ला अदालतबाट प्रतिवादी इन्द्रसेन लोधलाई आरोपित कसुरबाट सफाइ दिएको फैसला सदर गरेको तथा प्रतिवादी कैलास लोधलाई कसुरदार ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादी कैलास लोधले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई मिति २०७१।९।२८ मा तत्कालीन पुनरावेदन अदालत नेपालगन्जबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: शारदादेवी पौडेल

इति संवत् २०७८ साल चैत्र १ गते ३ रोज शुभम् ।

## २३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री नहकुल सुवेदी,** *०७३-CR-०११३, ०७३-CR-०७१२, ०७६-RC-००४९, कर्तव्य ज्यान, नेपाल सरकार वि. वीरेन्द्र प्रसाद साह तेलीसमेत, वीरेन्द्र प्रसाद साह तेली वि. नेपाल सरकार, नेपाल सरकार वि. बमबादुर भन्ने रामनारायण साह तेली*

प्रतिवादीहरूको वारदातस्थलमा उपस्थिति रहेको भन्ने कुरा नै शंकारहित तवरले ठोस प्रमाणबाट पुष्टि हुन नसकेको स्थितिमा निज प्रतिवादीहरू हरिकिसुन साह तेली, सुरेन्द्रप्रसाद साह तेली र राधे भन्ने ओमप्रकाश साह तेलीलाई आरोपित कसुरबाट सफाइ दिएको तत्कालीन पुनरावेदन अदालत राजविराजको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

प्रतिवादीले अदालतमा बयान गर्दा आरोपित कसुरमा आफ्नो संलग्नता नरहेको भनी इन्कार रहे तापनि मौकामा बयान गर्ने क्रममा आफूसमेतले श्रीनारायण साहलाई निजको घरबाट नियन्त्रणमा लिई वारदातस्थल पुऱ्याएको, आफूसँग भएको कटुवा पेस्तोलले निज श्रीनारायण साहको शरीरमा गोली प्रहार गरेको भनी आरोपित कसुरमा साबित रहेको पाइन्छ । निजको उक्त साबिती बयानलाई घाइते अवस्थामा मृतकले गरिदिएको कागजमा बमबहादुर भन्ने रामनारायण साहले आफ्नो साथमा रहेको कटुवा पेस्तोलबाट गोली प्रहार गरेको भनी यी प्रतिवादीको नाम किटानीसाथ लेखाइदिएको अवस्था छ । श्रीनारायण साहको शरीरमा गोली प्रहार भएको भन्ने कुरालाई मृतकको शव परीक्षण प्रतिवेदनसमेतले समर्थन गरेको देखिन्छ । यसरी यी प्रतिवादीले घातक हतियार कटुवा पेस्तोलको प्रयोग गरी श्रीनारायण साहको पेटमा दुई गोली प्रहार गरेको र सोही गोली प्रहारको कारणबाट निज श्रीनारायण साहको मृत्यु भएको भन्ने देखिएको स्थितिमा यी बमबहादुर भन्ने रामनारायण साह तेलीको हकमा साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको तत्कालीन पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न मिलेन । तर केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ (२) (ख) को

प्रतिबन्धात्मक वाक्यांशमा कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएकोभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ भन्ने उल्लेख भएको, मुलुकी अपराध (संहिता), २०७४ को दफा ४०(२) मा कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने व्यवस्था भएको, ऐ. को दफा १७७ (२) मा ज्यान मार्ने कसुर गर्ने वा गराउने व्यक्तिलाई जन्मकैदको सजाय हुने छ भन्ने कानूनी व्यवस्था भएको अवस्थामा यी प्रतिवादी बमबहादुर भन्ने रामनारायण साह तेलीलाई जन्मकैदको मात्र सजाय हुने देखिने।

तसर्थ, प्रतिवादी बमबहादुर भन्ने रामनारायण साह तेलीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. बमोजिमको कसुरमा सोही १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गरेकोमा जन्मकैद हुने, प्रतिवादी वीरेन्द्रप्रसाद साह तेलीलाई ऐ. महलको १७(२) नं. बमोजिम ५ वर्ष कैद र प्रतिवादीहरू हरिकिसुन साह तेली, सुरेन्द्रप्रसाद साह तेली र राधे भन्ने ओमप्रकाश यादवलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरेको सप्तरी जिल्ला अदालतको मिति २०७१/३/१ को फैसलालाई सदर गरेको तत्कालीन पुनरावेदन अदालत राजविराजको मिति २०७२/११/१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कर्णबहादुर राई

कम्प्युटर: रेखा भट्टाराई

इति संवत् २०७८ साल माघ २० गते रोज ५ शुभम्।

## इजलास नं. ४

### २४

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७८-WH-०१६६, बन्दीप्रत्यक्षीकरण, सरू सिंह वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

निवेदिकाको नाममा उच्च अदालत पाटनबाट जारी भएको म्याद काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ६ वतनमा बेपत्ते तामेल भएको, नागरिकताको प्रमाणपत्रबाट निजको वतन "चितवन जिल्ला, भरतपुर महानगरपालिका १२" भन्ने उल्लेख भएको जाहेरी दरखास्त तथा अभियोग पत्रमा समेत यी निवेदिका “हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ७, चाबहिल बुलबुले टोल बस्ने” भनी उल्लेख भएको तथा निज अदालतमा उपस्थित भई बयान गर्दा निजको स्थायी ठेगाना काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १२, जोरपाटी भनी लेखाई मोबाइल नं. ९८१८७९७८०५ समेत उल्लेख गरेको यी निवेदिकाको भिन्न भिन्न अस्थायी वतन रहे पनि स्थायी भने यी निवेदिकालाई Chronic Kidney Disease Stage-5 (CKD5) नामक मृगौलासम्बन्धी कडा रोग लागेको र उपचारकै क्रममा हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १५ मा बसोबास गरी आएको भनी सम्बन्धित वडा कार्यालयबाट उपचारका लागि सिफारिस गरेको पत्रसमेत रहेको मिसिल संलग्न कागजातबाट देखिए तापनि निजको नाममा तामेल भएको म्यादमा उल्लेख भएको वतन नागरिकताको प्रमाणपत्र, जाहेरी दरखास्त, अभियोग पत्र, प्रतिवादीको बयान तथा उपचारका लागि वडा कार्यालयबाट सिफारिस गरेको पत्रसमेतबाट भिडेको देखिएन। उक्त पुनरावेदनको म्याद जाहेरवालाले देखाएको वतनमा टाँस भएको देखिएको छ, तर यी निवेदिका उल्लिखित म्याद तामेल भएको स्थानमा बसोबास गरेको हो भन्ने तथ्य यकिन हुन सक्ने आधार देखिएन । यस अवस्थामा यी निवेदिका प्रतिवादीले रीतपूर्वक प्रतिवादको मौका पाएको भन्ने विश्वास गर्न समुचित आधार नदेखिने।

अत: रिट निवेदिका सरू सिंहलाई प्रचलित कानून तथा प्राकृतिक न्यायको सिद्धान्तसमेत अवलम्बन गरी पुनरावेदनको म्याद तामेल भएको नदेखिएको तर फैसला कार्यान्वयनसम्बन्धी कारबाही

भएको देखिँदा उक्त मिति २०७८।०५।२९ को तामेली म्याद उपयुक्त आदेश जारी गरी बदर गरिदिएको छ। अब पुनः पुनरावेदनको म्याद जारी गरी यी निवेदिकालाई बुझाई म्यादभित्र निवेदिका उपस्थित भए उक्त मुद्दाको कारबाही किनारा गर्नु भनी विपक्षी उच्च अदालत पाटनको नाममा परमादेश जारी गरिदिएको छ । कानूनबमोजिम गर्नुहोला। हाल निवेदिका मिति २०७८।११।९ को कैदी पुर्जीबमोजिम नै थुनामा रहेकी हुँदा तथा पुनरावेदनको म्याद बुझिलिएपछि कानूनबमोजिम हुने नै हुँदा तत्काल बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु नपर्ने।

इजलास अधिकृत: सोनी श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल चैत्र १४ गते रोज २ शुभम्।

**२५**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७८-WH-०१२३, बन्दीप्रत्यक्षीकरण, परिवर्तित नाम रेकाप (१) वि. चितवन जिल्ला अदालत*

प्र.स.नि. जिवनकुमार सुनारीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी परिवर्तित नाम रेकाप (१) भएको लागु औषध गाँजा मुद्दामा यी निवेदकउपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (क) बमोजिमको कसुरमा सोही ऐनको दफा १४ (१)(घ)(३) बमोजिम सजाय गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ४५ (३) एवं बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(३) बमोजिम निजलाई उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय गरी अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(३) बमोजिम तोकिएको रकम पीडित सहायता कोषमा जम्मा गराइपाउँ भनी चितवन जिल्ला अदालतमा पेस भएको अभियोगपत्र , चितवन जिल्ला अदालतको फैसला एवं लिखित जवाफसमेतबाट परिवर्तित नाम रेकाप (१) १५ वर्ष उमेरको नाबालक हुन् भन्ने कुरामा विवाद नदेखिने।

निवेदकउपरको अभियोगपत्र, जिल्ला अदालतको फैसला एवं लिखित जवाफसमेतबाट यी निवेदकले पटके कसुर गरेको भन्ने उल्लेख भएको नपाइँदा निजको हकमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (७) आकर्षित हुनु नपर्ने कानूनी आधार देखिएन । साथै बालबालिकासम्बन्धी ऐन,२०७५ को दफा ४३ को उपदफा (१) बमोजिम कानूनको विवादमा परेका बालबालिकाको सुधार र पुनर्स्थापना नभएसम्म बालबालिका राख्ने प्रयोजनका लागि आवश्यकता अनुसार बाल सुधार गृहको स्थापना गर्नुपर्ने भन्ने रहेको पाइएबाट बाल सुधार गृहमा नै बस्नुपर्दा माथि उल्लिखित दफा ३६ को उपदफा (७) को व्यवस्था सङ्कुचित हुने देखिन्छ भने ३ महिनासम्म बाल सुधार गृहमा राख्दा यी निवेदकको सर्वोत्तम हितअनुकूल हुने अवस्था पनि नदेखिने।

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (३) बमोजिम यी निवेदक परिवर्तित नाम रेकाप (१) लाई ३ महिना बाल सुधार गृह हेटौंडामा राख्न पठाउने गरी जारी भएको चितवन जिल्ला अदालतको मिति २०७८।९।११ को पत्राचारलगायतका कार्य कानून सङ्गत नदेखिएकाले उत्प्रेषणको आदेश जारी गरी बदर गरिदिएको छ। अब निवेदकलाई अविलम्ब सो बाल सुधार गृहबाट मुक्त गरी निजको अभिभावक वा संरक्षकको जिम्मा लगाइदिनु भनी विपक्षी चितवन जिल्ला अदालतको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: गम्भिर राना मगर

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल माघ ११ गते रोज ३ शुभम् ।

**२६**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. हरिप्रसाद फुयाल,** *०७५-CI- ११६७, अंश चलन, रामबहादुर कार्कीसमेत वि. रश्मी कार्की*

सीमित आयस्रोत भएको एकै परिवारभित्रको अंशको विवाद हुँदा मेलमिलाप गरी आपसमा सौहार्दपूर्ण रूपमा मिलेर वा छुट्टिएरै बस्ने वातावरण बन्न सकेको भए सामाजिक रूपमा न्याय पर्न सक्ने अवस्था थियो। यस इजलासले दुवै पक्षलाई पटक पटक सम्झाइ बुझाइ गर्दासमेत सो हुन सकेन । प्रतिवादीमध्येका जानुका

थापाले दायर गरेको सम्बन्ध विच्छेद मुद्दामा वादी रश्मी कार्कीको अस्तित्वबारे तथ्य लुकाइनु र वादी रश्मी कार्कीले पनि यस मुद्दामा आफ्नो सौतेले भाइ विशाल कार्कीलाई अंशियारको रूपमा प्रस्तुत नगर्नुका कारण यसै पुस्तामा पनि असमझदारी तथा अविश्वास सिर्जना भएको देखिन्छ। हेटौंडाको पितापुर्खाको जग्गा अरूलाई हस्तान्तरण गरेपछि काठमाडौंमा आई बस्दासमेत प्रतिवादीहरूसँग बस्नका लागि अरू कुनै घर नरहेको भनी यस इजलासमा प्रतिवादीहरूले आफ्ना भावना र पीडा व्यक्त गरेका छन्। यस अवस्था र परिस्थितिमा पुरानो कुरा बिर्सिएर पुनः समझदारी कायम गरी आगामी दिनहरूका लागि शान्ति एवं स्वतन्त्रतापूर्वक बाँच्ने मार्ग प्रशस्त गर्नु नै पक्षहरूको लागि सर्वोत्तम विकल्प थियो र रहन्छ पनि । तर पक्षहरूका आ-आफ्ना अडान, अहम् तथा आत्मकेन्द्रित स्वभावको कारण आपसमा समझदारी बन्न नसकेको अवस्थामा यस इजलाससँग प्रचलित कानूनद्वारा गरिएको व्यवस्थाअनुरूप नै फैसला गर्नुबाहेक अन्य विकल्प नरहेको हुँदा यो फैसला गरिएको छ । यस फैसलाबाट कानूनी रूपमा वादी प्रतिवादीका अंशका अधिकारहरू छुट्याउने आधार सिर्जना भए पनि फैसला कार्यान्वयनको रोहमा समेत वादी रश्मी कार्कीले पुरानो व्यवहार बिर्सेर आफ्नो बाबुलगायतका प्रतिवादीहरूप्रति संवेदनशील भई तथा प्रतिवादीहरूले समेत यी वादीले भोग्नुपरेको पीडा, सङ्घर्ष आदिसमेतलाई सहानुभूतिपूर्वक सम्मान दिई दुवै पक्षको सहअस्तित्व स्वीकार गरी व्यावहारिक रूपमा अंश छुट्याउन सक्ने नै हुँदा यो इजलासले पक्ष विपक्षहरू यस प्रकारका सकारात्मक आचरण देखाउन अग्रसर हुनेछन् भन्ने विश्वास पनि लिएको देखियो।

उपर्युक्त व्यावहारिक विषयहरूमा यस इजलासको ध्यानाकर्षण भए पनि प्रस्तुत मुद्दाको विषयवस्तुमा सीमित रही कानूनबमोजिम हुनुपर्ने र गर्नुपर्ने कुरातर्फ विचार गर्दा, प्रत्यर्थी वादीलाई पुनरावेदक प्रतिवादीहरूले हेलाहोचो गरी सानै उमेरदेखि घरमा बस्न नसकेको, रेष्टुरेन्टमा वेटरमा र होटलमा डान्स गरी भएको आम्दानी बैकमा जम्मा गरेको पैसाबाट खरिद गरेको भनी बैंकमा पटक पटक जम्मा गरेको कृषि विकास बैंकको स्टेट्मेन्ड र जग्गा खरिद गर्दाका समयकालमा रकम झिकेकोसमेतका प्रमाण पेस भएको अवस्थामा प्रत्यर्थी वादीको निजी आर्जनबाट जम्मा गरेको सम्पत्तिबाट खरिद गरेको भन्ने वादी दाबी पुष्टि हुन आयो । सो हुँदा साबिक मुलुकी ऐन, अंशबन्डाको १८ नं. तथा प्रमाण ऐन, २०३१ को दफा ६(क) समेतबमोजिम वादीले पेस गरेको प्रमाणका आधारमा वादीको नाउँमा रहेको कि.नं. ७५२ र कि.नं. ७५४ को जग्गा वादी रश्मी कार्कीको एकलौटी निजी आर्जन हुने ठहऱ्याएको उच्च अदालत पाटनको फैसला कानूनसङ्गत देखिएको हुँदा सो उल्टी गरी सो जग्गा बन्डा गरिपाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन तथा निजका कानून व्यवसायीहरूको बहस जिकिर तथा यस अदालतले प्रत्यर्थी झिकाउने आदेशसँग यस इजलास सहमत हुन नसक्ने।

वादीले प्रतिवादीहरूबाट पेस तायदाती फाँटवारीबमोजिम कुल सम्पत्तिबाट चार भागको एक भाग अंश छुट्याइलिन पाउने र निज वादीको अंश भाग निजका नाउँमा दर्ता हुने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला केही उल्टी गरी वादी रश्मी कार्कीको नाममा रहेको कि.नं. ७५२ र कि.नं. ७५४ को घर जग्गा वादीको निजी आर्जनको देखिएकोमा बन्डा लगाएको हदसम्म र विवाह नभएका अंशियारको विवाह खर्च पर सारी बाँकी सम्पत्तिमा चार भागको एक भाग अंश सम्पत्ति बन्डा छुट्याइपाउने ठहऱ्याएको उच्च अदालत पाटनको मिति २०७५।१।२७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकनाथ पराजुली

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७९ साल वैशाख ६ गते रोज ३ शुभम्।

**२७**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७४-CR-१४९०, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. दिपेन्द्र आले मगर*

जाहेरवालामध्येका नारायण बहादुर भण्डारी वैदेशिक रोजगारको लागि विदेश जान भनी पेस गरेको राहदानीमा नेपालबाट प्रस्थान गरेको अध्यागमन विभागको र सारजाह विमानस्थल पुगेपछि निजको राहदानीमा छाप लागेको प्रमाण कागजहरू पेस भएकोसमेत देखिँदैन। जाहेरवालाको राहदानी र भिषामा अध्यागमन विभागबाट काठमाडौं छोडेको र दुवई पुगेको भनी रीतपूर्वकको छाप लागेको मिसिल संलग्न कागजातबाट नदेखिएको अवस्थामा यी प्रतिवादीको कारणबाट यी जाहेरवाला विदेश दुबई पुगेका र त्यहीँ नै अलपत्र परेको भन्ने पुनरावेदन जिकिर पुष्टि हुन नसक्ने।

जाहेरवालालाई वैदेशिक रोजगारमा जानको लागि प्रतिवादी दिपेन्द्र थापा मगरले रू.३,००,०००।– (तीन लाख रूपैया) रकम लिई महिनाको ७०० डलर तलव हुने र क्लिनरको काममा इराक पठाइदिने भनी प्रलोभनमा पारी रकम लिएको भन्ने जिकिर लिएको देखिए पनि जाहेरवाला र प्रतिवादी दुवै पक्षले वैदेशिक रोजगार विभागमा उपस्थित भई जाहेरवालालाई तिर्नुपर्ने रकम रू.३,३०,०००।– (तीन लाख तिस हजार रूपैयाँ) र सो रकमको ५०% ले हुन आउने हर्जाना रकम रू.१,६५,०००।– (एक लाख पैंसठ्ठी हजार रूपैयाँ) समेत जम्मा रू.४,९५,०००।– (चार लाख पन्चान्नब्बे हजार रूपैयाँ) पीडितलाई बुझाइसकेको भनी जाहेरवालाहरू नारायणबहादुर भण्डारी र अमिना भुजेलले हामीले पाउनुपर्ने एकमुष्ठ रकम पाइसकेको भनी मिति २०७३।९।११ मा वैदेशिक रोजगार विभागमा निवेदन दिई उक्त निवेदनको पिठमा सनाखतसमेत गरी दिएको मिसिलबाट देखिने।

अतः यी प्रतिवादी दिपेन्द्र आले मगरले यी जाहेरवाला नारायणबहादुर भण्डारीलाई वैदेशिक रोजगार ऐन,२०६४ को दफा १० बमोजिम इजाजतपत्र नलिई विदैशिक रोजगारमा पठाउनसम्म लागेको तर पठाइसकेको नदेखिँदा सोही ऐनको दफा ४३ बमोजिम १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।– (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७४।४।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मधुसुदन आचार्य

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल पौष ६ गते रोज २ शुभम्।

**२८**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७५-CR-१४८३, ०७५-CR-१६३७, लागु औषध, अमित भट्ट वि. नेपाल सरकार वि. धर्म खड्का वि. नेपाल सरकार*

प्रतिवादीहरू अमित भट्ट र धर्म खड्काले अधिकारप्राप्त अधिकारी र अदालतसमेतमा बरामद लागु औषध आफूसँग बरामद नभएको, कहिले काँही सेवन गर्ने गरेकोमा, सेवनसमेत नगरेको अवस्थामा प्रहरी आई पक्राउ गरेको हो भनी लेखाइदिएको पाइन्छ । वादी नेपाल सरकारकोतर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताले यी प्रतिवादी अमित भट्ट र धर्म खड्कासमेतले भारतबाट खरिद गरी ल्याई होटलमा बिक्री गर्न बसेको अवस्थामा पक्राउ परेकाले निजहरू लागु औषध कारोबारी देखिँदा निजहरूलाई मागदाबी अनुसारको कसुर गरेको भन्ने मागदाबी पुष्टि गर्न वारदातस्थलमा कोही खरिदकर्ताको उपस्थिति थियो वा यी पुनरावेदकहरूसँग त्यस्ता सम्भावित व्यक्ति पनि सम्पर्कमा थियो वा यी पुनरावेदकहरू कारोबारको लागि लागु औषध खरिद गर्न कुनै रकम लिई आएका थिए भन्नेलगायतको वादी पक्षको आरोपलाई समर्थन गर्ने अन्य वस्तुतिष्ठ प्रमाण मिसिल संलग्न देखिँदैन । प्रतिवादी धर्म खड्का सेवनको लागि भनी प्रतिवादी वासुदेव साउँदले बोलाएपछि होटलमा पुगेको भन्ने निजको बयान रहेको छ। निज र वासुदेव साउँदबिच मोबाइल सम्पर्क भएको भन्ने आधारमा पक्राउ गरिएको अवस्था छ भने पुनरावेदक प्रतिवादी अमित भट्ट आफू मोटरसाइकल मर्मत गर्न भारततर्फ जाने भन्ने कुरा आफ्नो पूर्वपरिचित वासुदेव साउँदलाई जानकारी

गराउँदा निज आफू पनि सँगै जान्छु भनी भनेको, निज अमित भट्ट मोटरसाइकल बनाउने ठाउँमै बसेको, वासुदेव साउँद लागु औषध खरिद गर्न जाँदा यी अमित भट्ट साथमा नगएको तथा पाटन बैतडी होटलनजिक आएपछि मात्र आफूसँग लागु औषध भएको जानकारी दिएको भनी प्रतिवादी वासुदेव साउँदले मौकाको बयानमा समेत उल्लेख गरेको अवस्थामा लागु औषध कारोबारको उद्देश्य राखी यी पुनरावेदक प्रतिवादी अमित भट्ट भारत गएको भन्ने आरोप वस्तुनिष्ठ प्रमाणको आधारमा शंकारहित तवरबाट पुष्टि हुन सकेको देखिँदैन । सो हुँदा वादी नेपाल सरकारको मागदाबी अनुसार लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (छ)(१) बमोजिम सजाय गरिपाउँ भनी विद्वान् सहन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिरसँग सहमत हुन सकिने ।

तसर्थ, यी पुनरावेदक प्रतिवादीहरू धर्म खड्का र अमित भट्टले अनुसन्धानमा तथा सुरू अदालतमा समेत आफू सेवनकर्ता रहेको स्वीकार गरी कारोबारतर्फको अभियोगमा इन्कारी बयान गरेको, निजहरूको साथबाट लागु औषध बरामद नभएको, प्रतिवादी बासुदेव साउँदबाट ५ ग्राम ५०० मिलिग्राम लागु औषध (खैरो हेरोइन) बरामद भई निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम ५ वर्ष कैद र रू.५,०००।- जरिवाना भएकोमा निजको हकमा उच्च अदालत दिपायलको फैसला अन्तिम भई बसेको र निजले यी पुनरावेदक प्रतिवादीहरूलाई सेवनका लागि बोलाएको भनी अनुसन्धानमा तथा अदालतमा समेत गरेको बयान अन्य तथ्ययुक्त प्रमाणहरूबाट अन्यथा प्रमाणित हुन सकेको नदेखिँदा यी पुनरावेदक प्रतिवादी धर्म खड्का र अमित भट्टको हकमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम सजाय गरेको उच्च अदालत दिपायलको मिति २०७५।०३।१० को फैसला मिलेको नदेखिँदा केही उल्टी भई सुरू जिल्ला अदालतबाट ऐ.ऐनको दफा १४(१)(ङ) बमोजिम ८ महिना कैद सजाय गर्ने गरी भएको सुरू कैलाली जिल्ला अदालतको फैसला सदर हुने ।

इजलास अधिकृत: चन्द्रदेव भारती

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७८ साल चैत्र ४ गते रोज ६ शुभम् ।

## २९

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७८-WH- ०१४६, बन्दीप्रत्यक्षीकरण, बसन्तबहादुर तामाङ वि. काभ्रेपलाञ्चोक जिल्ला अदालत, धुलिखेलसमेत*

१० वर्षभन्दा कम उमेरमा कुनै पनि बाल बालिकाबाट कानूनले निषेध गरेको कुनै कसुरजन्य कार्य हुन गएमा निजलाई फौजदारी दायित्वबाट पूर्ण रूपमा उन्मुक्ति दिने गरी विगतमा भएको कानूनी व्यवस्थालाई अहिले पनि निरन्तरतानै दिएको देखिन्छ । यस्तो अवस्थामा कुनै पनि व्यक्तिले बाल्यकालमा कुनै कसुर जन्य हुने प्रकृतिको कार्य गरेको भए पनि निजको उमेर पुगेपछि फेला परेको भन्ने आधारमा सोही घटनालाई आधार बनाई मुद्दाको पुर्पक्ष गरी थुनामा राख्नु न्यायको मान्य सिद्धान्त तथा प्रचलित कानून विपरीत हुने हुँदा हुँदै निजको उमेर खुल्ने जन्मदर्तालगायतका प्रमाण कागजहरूतर्फ विचार नै नगरी कैद बेरूजु देखिएको भन्ने एक मात्र आधारमा निज फौदे भन्ने पोते तामाङलाई कैदी पुर्जी दिई थुनामा राखेको कार्य कानून सङ्गत नदेखिने ।

यसरी काभ्रेपलाञ्चोक जिल्ला बेथानचोक गाउँपालिकाको कार्यालय ४ नं. वडा कार्यालय गणेशस्थान, काभ्रेपलाञ्चोकको प.सं. २०७८।०७९, च.नं. १२५९, मिति २०७८/१२/०२ को पत्रसाथ यस अदालतमा प्राप्त हुन आएको मिति २०६३/३/२१ देखि मिति २०७०/१२/३० सम्मको सक्कल जन्मदर्ता रजिस्टरको पृष्ठ नं. ६७, दर्ता नं. २३ मा पोते तामाङको पिताको नाम प्रताप सिं तामाङ, आमा मिकिरीमायाँ तामाङ तथा निज पोते तामाङको जन्म मिति २०५९/१०/१० भन्ने उल्लेख भएको, सोही बेहोरा उल्लेख भई मिति २०६९/२/४मा जन्मदर्ता प्रमाणपत्र जारी भएबाट वारदात मिति २०६९/७/८

मा यी बन्दीको उमेर दश वर्षभन्दा कम रहेको पाइयो । यसरी कसुर गर्दाको समयमा प्रचलनमा रहेको तत्कालीन बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा (१) बमोजिम 'दश वर्षभन्दा मुनिको बालकलाई कैद सजाय हुन नसक्ने हुँदा जिल्ला काभ्रेपलाञ्चोक, चलाल गणेशस्थान वडा नं. ३ बस्ने प्रताप सिं तामाङको छोरा पोते तामाङलाई थुनामा राख्न पठाइएको मिति २०७८/१०/५ को काभ्रेपलाञ्चोक जिल्ला अदालतको पत्र तथा सो सम्बन्धमा जारी भएको कैदी पुर्जीसमेत उत्प्रेषणको आदेशले बदर हुने ।

अतः वारदात हुँदाको मितिमा भए गरेको आपराधिक कार्यमा सजाय नहुने कानूनी व्यवस्थाका आधारमा हाल निज पोते तामाङ गैरकानूनी थुनामा रहेका देखिँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ को देहाय (ख) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: लोकनाथ पराजुली/अञ्चन भट्टराई

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७९ वैशाख २७ गते रोज ३ शुभम् ।

**३०**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७५-CR-०२९८, ०७६-RC-०१२९, ०७६-RC-०११४, ०७७-FN-०१९७, कर्तव्य ज्यान, नेपाल सरकार वि. बहादुर भन्ने वीरबहादुर तामाङ, नेपाल सरकार वि. रणबहादुर तामाङ, नेपाल सरकार वि. राजु तामाङसमेत, रणबहादुर तामाङ वि. नेपाल सरकार*

प्रतिवादी बहादुर भन्ने वीर बहादुर तामाङलाई आरोपित कसुरमा कसुरदार ठहराई भएको सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतको मिति २०७०/११/१३ को फैसला उल्टी गरी प्रतिवादी बहादुर भन्ने वीरबहादुर तामाङका हकमा मिलेको नदेखिँदा सो हदसम्म उक्त फैसला गरी प्रतिवादी बहादुर भन्ने वीरबहादुर तामाङले आरोपित कसुरबाट सफाइ पाउने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७२/३/२९ को फैसला मिलेकै देखिने ।

प्रतिवादी रण बहादुर तामाङले अदालतसमक्ष बयान गर्दा वारदातस्थलमा आफू उपस्थित रहेको सुवास सुनारलाई झगडा नगर भनी भनेको तथा आफूले लट्ठी बोकेको तथ्य स्वीकार गरेको पाइन्छ । निजले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा राजु तामाङसमेतले जाहेरवालाको छोरा मन्जील भन्ने एञ्जल तामाङलाई कुटपिट गरिरहँदा मसमेतले एक लौरा हिर्काएको हो भनी मृतकउपर प्रहार गरेको तथ्य स्वीकार गरेको र अदालतको बयानमा पनि लट्ठी बोकेर वारदातस्थलमा उपस्थित रहेको भनी स्वीकार गरेको र उक्त लौरो बरामदसमेत भएको देखिएको अवस्थामा निजको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयान समर्थित हुन आएकोले अदालतमा पक्षले गरेको इन्कारी बयानलगायतका प्रमाणको उचित विश्लेषण नै नगरी शंकाको भरमा दिइएको जाहेरी र मौकामा बुझिएका मानिसहरूको अप्रमाणित कथनलाई आधार मानी दोषी ठहर भन्ने निजको निवेदन जिकिरसँग समहमत हुन सकिएन । प्रतिवादी रणबहादुर तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) बमोजिम जन्म कैदको सजाय हुने तर निजको मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी नरहेको र हत्याको योजना बनाई चोट छाडेको नदेखिँदा जन्मकैद सजाय गर्दा चर्कोपर्ने देखी मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १० (दश) वर्ष कैद हुन प्रस्ताव गर्ने गरी सुरू काभ्रेपलाञ्चोक जिल्ला, अदालतबाट मिति २०७०/११/१३ मा भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनले गरेको मिति २०७२/३/२९ को फैसला निजका हकमा मिलेकै देखिने ।

अभियोग पत्रका साथ पेस भएका प्रतिवादीहरू बहादुर भन्ने वीरबहादुर तामाङ र रणबहादुर तामाङले अदालतमा बयान गर्दा राजु तामाङ, सुवास सुनार, फौदे भन्ने पोते तामाङ, बेतमान, निलबहादुर तामाङ भई एन्जल तामाङलाई घेरा हाली कुटपिट गरी छुरा प्रहारसमेत गरेको हो भनी लेखाइदिएबाट र मृतकको Autopsy Report मा समेत Hypovolcanic shock as a result of sharp puncture wound भन्ने

भएको र बुझिएका मानिसहरू र घटनास्थल प्रकृति मुचुल्काका मानिसहरूले समेत प्रतिवादीहरू रणबहादुर तामाङ, राजु तामाङ, निलबहादुर तमाङ, बेतमान तामाङ, फौदे भन्ने पोते तामाङ र सुवास सुनार मिली एन्जल तामाङलाई भाग्न उम्कन नदिई कुटपिट गरी छुरासमेत प्रहार गर्दा एन्जल तामाङको मृत्यु भएको हो भनेबाट प्रतिवादीहरूकै कुटाई र छुरासमेत प्रहार गर्दा एन्जल तामाङको मृत्यु भएको पुष्टि हुने देखिन्छ । अतः अभियोग दाबीबमोजिम यी फरार प्रतिवादीहरू राजु तामाङ, निलबहादुर, बेतमान तामाङ, फौदे भन्ने पोते तामाङ, सुवास सुनुवारका हकमा कसुर स्थापित हुने अवस्था देखिँदा सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतको मिति २०७४/३/१४ को फैसला सदर गर्ने गरी भएको उच्च अदालत पाटनबाट मिति २०७५/२/२१ मा भएको फैसलालाई अन्यथा भन्न नसकिने।

प्रतिवादी बहादुर भन्ने वीरबहादुर तामाङलाई अभियोग मागदाबीबाट सफाइ हुने र प्रतिवादी रणबहादुर तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद सजाय हुने तर जन्मकैद गर्दा चर्को पर्ने देखिएकाले निजलाई अ.बं.को १८८ नं. बमोजिम १० वर्ष कैद हुने गरी प्रस्ताव गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२/३/२९ को फैसला तथा प्रतिवादीहरू राजु तामाङ, निलबहादुर, बेतमान तामाङ, फौदे भन्ने पोते तामाङ, सुवास सुनुवारलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद सजाय हुने गरी उच्च अदालत पाटनबाट मिति २०७५/२/२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकनाथ पराजुली / अञ्चन भट्टराई
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७९ वैशाख २७ गते रोज ३ शुभम्।

**३१**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७६-CR- ०७१३, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. प्रतिक बास्कोटा*

प्रतिवादी प्रतिक बास्कोटाले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० को कानूनी व्यवस्था विपरीत इजाजत पत्र नलिएको अवस्थामा जाहेरवालीलाई वैदेशिक रोजगारीमा लगाउने भनी झुट्टा आश्वासन दिई अवैध किसिमले व्यवसाय सञ्चालन गरेको हदसम्मको कसुर ठहरी प्रतिवादीलाई ऐजन दफा ४३ बमोजिम १।६।० (एक वर्ष छ महिना) कैद र रू. १,५०,०००।– (एक लाख पचास हजार) जरिवाना हुने गरी भएको फैसलाउपर सो हदसम्म वादी नेपाल सरकारको र प्रतिवादीकोसमेत पुनरावेदन परेको मिसिल संलग्न कागजबाट नदेखिँदा त्यसतर्फ केही बोलिरहनु परेन।

हामीहरूबिचको लेनदेन व्यवहार मिलिसकेको हुँदा प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिलाइपाउँ भन्ने अनुरोध गर्दै निवेदन कागजको बायाँ किनारामा “यो निवेदन म आफैले तयार गरी सहीछाप गरी पेस गरेको ठिक साँचो हो” भनी सही गरी निवेदन तयार गरेको देखिन्छ । जाहेरवालीले आरोपित कसुरबाट सफाइ दिलाउन मागेकै आधारमा प्रतिवादीले गरेको गैरकानूनी कार्यबाट उन्मुक्ति पाउन सक्ने हुँदैन तर कसैलाई तिर्नु बुझाउनुपर्ने रकम सम्बन्धमा लेनदेन भइसकेको भन्ने बेहोरा स्वतन्त्र प्रमाणबाट पुष्टि हुन्छ भने अदालतले कसैलाई दोहोरो सुविधा दिलाउन मिल्ने पनि हुँदैन । स्वयम् प्रतिवादीको यो लेनादेना व्यवहारबाट प्रत्यक्षतः आर्थिक रूपमा पीडित जाहेरवालीले उक्त निवेदन कागजको अस्तित्वलाई इन्कार गरी प्रश्न उठाई अन्यथा प्रमाणित नभएसम्म सो कागज बेहोराको मनसाय विपरीतको अर्थ लगाउनु न्यायको दृष्टिले पनि युक्तिसङ्गत देखिँदैन । प्रस्तुत मुद्दा निज जाहेरवालीको जाहेरीका आधारमा नेपाल सरकारबाट चलाइएको छ, यस अवस्थामा वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलामा उल्लेख भएको तथ्यमा नेपाल सरकारलाई कुनै शंका भए पुनरावेदन गर्नुअघि जाहेरवालीलाई बुझ्न नसक्ने हुँदैन । पुनरावेदन गर्दा यस अदालतले मुद्दाको कार्यविधि पूरा गर्न समय लाग्ने र आर्थिक बोझ बेहोर्नुपर्ने हुन्छ। आफूले पुनरावेदन गर्दा आफ्नो जिम्मेवारीसम्म

पन्छाउन वा कार्यविधि पूरा गर्न मात्र होइन तथ्ययुक्त रूपमा आफूलाई प्रस्तुत गर्नु नेपाल सरकारको सम्बन्धित निकाय तथा पदाधिकारीको कर्तव्य पनि हो। पुनरावेदन गर्ने निर्णय गर्ने वा त्यस्तो पुनरावेदन लेख्ने र दायर गर्ने पदाधिकारीले प्रस्तुत मुद्दामा जाहेरवालीलाई बुझेको वा बुझ्ने प्रयत्न गरेको पनि मिसिलबाट खुल्दैन । न्यायिक निकायमा पेस भएको कागजातमा विश्वास गरी कुनै फैसला भएको छ भने त्यो कागजातउपर प्रश्न उठाउनेले तथ्ययुक्त प्रमाण पेस गर्नु अपेक्षित हुने।

जाहेरवाली स्वयम्बाट निवेदन कागजमा लेखिएको बेहोरालाई स्वीकार गरी हुलाकमार्फत पेस भएको र सो कागजको आधिकारिकता अन्यथा प्रमाणित नभएको अवस्थाको निवेदन कागजलाई जाहेरवाली र प्रतिवादीकोबिचको व्यवहार मिलिसकेको तथ्य प्रमाणित गर्ने भरपर्दो र वस्तुपरक प्रमाणको रूपमा ग्रहण गरी जाहेरवालीको बिगो र हर्जाना रकमसमेत दिलाउन भराउन नपर्ने निस्कर्षमा पुगेको सुरू वैदेशिक रोजगार न्यायाधिकरणको फैसलालाई अन्यथा भन्नुपर्ने अवस्था नदेखिने।

वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।१२।२४ मा प्रतिवादीले जाहेरवालीलाई बिगो र हर्जानासमेत भराउन नपर्ने ठहऱ्याई गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: भूमिप्रसाद शर्मा
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७८ साल असार २१ गते रोज २ शुभम्।

**इजलास नं. ५**

**३२**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७८-WH-००७८, बन्दीप्रत्यक्षीकरण, रानीकुमारी साह वि. उच्च अदालत विराटनगरसमेत*

निवेदिकालाई लागेको १(एक) महिना कैदको हकमा निजलाई मिति २०७८।७।८ मा पक्राउ गरी प्रतिवेदनसहित उपस्थित गराइएकोमा सोही मिति २०७८।७।८ बाट गणना हुने गरी निवेदिकालाई मिति २०७८।८।७ सम्म कैदमा राखी मिति २०७८।८।८ बाट कैद मुक्त गरिदिने गरी सुनसरी जिल्ला अदालतबाट च.नं.५३४३ मिति २०७८।७।८ को कैदी पुर्जी जारी भएको देखिन्छ । कारागार कार्यालय, विराटनगरले पनि सोही च.नं. र मितिको कैदी पुर्जीबमोजिम कैदमा राखिएको भन्ने बेहोरा लिखित जबाफमा उल्लेख गरेको पाइन्छ । यस अदालतको मिति २०७८।८।७ गतेको आदेशानुसार निज निवेदिका छुटे नछुटेको वा कहिले छुट्ने हुन् भनी बुझ्दा सुनसरी जिल्ला अदालतको अ.च.नं.७१७ मिति २०७८।८।७ गतेको पत्रबाट मिति २०७८।८।८ मा छुटी जाने भनी जानकारी प्राप्त भएको देखिने।

बन्दीप्रत्यक्षीकरण रिटबाट थुना वा कैदको वैधतासम्म परीक्षण गर्ने हो । यो बन्दीप्रत्यक्षीकरण रिटको सिद्धान्त र स्थापित मान्यता पनि हो। यसमा मौजुदा अवस्थामा निवेदकलाई गैरकानूनी थुना वा कैदमा राखिएको वा बन्दी बनाइएको हो होइन ? भन्ने तथ्य परीक्षण गरी निष्कर्षमा पुगिन्छ । तर प्रस्तुत निवेदन आज मिति २०७८।८।९ मा यस इजलाससमक्ष पेस भई सुनुवाइ हुँदा निवेदिका मिति २०७८।८।८ मा कैदबाट मुक्त भई कैदमा रहेको अवस्थामा नदेखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपरेन । त्यस्तै निवेदिकालाई फैसलाबमोजिम लागेको कैद भुक्तान भई निवेदिका कैदमा नरहेको हालको परिवर्तित सन्दर्भमा मुलुकी फौजदारी कार्यविधि संहित, २०७४ को दफा १५५ बमोजिम कैदको हकमा सुविधा पाउँ भन्ने निवेदन मागदाबी  निष्प्रायोजित भएको देखिँदा त्यसतर्फसमेत विवेचना गरीरहनुपर्ने अवस्था नदेखिने।

अत: निवेदिकाको निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएको र निवेदिका कैद मुक्त भई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को

सुविधा पाउँ भन्ने निवेदन मागदाबीसमेत निष्प्रायोजित भएको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ ।

इजलास अधिकृतः किरणकुमार सिंह

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७८ साल मङ्सिर ९ गते रोज ५ शुभम् ।

३३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७५-CR-१७१९, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. सुरज गुरूङसमेत*

मिसिल संलग्न प्रमाणबाट यी प्रत्यर्थी प्रतिवादी सुरज गुरूङले जाहेरवाला नारायण आचार्यलाई वैदेशिक रोजगारका लागि विदेश दक्षिण कोरिया पठाइदिन्छु भनी मासिक एक हजार डलर कमाई हुने झुट्टो आश्वासन दिई जाहेरवालाबाट पाँच लाख रूपैयाँ लिई कागज गरेकोसम्म देखिए पनि मिसिल संलग्न प्रमाणबाट प्रतिवादीले जाहेरवालालाई विदेश पठाइसकेको पुष्टि हुन आएको देखिएन । प्रतिवादी सुरज गुरूङले आफूलाई विदेश दक्षिण कोरिया जानका लागि भारतको दिल्लीसम्म पुऱ्याएको भन्ने जाहेरवालाको बकपत्र भए पनि सो तथ्य अन्य स्वतन्त्र र भरपर्दो प्रमाणबाट पुष्टि भएको पाइएन । यसरी यी प्रत्यर्थी प्रतिवादी सुरज गुरूङले जाहेरवाला नारायण आचार्यलाई विदेश पठाएको भन्ने मिसिल संलग्न प्रमाणबाट पुष्टि हुनसकेको नदेखिँदा निज प्रतिवादी सुरज गुरूङलाई कैद वर्ष १।६।० तथा रू.१,५०,०००।- (एक लाख पचास हजार) जरिवानासमेत हुने ठहऱ्याई भएको सुरू वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको फैसला प्रमाण मूल्याङ्कनको रोहमा अन्यथा नदेखिँदा प्रतिवादी सुरज गुरूङलाई कम सजाय भएकोले सुरू फैसला उल्टी गरिपाउँ भन्ने वादीतर्फका विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अर्का प्रत्यर्थी प्रतिवादी कुमारी गुरूङका हकमा अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरू फैसला मिले नमिलेको के रहेछ सो सम्बन्धमा विचार गर्दा, प्रत्यर्थी प्रतिवादी कुमारी गुरूङले सुरू न्यायाधिकरणसमक्ष बयान गर्दा जाहेरवाला र आफ्ना पति सहप्रतिवादी सुरज गुरूङबिच रू.३,००,०००।- (तीन लाख) रकम कारोबार भएकोमा सोमध्ये रू.१,५०,०००।- (एक लाख पचास हजार) फिर्ता गरिसकेको, उक्त लेनदेनमा आफ्नो कुनै संलग्नता नभएको भनी कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । जाहेरवाला नारायण आचार्यले सुरू न्यायाधिकरणमा बकपत्र गर्दा प्रतिवादी सुरज गुरूङसँग वैदेशिक रोजगारसम्बन्धी कागज गर्दा निजको श्रीमती प्रतिवादी कुमारी गुरूङलाई विश्वासका लागि रोहबरमा साक्षी राखेको, निजको कसुरमा कुनै संलग्नता नरहेको भनी बकपत्र गरिदिएको देखिँदा केवल जाहेरीकै आधारमा मात्र यी प्रत्यर्थी प्रतिवादी कुमारी गुरूङलाई दोषी ठहऱ्याउन मिल्ने अवस्था देखिन आएन । वादी पक्षले यी प्रतिवादी कुमारी गुरूङ विरूद्धको अभियोग दाबी पुष्टि हुनेसम्मको प्रमाण पेस गर्न सकेको नदेखिँदा प्रतिवादी कुमारी गुरूङले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई भएको सुरू फैसला प्रमाण मूल्याङ्कनको रोहमा अन्यथा नदेखिँदा पुनरावेदक वादीतर्फका विद्वान् उपन्यायाधिवक्ताको बहस बुँदासँग सहमत हुन नसकिने ।

तसर्थ, वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौँबाट मिति २०७५।०३।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत (उपसचिव): यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७८ साल असार १६ गते रोज ४ शुभम् ।

३४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७५-WO-१३३७, उत्प्रेषणयुक्त परमादेशसमेत, डा. पुष्पमणि खराल वि. वी.पी. कोइराला कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानसमेत*

वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले मुख्य विषयमा विदेशी विद्यार्थीहरूलाई चाख कम भएको विषयमा मात्र भर्ना गर्ने कार्य अघि बढाएकोले नेपाली

विद्यार्थीले नेपालमा नै आफूले रोजेको विषय पढ्न पाउने अधिकारलाई कुण्ठित गरेको हुँदा सबै विषयमा नेपाली विद्यार्थीहरूलाई छुट्याइएको कोटामा भर्ना गर्ने व्यवस्था मिलाइपाउँ भन्ने निवेदन मागदाबी रहेकोमा राम्रो विषयमा विदेशी विद्यार्थीको लागि छुट्टयाएको भनिए तापनि MD/MS तहको लागि हरेक विषय उत्तिकै महत्त्वपूर्ण भएको र सिट विभाजन गर्दा Medical Council of India ले मान्यता प्रदान गरेको विषय र त्यो विषयमा नेपाल मेडिकल काउन्सिलबाट उपलब्ध गराइएको सिट संख्यालाई आधार मानी छात्रवृत्तिको सिट संख्यासमेतलाई पनि ध्यानमा राखी सोही अनुपातमा सबै वर्गलाई मिल्ने गरी सिट विभाजन गरिएको र ऐन विपरीत नरहेकोले विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको लिखितजवाफ भएको प्रस्तुत विवादमा निवेदकका तर्फबाट नियुक्त हुनुभएका विद्वान् कानून व्यवसायीहरूले रिट निवेदन सुनुवाइको क्रममा इजलाससमक्ष उपस्थित भई नेपालमा चिकित्सा शिक्षा ऐन, २०७५ लागु भई चिकित्सा शिक्षासम्बन्धी सम्पूर्ण कानूनी व्यवस्था नै परिवर्तन भइसकेको र प्रवेश परीक्षा, सिट तथा कोटा निर्धारणसमेत एकीकृत प्रणालीमा गइसकेकोले निवेदनमा लिएको मागदाबी सम्बोधन भइसकेको अवस्था छ। रिट निवेदकको अब कुनै मागदाबी बाँकी नरहेको र निवेदकले उपचार प्राप्त गरिसकेको हुँदा प्रस्तुत रिट निष्प्रयोजन भइसकेको भनी बहसको क्रममा इजलासलाई जानकारी गराउनु भएकोले प्रस्तुत रिट निवेदनको कुनै औचित्य देखिन नआउने।

अतः रिट निवेदकले रिट निवेदनमा लिएको जिकिर सम्बोधन भई उपचार प्राप्त गरिसकेको सन्दर्भमा निवेदन मागबमोजिम आदेश जारी गर्न नपर्ने। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः इन्दिरा कार्की गेलाल

इति संवत् २०७८ साल असोज १७ गते रोज १ शुभम्।

**३५**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. सुष्मालता माथेमा,** *०७५-WO-०१७७, उत्प्रेषणयुक्त परमादेश, शशिकान्त तिवारी वि. नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, काठमाडौँसमेत*

निवेदकउपर दायर गरेको वनसम्बन्धी मुद्दामा सुरू कपिलवस्तु जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७३।८।२९ को फैसलाउपर श्री सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याइपाउँ भनी दिएको निवेदनमा मिति २०७४।१२।२ मा मुद्दा दोहोऱ्याई पाउने निस्सा प्रदान भएको देखिन्छ । मुद्दा दोहोऱ्याई हेर्ने निस्सा पाइसकेकाले हाजिर गराई कामकाजमा लगाइपाउँ भनी निवेदकले वन तथा वातावरण मन्त्रालयमा निवेदन दिँदा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७४।१२।२ मा मुद्दा दोहोऱ्याइदिने भनी भएको आदेशमा निवेदकलाई हाजिर गराई कामकाजमा लगाउनु भन्ने सम्बन्धमा कुनै आदेश नभएकोले हाजिर गराउन नमिल्ने भनी विपक्षी वन तथा वातावरण मन्त्रालयका सचिवबाट मिति २०७५।४।११ मा निर्णय भएको पाइन्छ । सो निर्णय बदर गरी मलाई काममा हाजिर गराउनु भनी आदेश जारी गरिपाउँ भन्ने मुख्य निवेदन माग दाबी रहेको देखिन्छ । वन मुद्दामा प्रतिवादी रहेका यी निवेदक शशिकान्त तिवारीले अन्तरिम आदेशसमेतको माग गरेकोमा यस अदालतबाट मिति २०७५।५।४ मा निवेदकलाई हाजिर नगराउने भनी गरिएको निर्णय कुनै कानूनमा आधारित नदेखिएकोले रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म निवेदकलाई तत्काल हाजिर गराई कामकाजको जिम्मेवारी दिनु दिलाउनु, पदीय जिम्मेवारीको काम गर्न नरोक्नु भनी अन्तरिम आदेश जारी भई निवेदक आफ्नो कार्यालयमा हाजिर भई कामकाज गरेको भन्ने देखिने।

निवेदक यस अदालतबाट जारी भएको अन्तरिम आदेश अनुसार सेवामा फर्किई काम गर्दै मिति २०७८।६।१२ मा जिल्ला वन कार्यालय पर्साबाट ५८ वर्ष उमेर पुगी सेवाबाट अवकाश भएको भन्ने कुरा निजका कानून व्यवसायीले बहसको क्रममा पेस गरेको कागजातको प्रतिलिपिबाट देखिन आएको छ । यसरी निवेदकको मुख्य जिकिर नै मुद्दा विचाराधीन

रहेकोले सेवामा हाजिर गराइपाउँ भन्ने रहेको र निज सेवामा हाजिर भई अवकाशसमेत भइसकेको अवस्था हुँदा प्रस्तुत रिट निवेदनको प्रयोजन समाप्त भईसकेको देखियो। यी रिट निवेदकउपर दायर भएको वनसम्बन्धी मुद्दामा फैसला हुँदा ठहरेबमोजिम हुने नै हुँदा हाल प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको हुँदा रिट खारेज हुने।

इजलास अधिकृतः हेमराज शर्मा

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७९ साल जेठ १८ गते रोज ४ शुभम्।

### ३६

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७५-CR-०४१९, कर्तव्य ज्यान, नेपाल सरकार वि. धनबहादुर बोहरासमेत*

फौजदारी कसुरमा अभियोग दाबी लिँदा को कसले के कस्तो अपराध गरेको हो ? सोबापत के कस्तो दायित्व लिनुपर्दछ, सो कुरा स्पष्ट तवरले खुल्ने गरी छुट्टाछुट्टै रूपमा उल्लेख गरी अभियोग एवं कसुर अपराधको दायित्वको निर्क्योल गर्नुपर्ने हुन्छ । केवल आरोप लगाउनु मात्र कसुर स्थापित गर्ने आधार हुन सक्दैन । प्रमाण ऐन, २०३१ को दफा २५ मा "फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने छ ।" भन्ने कानूनी प्रावधान रहेको छ। त्यसैगरी शंकाको सुविधा अभियुक्तले पाउने भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्समेत रहेको छ। यस सन्दर्भमा कसुर प्रमाणित हुन थोरै पनि सन्देह वा शंका रहेमा त्यसको फाइदा अभियुक्तहरूले पाउने हुन्छ। प्रस्तुत मुद्दामा आरोपित कसुर यी प्रतिवादीहरूले नै गरेको हो भनी पुष्टि हुने निर्विवाद प्रमाणहरू वादी पक्षबाट पेस हुन सकेको पाइँदैन । मृतकलाई प्रतिवादीहरूले कुटपिट गरेको, खोलामा लगी फालेको देख्ने कुनै साक्षीको उपस्थिति रहेको पनि छैन। केवल अभियोग लगाएको आधारमा प्रतिवादीहरूलाई ज्यान जस्तो गम्भीर मुद्दामा दोषी कायम गर्न न्यायसङ्गत नदेखिने।

प्रतिवादीहरूउपर किटानी जाहेरी दरखास्त परी सो जाहेरी बेहोरालाई पुष्टि हुने गरी जाहेरवालाले अदालतसमक्ष आई बकपत्र गरिदिएकोसम्म अवस्था छ। तर निजले पनि शंका र अनुमानको आधारमा मात्र उक्त अभिव्यक्ति दिएको देखिन्छ। सबै प्रतिवादीहरूले मौकामा तथा अदालतसमक्ष आरोपित कसुरमा पूर्णइन्कार रही बयान गरेका, वस्तुस्थिति मुचुल्काका व्यक्तिहरू र मौकामा कागज गर्ने व्यक्तिहरूसमेतले मृतकको मृत्यु कर्तव्यबाट नभई आत्महत्याबाटै भएको भनी बकपत्र गरेका, मृतकको मृत्यु blunt force बाट हुन गएको भन्ने पोष्टमार्टम एवं फरेन्सिक रिपोर्टको बेहोरा, मृतकलाई मार्नुपर्नेसम्मको प्रतिवादीहरूको मनसाय, पूर्वरिसइवी तथा योजना नदेखिएको, मृतकको मृत्यु कर्तव्यबाट  भएको हो भन्ने देखिने वारदातस्थल निर्क्यौल हुन नसकेकोसमेतका मिसिल संलग्न कागज प्रमाणहरूका आधारमा मृतक बिमलाकुमारी रोकायाको मृत्यु प्रतिवादीहरूको कर्तव्यबाट नै भएको हो भन्ने अभियोगदाबी पुष्टि हुन सकेको नदेखिने।

तसर्थ, प्रतिवादीहरू धनबहादुर बोहरा, केशव बोहरा र सीता बोहराको कर्तव्यबाट नै मृतक बिमलाकुमारी रोकायाको मृत्यु भएको भन्ने पुष्टि हुने ठोस र वस्तुनिष्ठ प्रमाणको अभाव देखिँदा प्रतिवादीमध्ये सीता बोहराले अभियोग दाबीबाट सफाइ पाउने र प्रतिवादीहरू धनबहादुर बोहरा र केशव बोहराले बिमलाकुमारी रोकायालाई कर्तव्य गरी मारेकोले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं.को कसुरमा सोही महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू बाजुरा जिल्ला अदालतको फैसलालाई केही उल्टी गरी प्रतिवादीहरू धनबहादुर बोहरा र केशव बोहराले समेत आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी उच्च अदालत दिपायलबाट मिति २०७४।११।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर:  मन्जिता ढुंगाना

इति संवत् २०७८ साल साउन १७ गते रोज १ शुभम्।

### ३७

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७२-CR-०८८०, कर्तव्य ज्यान, नेपाल सरकार वि. तिलमाया ढकालसमेत*

मिति २०६५।०२।२७ गते पदम शंकर पराजुलीको शौचालयको सेफ्टी ट्यांकीभित्र पूर्वतर्फ टाउको पश्चिमतर्फ खुट्टा उत्तरतर्फ मोहडा फर्केको कोल्टो अवस्थामा दिसा पिसाबमा लतपतिएको सालनालसहितको स्त्री लिङ्गको नवजात शिशुको लास रहेको भन्ने घटनास्थल एवम् लासजाँच मुचुल्का तथा मृतकको जन्म भइसकेपछि मृत्यु भएको, घाँटी एवम् मुख थिचेर मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट देखिएको हुँदा नवजात शिशुको मृत्यु स्वाभाविक नभई कर्तव्यबाट नै भएको तथ्य स्थापित भएको छ । कुनै व्यक्तिको मृत्युको कारणको पहिचान गर्ने सबैभन्दा भरपर्दो, विश्वसनीय एवम् वैज्ञानिक आधार विशेषज्ञको प्रतिवेदन हुनेमा कसैको दुईमत हुँदैन । अर्कोतर्फ प्रतिवादी तिलमाया ढकालले पनि मौकामा बयान गर्दा नवजात शिशु जिउँदो अवस्थामा जन्माएपछि तत्कालै मुख थुनी घाँटी थिँची मारी सालनालसहित ट्वाइलेटको प्वालबाट सेफ्टी टयांकीमा छिराइदिएको भनी कसुरमा साबित रहेको पाइन्छ। निजले अदालतमा बयान गर्दा पनि जातक बच्चा जन्मिनासाथ नरोए पनि अलिअलि ढुकढुकी थियो । ट्वाइलेटमा फ्याँकी घर आई कसैलाई नभनेको भनी लेखाएबाट नवजात शिशु निजकै कारणबाट मरेको पुष्टि हुन आएको।

प्रत्यर्थी प्रतिवादी अनुरूद्र ढकालका हकमा विचार गर्दा, निज प्रतिवादी फरार रही अभियोगपत्र दायर भएपश्चात् म्यादी पुर्जी वारेण्ट जारी हुँदासमेत पक्राउ परी नआएको र उपस्थित पनि नभएबाट सुरूमा निजको हकमा मुद्दा मुलतबी रहेकोमा मुलतबी जगाई प्रस्तुत फैसला भएको देखिन्छ। निजउपर सहप्रतिवादी तिलमाया ढकालको पोलको आधारमा मुद्दा दायर भएको अवस्था छ । निज सहप्रतिवादी तिलमाया ढकालले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा आफ्नो लोग्ने होमप्रसाद ढकाल भारतमा काम गर्न गएको अवस्थामा ससुरा अनुरूद्र ढकालसँग यौनसम्पर्क भई गर्भ रहन गएको र गर्भका सम्बन्धमा जानकारी गराउँदा बच्चा जन्मिने बित्तिकै मारी दबाउनुपर्छ भनेको र उक्त बच्चा जन्मेको दिन मिति २०६५।०२।२७ गते पनि अनुरूद्रले ट्वाइलेटमा गएर बच्चा जन्माई मारी ट्वाइलेटभित्र हालीदिनु भने अनुसार बच्चा मारी सालनालसहित ट्वाइलेटको प्वालबाट सेफ्टी ट्यांकीमा छिराएको भनी आफ्ना ससुरा अनुरूद्रको सल्लाहबमोजिम नवजात शिशु मारेको भनी पोल गरेको पाइन्छ। निजले अदालतमा बच्चा जन्मदा ढुकढुकी बाँकी रहेको आफूले ट्वाइलेटमा छाडेर आएको भन्नेसम्म बयान गरी आफ्ना ससुरा अनुरूद्र ढकालको सल्लाह र वचनले उक्त कार्य गरेको भनी स्पष्ट पोल गर्न सकेको नदेखिने।

प्रत्यर्थी प्रतिवादी अनुरूद्र ढकालले नवजात शिशुलाई कर्तव्य गरी मार्नुपर्छ भनी प्रतिवादी तिलमाया ढकाललाई वचन दिएको कुरा मिसिल संलग्न कुनै पनि कागज प्रमाणबाट पुष्टि भएको देखिँदैन । वादीले निज प्रतिवादीले अभियोग मागदाबीबमोजिमको कसुर अपराध गरेको तथ्य स्थापित गर्न कुनै वस्तुगत एवं ठोस प्रमाण गुजार्नसकेकोसमेत पाइएन। कर्तव्य ज्यान जस्तो गम्भीर फौजदारी कसुरमा ठोस र खम्बिर प्रमाणबाट आफ्नो अभियोग दाबी पुष्टि गर्ने दायित्व वादी नेपाल सरकारले पूरा गर्न नसकेको अवस्थामा निजले अभियोग दाबीबाट सफाइ पाउने गरी भएको सुरू ओखलढुंगा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत राजविराजको फैसला अन्यथा नदेखिने।

ससुरासँगको अनैतिक संसर्गबाट निज गर्भवती भई बच्चा जन्मिन पुगेको कुरा प्रकाशमा आएपछि निज लोकलाजको कारण मानसिकरूपले विक्षिप्त भई खोलामा हाम फाली आत्महत्यासम्म गर्न खोजेको देखिन्छ । त्यस्तो विषम एवं असहज परिस्थितिको बाबजुद निजले मौकामा एवं अदालतसमक्ष बयान गरी सत्यतथ्य कुरा राखी न्यायिक प्रक्रियालाई सहयोग गरेको पाइयो। मुद्दामा अन्तरनिहित सबल तथ्यहरूको संवेदनशीलतालाई मध्यनजर गरी निज प्रतिवादी तिलमाया ढकाललाई मुलुकी ऐन, ज्यानसम्बन्धी

महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिएकोले मुलुकी ऐन, अ.बं. १८८ नं. एवं फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क. नं. बमोजिम २(दुई) वर्ष कैद कायम गर्दा पनि न्यायको मकसद पूरा हुने देखिँदा निज प्रतिवादी तिलमाया ढकाललाई २(दुई) वर्ष कैद कायम हुने।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७८ साल साउन १७ गते रोज १ शुभम्।

**३८**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०७१-CR-१०१०, जबरजस्ती करणी, नेपाल सरकार वि. दाछोत्तर शेर्पा*

प्रतिवादी दातेन्जी शेर्पाले सुरू सोलुखुम्बु जिल्ला अदालतसमक्ष कसुर गरेकोमा इन्कार रही बयान गरे तापनि प्रतिवादीउपर परेको किटानी जाहेरी, पीडितले मौकामा गरेको कागज, पीडितको स्वास्थ्य परीक्षणको रिपोर्ट एवं स्वयं प्रतिवादी दातेन्जी शेर्पाले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान कागजसमेतका सबुत प्रमाणबाट प्रतिवादी दातेन्जी शेर्पा कसुरदार होइनन् भन्न सकिने अवस्था देखिएन । अर्का प्रतिवादी दाछोत्तर शेर्पाले सुरू अदालतसमक्ष कसुरमा इन्कार रही बयान गरेको छ। पीडित स्वयंले कागज गर्दा दाछोत्तार शेर्पाले मलाई करणी गरे नगरेको थाहा भएन भनी उल्लेख भएको पाइन्छ । यी प्रतिवादी दाछोत्तार शेर्पाले पीडितलाई जबरजस्ती करणी गरेको होइन भनी निजको साक्षी शक्ति कुलुङ राइले अदालतसमक्ष बकपत्रसमेत गरिदिएको देखिन्छ । त्यस्तै मैले पीडितलाई जबरजस्ती करणी गरिसकेपश्चात् दाकिपा शेर्पाले करणी गर्न थालेपछि म निदाएँ । त्यसपछि दाछोत्तार शेर्पाले निजलाई करणी गरे गरेनन् मलाई थाहा भएन भनी दातेन्जी शेर्पाले मौकामा बयान गरिदिएको छ । उल्लिखित सबुत प्रमाणले प्रतिवादी दाछोत्तार शेर्पालाई कसुरदार भन्न मिल्ने देखिएन । साथै, तीन जना प्रतिवादीहरूमध्ये दातेन्जी शेर्पा दोषी देखिए पनि अर्का प्रतिवादी दाछोत्तार शेर्पा अभियोग दाबीबमोजिमको कसुरदार नदेखिई सफाइ पाएको अवस्था छ । त्यस्तै प्रतिवादी दाकिपा शेर्पाको हकमा मुद्दा मुल्तबी रही निज कसुरदार हो होइन भन्ने ठहर भई नसकेको देखिन्छ। यसरी तीन जना प्रतिवादीहरूमध्ये एक जना कसुरदार देखिएको अवस्थामा प्रतिवादी दातेन्जी शेर्पालाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३क. नं. बमोजिम सामूहिक करणीसमेतमा तथा अर्का प्रतिवादी दाछोत्तार शेर्पालाई ऐ.को ५ नं. बमोजिम सजाय गरिपाउँ भनी वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, प्रतिवादी दातेन्जी शेर्पालाई सफाइ दिने गरी सुरू सोलुखुम्बु जिल्ला अदालतबाट भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादी दातेन्जी शेर्पालाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसुरमा ऐ.को ३(२) नं. बमोजिम ८(आठ) वर्ष कैद र १० नं. बमोजिम यिनै प्रतिवादी दातेन्जी शेर्पाबाट रू.३०,०००।- (तिस हजार) पीडितलाई क्षतिपूर्ति भराइदिने गरी तथा अर्का प्रतिवादी  दाछोत्तार शेर्पालाई सफाइ दिने गरी सुरू सोलुखुम्बु जिल्ल अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।०२।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७८ साल वैशाख १० गते रोज ६ शुभम्।

३९

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०७४-CI-००९७, लिखतबमोजिमको रकम दिलापाऊँ, चुनीमाया राना वि. उमेश के.सी.*

पुनरावेदक प्रतिवादीले मिति २०६९।९।१३ को लिखतको आधार गंगा राना र वादी मिना खड्काबिच युरो ५०,०००।- लिनुदिनु गरी भएको मितिविनाको कागज भएको र कास्की जिल्ला अदालतबाट विदेशी

विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिम त्यस्तो कारोबारलाई कानूनी मान्यता दिन नमिल्ने भनी दाबी पुग्न नसक्ने गरी भएको फैसला मुद्दाको तथ्यगत दृष्टिकोणले सही थियो भन्ने जिकिरतर्फ विचार गर्दा, प्रस्तुत मुद्दामा मिना खड्काको दाबी युरो ५०,०००।- दिलाई भराइदिने होइन । मिति २०६९।९।१३ मा पुनरावेदक प्रतिवादी चुनीमाया रानाले लिखत गरिदिई तिर्न बुझाउन स्वीकार गरेको रू.५०,००,०००।- (पचास लाख) को लिखतउपर दाबी परेको देखिएको छ । युरो ५००००।- (पचास हजार) र रू.५,०००००।- (पाँच लाख) बापत पृथक् पृथक् दाबी परेको अवस्थासमेत छैन । युरो लिने दिने कागज जे जस्तो भए पनि मिति २०६९।९।१३ मा कानूनबमोजिमको वैधानिक लिखत खडा भई सो युरो लिनु दिनु गरेको कागज विस्थापित भइसकेको देखिए पनि मिति २०६९।९।१३ को लिखतलाई पूर्णरूपले उपेक्षा गरी विस्थापित भइसकेको लिखतको विवेचना मात्रलाई न्यायोचित मान्न सकिन्न । गंगा रानाको दायित्व चुनीमाया रानामा सरेकोतर्फ पनि सुरू फैसलामा विवेचना गरिएको छैन । केवल युरो लेनदेनको विषयलाई एकाङ्गी रूपले उठान गरी विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिम वादी दाबी नपुग्ने ठहर गरेको सुरू फैसलालाई कानूनसम्मत मिलेको मान्न सकिने अवस्था नहुँदा सुरू फैसला मुद्दाको तथ्यगत दृष्टिकोणले सही थियो भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः सुरू कास्की जिल्ला अदालतको फैसला उल्टी गरी वादी मिना खड्कालाई पुनरावेदक प्रतिवादी चुनीमाया रानाबाट रू.४९,५००००।- (उनान्पचास लाख पचास हजार) दिलाई भराइदिने ठहर गरी उच्च अदालत पोखराबाट भएको मिति २०७३।१२।१४ को फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक चुनीमाया रानाको पुनरावेदन जिकिर पुग्न नसक्ने

इजलास अधिकृतः किरणकुमार सिंह

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७८ साल भाद्र १६ गते रोज ४ शुभम् ।

## ४०

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०७३-CR-१५३४, जबरजस्ती करणी तथा डाँका, नेपाल सरकार वि. विपतिया भन्ने सुरजदेव दाससमेत*

पीडित भनिएकी शारदा देवी र पारो देवीले प्रतिवादीहरूले आफूहरूलाई पालैपालो जबरजस्ती करणी गरी नगद एवं सुन, चाँदीसमेत डाँका गरी लगेको भनी किटानी जाहेरी दिएको पाइन्छ । तथापि यी जाहेरवाली शारदा देवी स्वयंले अदालतसमक्ष गरेको बकपत्रको क्रमश: स.ज.२१ र २५ मा प्रतिवादीहरूमध्ये जबरजस्ती करणी गर्न आफूलाई कसले भुइँमा लडाएको र कसले पहिला करणी गरेको तथ्य खुलाउन सकेको देखिँदैन । त्यस्तै स.ज. २९ मा आफ्नी आमा पारो देवीसँग जबरजस्ती करणी भएको घटना आफूले नदेखेको भनी बकपत्र गरिदिएको पाइन्छ । एउटै कोठामा भएको घटनामा आफ्नी आमामाथि १०/१२ को समूहले जबरजस्ती करणी गरेको भन्ने जाहेरीबमोजिमको घटना भएको आफूले नदेखेको भन्ने बकपत्रलाई गम्भीरतापूर्वक लिनुपर्ने हुन्छ । निज जाहेरवाली शारदा देवी र पारो देवीको स्वास्थ्य परीक्षण प्रतिवेदनमा निजहरूको योनिभित्र र बाहिर कुनै सङ्घर्षका चिह्न रहेको पाइँदैन । त्यस्तै जबरजस्ती करणी भएको छ, छैन ? यकिन भन्न नसकिने र Spermatozoa not seen भन्ने उल्लेख रहेको देखिन्छ । साथै भेजिनल स्वाब निकाली परीक्षणका लागि पठाइएकोमा जाँच भई आउँदा Semen could not be confirmed on exhibit No.1, Semen could not be detected on exhibit No.2 तथा sperm not found भनी उल्लेख भई आएको देखिन्छ । ठुलो समूहले सामुहिक रूपमा जबरजस्ती करणी गरेको अवस्थामा स्वास्थ्य परीक्षणबाट पीडिताहरूको शरीरमा सङ्घर्षका चिह्न वा अन्य जबरजस्ती करणी पछि फेला पर्ने विर्यलगायतका कुनै चिन्ह फेला नपर्नुले घटना घटेको भन्नेमा गम्भीर आशंकाको ठाउँ दिएको देखिन्छ । यसरी पीडितहरूका स्वास्थ्य परीक्षण प्रतिवेदनले निजहरूको जाहेरी

बेहोरालाई पुष्टि गरेको नपाइने।

यसप्रकार किटानी जाहेरी दरखास्त भनिएको बेहोरालाई स्वयं जाहेरवाली शारदा देवीले अदालतसमक्ष गरेको बकपत्र, पीडितहरूको स्वास्थ्य परीक्षण रिपोर्ट, घटनास्थल प्रकृति मुचुल्काका मानिसहरूले गरेका बकपत्रलगायतका अन्य स्वतन्त्र प्रमाणले पुष्टि नगरेको अवस्थामा प्रतिवादीहरूलाई अभियोग मागदाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालत जनकपुरले गरेको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

तसर्थ प्रत्यर्थी प्रतिवादीहरू सुरजदेव दास, विसुन दास, कुलदेव दास, किसुन दास र सरोज दासलाई जबरजस्ती करणीको महलको ३(४) र ३(क) बमोजिम जनही १० वर्ष कैद गर्ने ठहर गरी सुरू धनुषा जिल्ला अदालतबाट भएको फैसलालाई उल्टी गरी प्रतिवादीहरूलाई अभियोग मागदाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७३।०३।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७८ साल वैशाख १० गते रोज ६ शुभम्।

**४१**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०७३-CR-१३९८, ०७३-CR-१५२८, ०७३-CR-१५६०, ०७४-CR-११८९, अपहरण तथा शरीर बन्धक, मुवारक अन्सारी वि. नेपाल सरकार, सुशिला भन्ने हिरा गुरूङ वि. नेपाल सरकार, कल्पना भन्ने मोती विष्ट वि. नेपाल सरकार, नेपाल सरकार वि. जमिरूल्लाह मनिहारसमेत*

पीडित जाहेरवाला राजेशकुमार अग्रवाललाई प्रतिवादीहरूले बन्धक बनाइराखेको अवस्थामा काठमाडौं जिल्ला, कीर्तिपुर नगरपालिका, वडा नं. २ स्थित शारदा चौधरीको घरको प्रतिवादी मोहमद नसरूदिन बस्ने तेस्रो तल्लाको पूर्वतर्फको कोठामा बाहिरबाट ढोकाको चुकुल लगाई थुनी राखेको अवस्थाबाट उद्धार गरिएको हो। सोही क्रममा प्रतिवादी मोहम्मद नसरूद्धिन तथा जमिरूल्लाह मनिहारको सँगसाथबाट र निज नसरूद्धिन र कल्पना भन्ने मोती विष्टले लिएको कोठाबाट जाहेरवालाको नागरिकता प्रमाणपत्र, पासपोर्ट साइजको फोटोसमेतका विभिन्न सामानहरू दशीका रूपमा बरामद भएको भन्ने मौकाको खानतलासी तथा बरामदी मुचुल्काबाट देखिन्छ । प्रतिवेदकहरू शिशु शर्मा, बसन्त दाहाल, शिवकुमार श्रेष्ठ एवं मौकामा कागज गर्ने घरबेटी ज्योति चौधरीसमेतले सो खानतलासी तथा बरामदी मुचुल्काको बेहोरा पुष्टि हुने गरी अदालतसमक्ष बकपत्र गरिदिएको देखिने।

मुलुकी ऐनको अपहरण गर्ने शरीर बन्धक लिनेको महलको १ नं. मा कसैले कुनै व्यक्तिलाई छलकपट गरी, झुक्यानमा समेत पारी कुनै ठाउँमा लगेमा अपहरण गरेको मानिने छ । भन्ने तथा ऐ.को २ नं. मा कसैले कुनै व्यक्तिलाई छलकपट गरी, झुक्यानमा समेत पारी कुनै किसिमले कब्जामा लिएमा वा नियन्त्रणमा लिई थुनेमा शरीर बन्धक लिएको मानिने छ । भन्नेसमेत बेहोराको कानूनी प्रावधान रहेको पाइन्छ । उल्लिखित कानूनी व्यवस्थासमेतलाई मध्यनजर गरी विचार गर्दा, प्रतिवादी सुशिला भन्ने हिरा गुरूङले वारदात मिति २०७०।०१।०९ मा आफूले जाहेरवाला राजेशकुमार अग्रवाललाई फोन गरी बोलाएपछि निज मोती विष्टको कोठामा आएको हो भनी मौकाको बयान र अदालतसमक्ष समेत स्वीकार गरेको पाइन्छ। साथै पीडितलाई झुक्यानमा पारी फोन गरी बोलाई कोठामा आएपछि फिरौती रकम नदिए ज्यान मार्ने धम्की दिई बाहिरबाट चुकुल लगाई कोठाभित्र बन्धक बनाएको तथ्य प्रतिवादीहरू मुवारक अंसारी, मोती विष्ट समेतले गरेको मौकाको बयानबाट खुल्न आउँछ। जाहेरी दरखास्त र जाहेरवालाले अदालतसमक्ष गरेको बयान, खानतलासी एवं बरामदी मुचुल्कासमेतले सो बेहोरालाई समर्थन गरेको पाइँदा यी प्रतिवादीहरू अपहरण तथा शरीर बन्धक लिने कसुर अपराधमा संलग्न नरहेको, नभएको भन्न मिल्ने नदेखिने।

तसर्थ, प्रतिवादीहरू मुबारक अंसारी,

कल्पना भन्ने मोती विष्ट, सुशिला भन्ने हिरा गुरूङ, जमिरूल्लाह मनिहार तथा जितु भन्ने राजेन्द्र सिंह हिमडुङ्गलाई मुलुकी ऐन, अपहरण गर्ने शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम जनही ७ (सात) वर्ष कैद र रू.५०,०००।– (पचास हजार) जरिवाना गरी उक्त ऐनको दफा ७ नं. बमोजिम थप जनही २(दुई) वर्ष कैद एवं पीडितले प्रतिवादीहरूबाट जनही रू.२००००।– (बिस हजार) क्षतिपूर्तिसमेत भराइपाउने ठहर्‍याई भएको हदसम्मको सुरू काठमाडौं जिल्ला अदालतको फैसला मिलेकोले सो हदसम्म कायम हुने ठहर्‍याई २ वर्ष थप कैद सजायसमेत ठहर भएको अवस्थामा निज प्रतिवादीहरूलाई सङ्गठित अपराध निवारण अध्यादेश, २०६९ को दफा १०(क) बमोजिम जनही ३ वर्ष ६ महिना थप कैद गर्ने गरी भएको फैसला नमिलेकोले सो हदसम्म उक्त फैसला केही उल्टी हुने गरी उच्च अदालत पाटनबाट मिति २०७३।७।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । वादी तथा प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७८ साल साउन २१ गते रोज ५ शुभम् ।

**४२**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७८-WH-००४१, बन्दीप्रत्यक्षीकरण तथा उत्प्रेषणसमेत, कृष्ण मुरारी रौनियार वि. काठमाडौँ जिल्ला अदालतसमेत*

प्रतिवादीको हैसियतमा रहेका निवेदकलाई तत्कालीन मुलुकी ऐन, ठगीको महलको १ र ४ नं. को कसुर ठहर भएको र सो कसुर हाल मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) मा परिभाषित कसुरभित्र पर्ने भई जरिवानाको हकमा साबिक कानूनी व्यवस्थाभन्दा हालको मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) को कानूनी व्यवस्थाअन्तर्गत घटी जरिवाना हुने देखिएको हुँदा जरिवाना असुल गर्नुपर्दा हालको कानूनी व्यवस्था आकर्षित हुने देखिन्छ । हाल परिवर्तित कानूनी व्यवस्था अनुसार यी निवेदकलाई ७०,०००।- रूपयाँभन्दा बढी जरिवाना रकम असुल गर्न नमिल्ने भएकोले यी निवेदक मिति २०७३।४।१४ देखि हालसम्म ५ वर्ष १ महिना २५ दिन अर्थात् १८८० दिन कैदमा बसेको देखियो । निवेदकलाई ठहरेको ४ वर्ष कैद भुक्तान भई ४२० दिन बढी अवधि कैदमा बसेको देखिन्छ । निवेदकले जरिवाना नबुझाएको र परिवर्तित कानूनी व्यवस्था अनुसार बुझाउनुपर्ने जरिवाना ७०,०००।- रूपैयाँबापत कैद गर्नुपर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१(२)बमोजिम प्रतिदिन रू.३००।- का दरले जम्मा २३४ दिनसम्म कैदमा बस्नुपर्नेमा निवेदक सोभन्दा बढी अवधि कैद बसिसकेको देखिँदा सोभन्दा बढी अवधि कैदमा बस्नुपर्ने गरी काठमाडौँ जिल्ला अदालतबाट मिति २०७७।७।२५ मा जारी भएको कैदी पुर्जी कानूनसम्मत रहेको मान्न नमिल्ने ।

यसरी निवेदक प्रतिवादीलाई फैसलाबमोजिम भएको चार वर्ष कैद सजाय काठमाडौं जिल्ला अदालतको कैदी पुर्जीबाट मिति २०७३।४।१४ गतेदेखि २०७७।४।१३ सम्म थुनामा बसी भुक्तान गरेको देखिएको र जरिवानाको हकमा हाल प्रचलित कानून मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) बमोजिमको कसुर गरेकोमा अधिकतम सत्तरी हजार रूपैयाँसम्म जरिवाना हुने भएकाले निज निवेदकलाई सोहीबमोजिम केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) बमोजिम सत्तरी हजार रूपैयाँभन्दा बढी जरिवाना गर्न नहुने र ऐनबमोजिम मात्र फैसला कार्यान्वयन गर्नुपर्ने हुँदा जरिवाना रू.७००००।- बापत प्रतिदिन रू.३००।- का दरले हुने सात महिना चौबिस दिन कैदसमेत यी प्रतिवादीले भुक्तान गरिसकेको अवस्था हुँदा काठमाडौं जिल्ला अदालतबाट मिति २०७७।७।२५ को च.नं. ५६७ बाट जारी भएको प्रतिवादीका नाउँको कैदी पुर्जी मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) को कानूनी व्यवस्थाको प्रतिकूल रहेको देखिँदा उल्लिखित कानूनी प्रावधानले निर्धारण गरेको जरिवानाभन्दा बढी

कायम गरी जरिवानाको हकमा जारी गरेको कैदीपुर्जी उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । उक्त कैदी पुर्जी उत्प्रेषणको आदेशले बदर भएकोले निज निवेदक वीरबहादुर खत्रीलाई अन्य मुद्दा वा कारणबाट थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाको रोहबाट मात्र आजै थुनामुक्त गरिदिनु भनी विपक्षीका नाममा यो बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृतः हेमराज शर्मा

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७८ साल असोज ८ गते रोज ६ शुभम् ।

**४३**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री नहकुल सुवेदी,** *०७८-CR-१०६५, व्यक्ति बेपत्ता पारेको, नेपाल सरकार वि. शंकर रत्न परियारसमेत*

मिसिलबाट पीडित र प्रतिवादीहरूबिचमा ठुलो विवाद भएको वा कुटपिट भएको वा प्रतिवादीहरूले पीडितलाई कुनै किसिमको यातना दिने गरेको वा जिउ ज्यानलाई खतरा पुऱ्याएको, हिँडडुल गर्न नदिएको वा निज पीडितको वैयक्तिक स्वतन्त्रतामाथि आँच पुग्ने अन्य कुनै कार्य गरेको वा पीडितले आफूलाई प्रतिवादीहरूबाट कुनै प्रकारको असुरक्षा वा खतरा भएको भनी कोही कसैलाई बताएको वा उजुर जाहेरी आदि केही गरेको भन्ने देखिन आएको अवस्था छैन ।

मनिषा रत्न परियारलाई मिति २०७६।०५।१८ देखि बेपत्ता पारेको भनिएकोमा सोको झण्डै छ महिनापछि मात्र प्रतिवादीहरूउपर किटानी जाहेरी परेको पाइन्छ । सो बिचमा यिनै प्रतिवादीहरूले मनिषा रत्न परियार हराएको सूचना जानकारी माइँती तथा छरछिमेकलाई खबर गरेको, प्रहरी कार्यकालमा तत्काले मौखिक जानकारी गराएको एवम् वारदातको भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा हुलिया निवेदन दिएको, विभिन्न ठाउँमा खोजतलास गर्दै हिँडेकोलगायत मनिषा रत्न परियारको अवस्था थाहा पाउन हरसम्भव प्रयत्न गरेको देखिन्छ । लोग्ने वा परिवारका अन्य सदस्यहरूसङ्ग दैनिक जीवनमा भएका कुनै सामान्य झैझगडा वा वादविवादका घटनाका आधारमा निजहरूले व्यक्ति बेपत्ता गर्ने कसुर गरेको भनी अनुमान गर्नु युक्तिसङ्गत नहुने ।

तसर्थ, प्रतिवादीमध्येका सुनमाया रत्न परियारलाई सफाइ दिई प्रतिवादी शंकर रत्न परियारलाई अभियोग दाबीबमोजिम सजाय गरेको सुरू म्याग्दी जिल्ला अदालतको मिति २०७८।०३।२४ को फैसला उल्टी गरी प्रतिवादीहरू शंकर रत्न परियार र सुनमाया रत्न परियारलाई सफाइ दिने गरी उच्च अदालत पोखरा, बागलुङ इजलासबाट मिति २०७८।०८।२९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: हेमराज शर्मा / सदिक्षा नेपाल

इति संवत् २०७९ साल माघ ३ गते रोज ३ शुभम् ।

४४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री नहकुल सुवेदी,** *०७६-WO-०३०४, उत्प्रेषणयुक्त परमादेश, दिपककुमार श्रेष्ठसमेत वि. जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, केन्द्रीय कार्यालय, भक्तपुरसमेत*

कुनै पनि सेवामा पदपूर्ति गर्दा सेवाका पदहरूका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता तोकिनुको मुख्य उद्देश्य सेवालाई प्रतिस्पर्धी, उत्तरदायी र प्रभावकारी बनाउनका लागि दक्ष, योग्य र क्षमतावान् उम्मेद्वारहरू सेवा प्रवेश गराउनका लागि हो । सोका लागि सेवाका विभिन्न पदहरूमा रही गर्नुपर्ने कामको प्रकृति र वैशिष्ट्य अनुसार आवश्यक योग्यता निर्धारण गरिनुपर्ने हुन्छ । संस्थालाई समयानुकुल बनाउँदै लैजाने क्रममा संस्थाका विभिन्न पदमा रहेर गर्नुपर्ने कार्यको विस्तृतिकरण र विशिष्टीकरणलगायत समय समयमा काम परिमार्जन हुन जाने हुँदा तदनुरूप संस्थामा रहेका पदहरूका लागि तोकिएको शैक्षिक योग्यतामा संशोधन, परिमार्जन गर्नु सामान्य समझको विषय हो । कतिपय अवस्थामा खुल्ला प्रतिस्पर्धाद्वारा पदपूर्ति गरिने पदहरूमा प्रतिस्पर्धी उम्मेदवारको उपलब्धताका आधारमा समेत न्यूनतम शैक्षिक योग्यताको तहलाई बढाउँदै लैजानुपर्ने अवस्थासमेत रहन्छ । न्यूनतम शैक्षिक योग्यता निर्धारणको विषय एकपटक तोकिएपछि कहिल्यै

संशोधन गर्न नमिल्ने वा गर्न नहुने प्रकृतिको हुँदैन । यो संस्थाको आवश्यकता अनुसार समयानुकूल बनाउँदै लैजान सकिने र संस्थामा कार्यरत कर्मचारीहरूले समेत तदनुरूपको शैक्षिक योग्यता हाँसिल गरी अद्यावधिक हुँदै जानुपर्ने प्रकृतिको विषयवस्तु देखिएकोले केन्द्रको आवश्यकता अनुसार नयाँ सीप, ज्ञान र प्रविधि मैत्री कर्मचारी भित्र्याउने उद्देश्यले केन्द्रको अधिकृत तह सात वा सोभन्दा माथिको तहको पदमा बढुवाका लागि अधिकृत तह छैँटौको सेवा प्रवेशका लागि निर्धारित न्युनतम शैक्षिक योग्यतालाई न्यूनतम शैक्षिक योग्यता कायम गरिएको भन्ने प्रत्यर्थी जनक शिक्षा सामाग्री केन्द्रको लिखित जबाफको बेहोरालाई अन्यथा भन्न मिल्ने देखिएन । यस स्थितिमा सेवामा प्रवेश गरिसकेका कर्मचारीलाई असर पर्ने गरी न्यूनतम शैक्षिक योग्यता निर्धारण गरिएको भन्ने निवेदन कथन स्वीकारयोग्य देखिन नआउने ।

विपक्षी जनक शिक्षा सामाग्री केन्द्रले विनियमावली संशोधन गर्न आवश्यक कार्यविधि पूरा गरे नगरेतर्फ हेर्दा, नेपालको संविधानको धारा २४३(४) मा "कुनै सङ्गठित संस्थाको सेवाका कर्मचारीको सेवाका सर्तसम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने छ" भन्ने व्यवस्था रहेको देखिन्छ । प्रत्यर्थीमध्येको जनक शिक्षा सामाग्री केन्द्र एक सङ्गठित संस्था भएको तथ्यमा विवाद छैन । उक्त संवैधानिक व्यवस्था अनुसार सो केन्द्रका कर्मचारीको सेवा सर्तसम्बन्धी विषयमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने अनिवार्यता भएअनुरूप नै लोक सेवा आयोगबाट परामर्श प्राप्त भएको भन्ने विपक्षीहरूको लिखित जबाफबाट देखिन्छ । लोक सेवा आयोग ऐन, २०६६ को दफा १६(१) मा सार्वजनिक संस्थाको सेवाको पदमा नियुक्तिलगायतको सन्दर्भमा अपनाउनुपर्ने सामान्य सिद्धान्त आयोगले निर्धारण गर्न सक्ने व्यवस्थाअनुरूप लोक सेवा आयोगले सङ्गठित संस्थाका कर्मचारीको सेवाको सर्तसम्बन्धी कानून, बढुवा र विभागीय कारबाहीसम्बन्धी सिद्धान्त, २०७४ जारी गरेकोसमेत देखिन्छ । उक्त सामान्य सिद्धान्तको दफा ४ को खण्ड (ग) मा “आवश्यक न्यूनतम शैक्षिक योग्यता नभए पनि त्यस्ता कर्मचारीहरूलाई विशेष पद सिर्जना गरी विशेष बढुवा गर्न सकिने व्यवस्था सङ्गठित संस्थाका कर्मचारीको सेवा सर्तसम्बन्धी नियम विनियम वा निर्देशिकामा समावेश गर्नु हुँदैन” भन्ने स्पष्ट व्यवस्था भएको र लोक सेवा आयोगले तदनुरूप नै न्यूनतम शैक्षिक योग्यता नभएकालाई समेत विशेष बढुवा गरिने प्रावधान खारेज हुने गरी विनियमावली संशोधन गर्न दिएको परामर्शअनुरूप नै विनियमावली संशोधन भएको र सो अवस्थाबाट समान अवस्थामा कार्यरत सबै कर्मचारीहरूलाई समान रूपमा लागु हुने देखिन आएकाले साबिकको विनियम ३४(३) बमोजिम विशेष बढुवाको व्यवस्था खारेज गरेबाट आफूहरूलाई असर भएको भन्ने निवेदकहरूको जिकिर न्यायोचित, तर्कपूर्ण र कानूनसम्मतसमेत देखिन नआउने ।

तसर्थ, जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडको कर्मचारी सेवा सर्त विनियमावलीको पाँचौँ तथा छैटौँ संशोधनले अधिकृतस्तरको छैटौँ र सातौँ तहको पदमा नयाँ पदपूर्ति गर्दा न्यूनतम शैक्षिक योग्यता स्नातक उपाधि प्राप्त गरेको हुनुपर्ने, केन्द्रको तह सात वा सोभन्दा माथिको तहको पदमा बढुवाका लागि अधिकृत तह छैटौँको सेवा प्रवेशका लागि निर्धारित न्यूनतम शैक्षिक योग्यतालाई नै न्यूनतम शैक्षिक योग्यता मान्ने र बढुवा सम्बन्धमा साबिकमा विनियम ३४(३) मा भएको विशेष व्यवस्था खारेज गरेको संशोधित व्यवस्था न्याय र कानूनको रोहमा अन्यथा नदेखिएको एवम् विनियमावलीको उल्लिखित प्रावधानबाट यी निवेदकका कुनै हक अधिकारमा असर परेको भनी मान्न मिल्ने अवस्थासमेत नहुँदा रिट निवेदन मागबमोजिमको कुनै आदेश जारी गर्नुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः ताराप्रसाद जोशी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७९ साल फाल्गुण १६ गते रोज ३ शुभम् ।

**४५**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री तिलप्रसाद श्रेष्ठ,** *०७३-CI-०१२३, लेनदेन, सुरेन्द्रकुमार सिंह राजपुत वि. उमेशकुमार सिंह*

वादीबाट प्रतिवादीले वादी दाबीबमोजिमको रकम कर्जा लिएको तथ्यमा विवाद रहेको देखिँदैन। यो तथ्यलाई प्रतिवादीले आफ्नो प्रतिउत्तरपत्रमा र मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ७८ नं. बमोजिम बयान गर्दासमेत स्वीकारै गरेको देखिन्छ। प्रस्तुत मुद्दामा मुख्य विवाद भनेको प्रतिवादीको भनाइमा आफूले कर्जा लिएको रकम वादीकी पत्नी रितादेवी सिंहलाई बुझाई दिई निजबाट मिति २०७०।१।८ मा भरपाइसमेत लिएको भन्ने रहेको देखिन्छ भने वादीको भनाइमा प्रतिवादीबाट आफूहरूले कर्जा दिएको रकम फिर्ता पाइनसकेको भन्ने रहेको देखिन्छ । वादीबाट लिएको कर्जा फिर्ता बुझाएको प्रमाणको रूपमा प्रतिवादीले मिति २०७०।१।८ मा वादीकी पत्नीले गरिदिएको भरपाइसमेत पेस गरेको देखिन्छ । तर उक्त भरपाइलाई वादीले किर्ते भन्दै भरपाइको अस्तित्वलाई इन्कार गरेको र विशेषज्ञबाट परीक्षण गराइपाउन माग दाबी लिएको अवस्था देखिन्छ। विवादित भरपाइको लिखत सद्दे किर्ते के हो भन्ने कुराको निरूपण गर्नका लागि सुरू जिल्ला अदालतको आदेशानुसार वादीकी पत्नी रितादेवी सिंहको सहीछापको नमुना (लेखात्मक तथा रेखात्मक) लिई सो नमुना सहीछाप र भरपाइमा लागेको लेखात्मक तथा रेखात्मक सहीछाप एकआपसमा मिल्छ मिल्दैन ? भनी सर्वोच्च अदालतको रेखा तथा लेखा विशेषज्ञलाई परीक्षण गर्न पठाइएकोमा "नमुना कागजमा लागेको रितादेवी सिंहको औँठा छाप र हस्ताक्षरसँग मिति २०७०।०१।०८ को भरपाइमा लागेको औँठा छाप र दस्तखत एकआपसमा मिल्दैन" भनी च.नं.१/०७१/०७२ मिति २०७१।०४।०७ को पत्रबाट विशेषज्ञको राय प्राप्त भएको देखिन आउँछ । यसरी वादीकी एकासगोलकी श्रीमती रितादेवी सिंहले आफूबाट रू.३,२५,०००।- बुझी गरिदिएको भनी प्रतिवादीले पेस गरेको सो मिति २०७०।०१।०८ को भरपाइमा भएको औँठा छाप र दस्तखत वादीकी श्रीमती रितादेवी सिंहको औँठा छाप र दस्तखतसँग नमिलेको राय प्राप्त भएबाट उल्लिखित भरपाइलाई सद्देसाँचो रहेको मान्न मिल्ने देखिएन । यो स्थितिमा वादी दाबीबमोजिमको रकमको साँवा र ब्याज प्रतिवादीबाट वादीले भराइलिन पाउने र भरपाइ किर्ते गरेतर्फ प्रतिवादीलाई भरपाइमा उल्लिखित रकमको आधा रू.१,६२,५००।- जरिवाना हुने ठहराएको सुरू जिल्ला अदालतको फैसलालाई सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौँडाको फैसला नमिलेको नदेखिने।

अतः प्रतिवादीले मिति २०७०।०१।०८ को भरपाई किर्ते गरी तयार गरेको देखिएकोले मिति २०६०।११।२९ को तमसुकबमोजिमको बिगो तिर्ने बुझाउने दायित्व प्रतिवादीमा बाँकी नै रहेको भनी सम्झनुपर्ने हुँदा कपाली तमसुकबमोजिमको साँवा रू.३,२५,५७५।- र कानूनबमोजिमको ब्याजसमेत वादीलाई प्रतिवादी सुरेन्द्रकुमार सिंहबाट दिलाई भराइदिने एवम् भरपाइ किर्तेतर्फ मुलुकी ऐन, किर्ते कागजको महलको ७ नं. बमोजिम मिति २०७०।०१।०८ को भरपाईमा उल्लेख भएको रकम रू.३,२५०००।- को आधा रू.१,६२,५००।- प्रतिवादीलाई जरिवाना हुने ठहराई सुरू बारा जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौँडाको मिति २०७१।१२।१३ को फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः किरणकुमार सिंह

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७९ साल मङ्सिर २३ गते रोज ६ शुभम्।

**४६**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७३-CR-०५९३, ठगी, नेपाल सरकार वि. नविन चौरसियासमेत*

जाहेरवाला शान्ती चौधरीले आफूबाट रू ९०,०००।- ठगी गरेको भनी जाहेरी दिएको देखिएको छ । प्रतिवादीबाट सो रकम बरामद भएको पनि

देखिएको छ । जाहेरवाला शान्ती चौधरीले अदालतमा उपस्थित भई बकपत्र पनि गरिदिएको देखिएको छ । मौकामा बयान गर्दा बरामदी रकम शान्ती चौधरीबाट जम्मा हुन आएकोमा प्रतिवादीले स्वीकार गरेको पनि देखिएको छ । मुलुकी ऐन, ठगीको महलको ४ नं मा भएको ठगीमा हुन सक्ने सजायसम्बन्धी कानूनी व्यवस्थालाई हेर्दा ठगी गर्नेलाई ठगी लिएको बिगो कायम भएमा हक पुग्नेलाई बिगो भराई बिगोबमोजिम जरिवाना र पाँच वर्षसम्म कैद हुने छ भनी उल्लेख भएको पनि देखिन्छ । प्राप्त प्रमाणहरू र ठगीको महलको ४ नं मा भएको सजायसम्बन्धी व्यवस्थालाई आधार मान्दा जाहेरवाला शान्ती चौधरीको जाहेरीमा उल्लिखित बिगो रू ९०,०००।- बापतमा पनि जरिवानाको सजाय हुनुपर्नेमा सोबमोजिमको जरिवाना नगरेको हदसम्म पुनरावेदन अदालतको फैसला नमिलेको जस्तो देखिन आउँछ । तर फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ भन्ने व्यवस्था गरिएको पाइन्छ । यसैगरी केही नेपाल कानून संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशमा पनि कुनै कसुरमा प्रचलित कानूनबमोजिम हुने सजाय मुलुकी अपराध संहिता, २०७४ मा तोकिएको सजायभन्दा बढी भए संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने व्यवस्था भएको पाइन्छ । यी उल्लिखित कानूनी व्यवस्थाहरूलाई आधार मान्दा कुनै कसुरका सम्बन्धमा प्रचलित कानूनमा बढी सजाय हुने उल्लेख भए पनि मुलुकी अपराध संहितामा उक्त कसुरमा कम सजाय हुने उल्लेख भएको रहेछ भने संहितामा उल्लेख भएको भन्दा बढी सजाय गर्न नमिल्ने देखिन्छ । ठगीको कसुरमा प्रचलित मुलुकी ऐन, ठगीको महलको ४ नं मा बिगो बमोजिम जरिवाना हुने व्यवस्था भए पनि मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३) को खण्ड (ग) मा ठगीको कसुरमा ठगीको कसुरमा ७० हजार रूपैयाँसम्म मात्र जरिवाना हुन सक्ने व्यवस्था भई जतिसुकै बिगो भए पनि सोभन्दा बढी जरिवाना गर्न नमिल्ने व्यवस्था भएको पाइन्छ। यो कानूनी व्यवस्थाको सन्दर्भमा प्रस्तुत मुद्दाको स्थितिलाई हेर्दा जाहेरवाला शान्ती चौधरीको जाहेरीमा उल्लेख भएबमोजिमको बिगोलाई बाहेक गर्दा नै पनि प्रतिवादीहरूलाई रू ७५ हजार जरिवाना हुने ठहरी सकेको देखिन्छ । यसरी मुलुकी अपराध संहिताले गरेको जरिवानाको हदभन्दा बढी जरिवाना हुने ठहरिसकेको र बिगो निज जाहेरवाला शान्ती चौधरीले बुझी लिइसकेको अवस्था हुँदा हालको अवस्थामा पुनरावेदन अदालतबाट भएको फैसलालाई नमिलेको मान्न नमिल्ने ।

अत: प्रतिवादीहरू नविन चौरसिया, नरेन्द्र कुमार, विनयकुमार चौरसिया, सुमनकुमार चौरसिया र दिपेन्द्रलाल दासलाई मुलुकी ऐन, ठगीको महलको ४ नं. बमोजिम जनही १/१ महिना कैद हुने तथा रू.७५,०००/- प्रतिवादीहरूलाई जरिवाना हुने तथा जाहेरवालाहरू लक्ष्मण चौधरी र सरोजकुमार दाससमेतको रू.७५,०००/- निजहरूलाई प्रतिवादीहरूबाट भराइदिने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७३/०३/२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । प्रतिवादीहरूलाई भएको जरिवाना मिलेन भनी वादी नेपाल सरकारको तर्फबाट लिइएको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः श्यामहरि अधिकारी (उपसचिव)

इति संवत् २०७९ साल मङ्सिर २७ गते रोज ३ शुभम्।

४७

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७३-CR-०५११, भ्रष्टाचार (घुस/रिसवत), गोविन्द गैरे वि. नेपाल सरकार*

मूल विषय भनेको अभियोग माग दाबी गरिए बमोजिमको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३)१)(ग) को कसुर प्रतिवादीले गरेको प्रमाणित हुन सक्ने अवस्था छ वा छैन भन्ने रहेको देखिन्छ। माथिको प्रकरणमा उल्लेख भएबमोजिम निज प्रतिवादीबाट घुसबापत रकम दिन भनी उजुरकर्ताले अख्तियार

दुरूपयोग अनुसन्धान आयोगबाट बुझिलिएको रकम बरामद भएकोमा विवाद छैन । तर उक्त बरामदी रकमबाहेक प्रतिवादीले कसुर गरेको प्रमाणित हुने अन्य कुनै तथ्ययुक्त प्रमाणहरू मिसिल संलग्न रहन आएको देखिँदैन । प्रस्तुत मुद्दामा बरामद भए जस्तै अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट घुसबापतमा दिन भनी रकम उपलब्ध गराई उजुरकर्तामार्फत् दिई त्यस्तो रकम बरामद भएको बरामदीको वैधानिकतामा प्रश्न उठाई यस अदालतमा दायर निवेदक विष्णु प्रसाद घिमिरे विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत भएको ०७४-WC-००२० को मुद्दामा यस अदालतको संवैधानिक इजलासबाट जुन अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० को अधिकार प्रयोग गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट घुसबापत दिन भनी रकम उपलब्ध गराउने र रकम दिएपछि बरामद गर्ने गरिएको हो । सो नियम ३० नै अमान्य हुने गरी फैसला भएको देखिन्छ । प्रस्तुत मुद्दामा घुसबापतको रकम अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराउने र सोही रकम बरामद भएको देखाई अभियोग पत्र दायर भएको देखिएकोमा सो बरामदीसम्बन्धी कारबाहीको लागि अख्तियारी दिने अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० नै अमान्य घोषित भएको अवस्था हुँदा सोबमोजिमको वरामदी मुचुल्कालाई प्रमाणको रूपमा ग्रहण गर्न पनि मिल्ने देखिएन । बरामदी मुचुल्कालाई प्रमाणमा लिन मिल्ने नदेखिएको र प्रतिवादीले घुस रिसवत लिएको देखिने अन्य कुनै तथ्ययुक्त प्रमाण मिसिल संलग्न रहेको नदेखिँदा निज प्रतिवादीलाई कसुरदार ठहराई विशेष अदालतबाट भएको फैसलालाई पनि मिलेको मान्न नमिल्ने ।

अत: प्रतिवादी गोविन्द गैरेको साथबाट बरामद भएको भनिएको रकमबाहेकका अन्य कुनै भरपर्दो एवं विश्वसनीय प्रमाण पेस गरी अभियोजन पक्षले आरोप दाबी प्रमाणित गर्न सकेको नदेखिएको र यस अदालतको संवैधानिक इजलासबाट मुद्दा नं. ०७४-WC-००२० मा भएको फैसला अनुसार बरामदी रकमलाई प्रमाणको रूपमा मान्यता दिन मिल्ने नदेखिँदा यी पुनरावेदक प्रतिवादी गोविन्द गैरेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिम रू.१००,०००।- (एक लाख रूपैयाँ) जरिवाना हुने र ऐ. ऐनको दफा ३(१)(ग) बमोजिम ४ (चार) महिना कैदको सजाय हुने ठहऱ्याई विशेष अदालत काठमाडौँबाट मिति २०७३।३।१७ मा भएको फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई पुनरावेदक प्रतिवादी गोविन्द गैरेले आरोप पत्रबाट सफाइ पाउने । यी पुनरावेदक प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहरेकाले निलम्बित भएको मितिदेखिकै नियमानुसारको तलब भत्तालगायतका सम्पूर्ण सेवा सुविधासमेत पाउने ।

इजलास अधिकृतः श्यामहरि अधिकारी (उपसचिव)

इति संवत् २०७९ साल मङ्सिर २७ गते रोज ३ शुभम् ।

## इजलास नं. ६

### ४८

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७८-WH-०००४, बन्दीप्रत्यक्षीकरणसमेत, कमान सिंह डाँगी वि. जिल्ला अदालत रोल्पा, लिवाङसमेत*

समस्त कानूनी प्रावधान तथा यस अदालतबाट भएका ब्याख्यासमेतलाई दृष्टिगत गर्दा, जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ जेष्ठ नागरिकहरूका सम्बन्धमा जारी भएको विशेष ऐन रहेको र निजहरूको कैद छुटलगायतका विषयमा पनि उक्त ऐनको व्यवस्थाबाहेक फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ तथा कारागार नियमावली २०२० को नियम २९(१)(क) तथा यौन हिंसा विरूद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८ ले ऐ. ऐनमा नै देहायको उपदफा १(क) थपी जबरजस्ती करणीलाई नकारात्मक सूचीमा राखिए तापनि सोही ऐनको खारेजी र बचाउ दफा ५ (३) मा यौन हिंसा विरूद्धको केही ऐनलाई संशोधन गर्ने

अध्यादेश, २०७७ को प्रारम्भ हुनुअघि भएको कसुरको हकमा तत्काल कायम रहेको कानूनी व्यवस्थाबमोजिम कारबाही र सजाय हुने भन्ने अपवादात्मक व्यवस्था जेष्ठ नागरिकको हकमा लागु हुने भन्ने नदेखिई नेपाल सरकार वादी भई चलेका सबै मुद्दामा जेष्ठ नागरिकको उमेर र कसुरको अवस्था हेरी निजहरूले कैद छुट प्राप्त गर्न सक्ने नै देखियो। रिट निवेदक कमानसिंह डाँगीको उमेर हाल ७५ वर्ष पुगिसकेको देखिन्छ। यसरी विशेष ऐनको रूपमा रहेको जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ बमोजिम थुनुवाको उमेर, कसुरको अवस्था, शारीरिक, सामाजिक अवस्थासमेतलाई हेरी दिने छुट सुविधा यी निवेदक प्रतिवादी कमानसिंह डाँगीले पनि प्राप्त गर्न सक्ने नै देखिने।

तसर्थ, रोल्पा जिल्ला अदालतको मिति २०७५।१२।२१, च.नं. १३८२ को संशोधित कैदी पुर्जी उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब, जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ अनुसार यी निवेदक कमानसिंह डाँगीलाई सजाय छुटको सुविधा सम्बन्धमा जो-जे बुझ्नुपर्ने हो बुझी, निजको उमेरसमेतको यकिन गरी कैदी पुर्जी संशोधन गर्नु र थुनामा रहेको भए छाडिदिनु भनी विपक्षी रोल्पा जिल्ला अदालतका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: नारायण प्रसाद चापागाई
कम्प्युटर: सरस्वती दाहाल
इति संवत् २०७८ भदौ ८ गते रोज ३ शुभम्।

**४९**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७७-WH-०४१८, बन्दीप्रत्यक्षीकरणसमेत, प्रेमा कुमारी गिरी वि. काठमाडौं जिल्ला अदालतसमेत*

निवेदकले जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२(१) बमोजिम कैद छुटको माग गरेको अवस्था रहेको छ, सो सम्बन्धमा उक्त कानूनी व्यवस्थालाई उल्लेखन गर्न सान्दर्भिक देखिन्छ। जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२(१) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वादी भई चलेको कुनै मुद्दामा कैद सजाय पाई कैद भोगिरहेको जेष्ठ नागरिकलाई निजको उमेर र कसुरको अवस्था हेरीः (क) पैंसट्ठी वर्ष उमेर पूरा भई सत्तरी वर्ष ननाघेका जेष्ठ नागरिकलाई पच्चिस प्रतिशतसम्म, (ख) सत्तरी वर्ष उमेर पूरा भई पचहत्तर वर्ष ननाघेका जेष्ठ नागरिकलाई पचास प्रतिशतसम्म र (ग) पचहत्तर वर्ष उमेर पूरा भएका जेष्ठ नागरिकलाई पचहत्तर प्रतिशतसम्म कैद छुट दिन सकिने प्रावधान उल्लेख भएको देखिन्छ। उक्त कानूनी व्यवस्थाको सुरूवातमै "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दावली उल्लेख भई अन्य सामान्य कानूनमा जेष्ठ नागरिकका सम्बन्धमा जुनसुकै व्यवस्था गरिएको भए तापनि निजहरूका सम्बन्धमा जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ लाई नै विशेष ऐन मानी सोही ऐनको व्यवस्था नै आकर्षित हुने भनी स्पष्ट गरेको पाइन्छ। साथै सोही दफामा "नेपाल सरकार वादी भई चलेका कुनै मुद्दामा" भन्ने शब्दावलीको प्रयोग भई कैदमा रहेका जेष्ठ नागरिकलाई प्रदान गरिने कैद छुटका सम्बन्धमा कुनै मुद्दा विशेषलाई अपवादको रूपमा लिएको नदेखिने।

रिट निवेदक राजेन्द्रप्रसाद यादवलाई लागु औषध (खैरो हिरोइन) मुद्दामा १९ वर्ष ६ महिना कैद र २० लाख २५ हजार जरिवाना हुने फैसला काठमाडौं जिल्ला अदालतबाट भई सो फैसला सर्वोच्च अदालतबाट समेत २०७२।११।४ गते सदर भई मुद्दा अन्तिम भएर मिति २०६९।१२।२२ को कैदी पुर्जीबाट कैद म्याद ठेकी पठाई हाल यी निवेदक राजेन्द्र प्रसाद यादव फैसला कार्यान्वयनको रोहमा थुनामा रहेको देखिँदा यस थुनालाई गैरकानूनी भन्न सकिएन। बन्दीप्रत्यक्षीकरणको रिट खारेज हुने।

अब जेष्ठ नागरिकको सुविधाको हकमा विचार गर्दा, रिट निवेदक राजेन्द्र प्रसाद यादवको उमेर हाल ७५ वर्ष पुगेको देखिन्छ। ७५ वर्ष उमेर पूरा भएको जेष्ठ नागरिकलाई ७५ प्रतिशतसम्म सजाय छुट भएको व्यवस्था जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ ले गरेको छ। जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ विशेष

ऐनको रूपमा रहेको हुँदा यस ऐनबमोजिम दिने सुविधा, थुनुवाको उमेर, कसुरको अवस्था, शारीरिक, सामाजिक अवस्थासमेतलाई हेरी दिने सुविधा भएको परिप्रेक्ष्यमा विशेष ऐनको रूपमा आएको जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ अनुसार नै छुट सुविधा यी निवेदक प्रतिवादी राजेन्द्रप्रसाद यादवले पनि प्राप्त गर्न सक्ने नै देखियो । तसर्थ, मिति २०६९।१२।२२ को च.नं.४५४१ को काठमाडौं जिल्ला अदालतको कैदी पुर्जी उत्प्रेषणको आदेशले बदर हुने ।

अब, जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ अनुसार यी निवेदक राजेन्द्र प्रसाद यादवले हालसम्म ४ वर्ष १० महिना १५ दिन (२५प्रतिशत) थुनामा रहेको, जरिवानाबापत लाग्ने कैद ४ वर्ष गरी जम्मा ८ वर्ष १० महिना १५ दिन कैद सजाय पाउनुपर्ने देखिँदा मिति २०६८।१२।०४ देखि जम्मा सजायबापत ८ वर्ष १० महिना १५ दिन (७५ प्रतिशत) को गणना गर्दा २०७७ साल माघ १८ गते कैद भुक्तान गरिसकेको देखिँदा यी प्रतिवादीलाई अन्य मुद्दाबाट कैदमा राख्न नपर्ने भए प्रस्तुत मुद्दाको रोहबाट आजै थुनामुक्त गरिदिने गरी कैदी पुर्जी संशोधन गर्नु भनी विपक्षी काठमाडौं जिल्ला अदालतका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: नारायणप्रसाद चापागाई

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७८ भदौ ८ गते रोज ३ शुभम् ।

**५०**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७२-CR-०७८८, कर्तव्य ज्यान, नेपाल सरकार वि. लालबाबु प्रसाद यादव*

प्रतिवादी लालबाबुप्रसाद यादवले मानसिक रूपमा अस्वस्थ रहेकोले भारतको गोरखपुर स्थित डा. प्रकाश मोहन बेरीसँग जँचाई औषधी खाएको भनी अनुसन्धानको बयानमा उल्लेख गरी प्रेस्क्रिप्सनसमेत पेस गरेको देखिन्छ । प्रतिवादी लालबाबुप्रसाद यादवले आफ्नो भान्जा विशालकुमार यादवलाई अष्टधाम यज्ञ गर्न भनी आफ्नो घरमा ल्याएका र मिति २०६७।१०।२६ गते राति यी प्रतिवादी र मृतक विशालकुमार यादवसँगै सुतेको, राती भान्जालाई काखमा लिई खेलाएको निजकी आमा सुनैनादेवीले समेत देखेको, घटना विवरण कागज गर्ने अरविन्दप्रसाद महतोसमेतका मानिसहरूले यी प्रतिवादीको मानसिक अवस्था ठिक नभएको भनी अनुसन्धान अधिकारीसमक्ष गरेको कागजलाई समर्थन हुने गरी अदालतमा बकपत्रसमेत गरेको देखिन्छ । यी प्रतिवादीको भाञ्जा मृतक विशालकुमार यादव र निजकी आमा सुनैनादेवीसँग कुनै रिसइवी भएको पनि देखिदैन । यी प्रतिवादीको अनुसन्धानकै क्रममा २०६७।१०।२८ मा स्वास्थ्य जाँच हुँदा कलैया अस्पतालको च.नं. १७९ मिति २०६७।११।१ को पत्रबाट प्रतिवादी मानसिक रूपमा पूर्ण स्वस्थ नदेखिएको भनी उल्लेख भएको देखिन्छ । यी प्रतिवादीले मृतक विशालकुमार यादवलाइ मारेको तथ्य स्थापित भए पनि मृतक आफ्ना भान्जा भएको र निजलाई मार्नुपर्ने कुनै कारण रिसइवी रहे भएको भन्ने कुरा मिसिलमा कहीँ कतैबाट पुष्टि भएको नदेखिने ।

प्रस्तुत मुद्दामा प्रतिवादीले पूर्वयोजना बनाई मृतकलाई मार्ने कुनै मनसाय राखी उक्त कार्य गर्न निजले कसैको सल्लाह सहमति लिएको पनि देखिँदैन । प्रतिवादी लालबाबु प्रसाद यादवले अनुसन्धान अधिकारी तथा अदालतसमेतमा बयान गर्दा भान्जा विशाललाई कर्तव्य गरी मारेकोमा काम तमाम गरिदिएको भनी बयान गरेको देखिन्छ । प्रतिवादीको मृतक भान्जा तथा दिदीसमेत सँग कुनै रिसइवी तथा मृतक विशाललाई मार्नुपर्ने सम्मको कुनै कारण देखिँदैन । दिदीको घरबाट प्रतिवादी फर्किन खोज्दा भान्जा विशालले संगै जान कर गरेकोले पठाएको भनी जाहेरवाला ठाकुर राउत अहिरले कागज गरेको देखिएको त्यसै गरी मृतककी हजुरआमा सुनैनादेवी, जाहेरवाला ठाकुर राउत तथा मौकामा कागज गर्ने अरविन्द प्रसाद सुखाडी राउतसमेतका व्यक्तिहरूले प्रतिवादी लालबाबुप्रसाद यादवको मगज विग्रिएको हुँदा बौलाएको अवस्थामा भान्जा विशालको हत्या गरेको हो । भान्जाको हत्या गर्दा निजलाइ केही थाहा थिएन भनी

बकपत्र गरेको र जाहेरी दर्ता हुनासाथ अनुसन्धानको क्रममा गरिएको प्रतिवादी लालबाबुप्रसाद यादवको स्वास्थ्य परीक्षण रिपोर्टबाटसमेत निज पूर्णरूपमा स्वस्थ्य नरहेको वारदात गर्दाको अवस्थामा निजको मगज बिग्रेको भनी मिसिल संलग्न प्रमाणहरूबाट पुष्टी भइरहेको हुँदा साबिक मुलुकी ऐन, दण्ड सजायको १ नं. ले प्रतिवादी आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने अवस्थामा रहेको हुँदा निजलाई सजाय नगरी आरोपित कसुरबाट सफाइ दिनेगरी सुरू अदालतबाट भएको फैसलालाई सदर गरेको तत्कालीन पुनरानवेदन अदालत, हेटौँडाको फैसलालाई अन्यथा मान्न मिलेन । यस अदालतबाट प्रतिवादीले आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने अवस्था रहेको प्रमाणबाट नदेखिएको भनी अनुमति प्रदान हुने गरी भएको आदेशसँग सहमत हुन नसकिने।

तसर्थ, प्रतिवादी लालबाबु प्रसाद यादवले वारदात गर्दाको अवस्थामा निजको मगज बिग्रेको र आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने अवस्था रहेको हुँदा अभियोग दाबीबाट प्रतिवादी लालबाबु प्रसाद यादवलाई सफाइ दिने गरी भएको बारा जिल्ला अदालतको मिति २०६९।११।१६ को फैसला सदर हुने ठहर गरी तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।०२।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: नारायण सापकोटा/ निराजन शर्मा
कम्प्युटर: सरस्वती दाहाल
इति संवत् २०७८ साल फागुन ८ गते रोज १ शुभम।

**५१**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७२-CR-१६६९, भ्रष्टाचार, रन्जितकुमार गुप्ता वि. नेपाल सरकार*

सर्वप्रथम यी प्रतिवादीलाई त्रि.वि.को कर्मचारी भएबापत लागु हुने त्रि.वि. शिक्षक कर्मचारी सेवासम्बन्धी नियम, २०५० को परिच्छेद ९ को आचरणसम्बन्धी महलको नियम ६९ को कानूनी व्यवस्थालाई चर्चा गर्नु सान्दर्भिक देखिन्छ । उक्त कानूनी व्यवस्थालाई हेर्दा, "अन्य स्थानमा काम गर्न नहुने" भन्ने शीर्षकमा "शिक्षक वा कर्मचारीले त्रिभुवन विश्वविद्यालयसम्बन्धी कामबाहेक कुनै प्रकारको अन्य रोजगारी कार्यकारी परिषद्बाट तोकिएको पदाधिकारी वा समितिको पूर्वस्वीकृतिबेगर गर्नु हुँदैन । त्रिभुवन विश्वविद्यालय र अन्य विश्वविद्यालयमा एकै साथ पूरा वा आंशिक समयमा समेत कुनै नियुक्ति लिई वा नलिई काम गर्नु हुँदैन" भन्ने उल्लेख भएको पाइँन्छ । यसरी विश्वविद्यालयबाहेक अन्य निकायमा विनापूर्वस्वीकृति नोकरी गरेमा सोही त्रि.वि. शिक्षक कर्मचारी सेवासम्बन्धी नियम, २०५० को परिच्छेद १० को विभागीय कार्यबाही, सजाय र पुनरावेदन महलको नियम ८३.(छ) बमोजिम नसिहत दिने, ग्रेड वृद्धि वा बढुवा रोक्का गर्न सकिने व्यवस्था गरिएको पाइन्छ । उल्लिखित कानूनी व्यवस्थाको पृष्ठभूमिमा यी प्रतिवादी रन्जितकुमार गुप्ताले गरेको आचरण अर्थात् पूर्वस्वीकृतिविना दुई स्थानमा नियुक्ति भई गरिरहेको काम विभागीय कारबाहीअन्तर्गतको विषयभित्र पर्ने देखिने।

तसर्थ कार्यालय समय अतिरिक्त कुनै स्वीकृति नलिई अन्य ठाउँमा काम गरेको त्रि.वि. शिक्षक कर्मचारी सेवासम्बन्धी नियम, २०५० को परिच्छेद १० को विभागीय कार्यबाही, सजाय र पुनरावेदन महलको नियम ८३(छ) सँग सम्बन्धित रहेको अवस्थामा प्रतिवादी रन्जितकुमार गुप्तालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिम १०(दश) दिन कैद हुने ठहऱ्याएको विशेष अदालत काठमाडौंको मिति २०७२।९।१३ को फैसला मिलेको नदेखिँदा उल्टी हुने । प्रतिवादी रन्जितकुमार गुप्ताले सफाइ पाउने।

इजलास अधिकृत: हिरा डंगोल, मतिना शाक्य
कम्प्युटर: चन्द्रा तिमल्सेना
इति संवत् २०७८ मङ्सिर २८ गते रोज ३ शुभम्।

**५२**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७१-RB-०२९४, ०७२-RB-०२८४, बैंङ्किङ कसुर, राजुकुमार प्रधान वि. नेपाल*

*सरकार, नेपाल सरकार वि. राजुकुमार प्रधानसमेत*

मिसिल संलग्न प्रमाण कागजसमेतको आधारमा दाबीको कर्जाको धितोको रूपमा रहेको कित्ता नं. १ र १०४२ को जग्गाको सट्टा भक्तपुर जिल्ला सिद्धिगणेश गा.वि.स. वडा नं ७ कित्ता नं ११० क्षेत्रफल ३-१०-२-० जग्गा र धितोको रूपमा रहेको काठमाडौं जिल्ला डाँछी गा.वि.स. वडा नं, ३ग कित्ता नं. ३ को क्षेत्रफल १-६-१-० जग्गाको धितोबाट कर्जा असुलीको प्रक्रिया नै अबलम्बन नगरी, धितो परिवर्तन गरेको वस्तुनिष्ठ आधार प्रमाणबिना फाइनान्सलाई आर्थिक हानि नोक्सानी हुन गएको भन्ने वादीको दाबीसँग सहमत हुन नसकिने।

प्रतिवादीहरू सचिन के सुनुवार, किशोरकुमार महर्जन, उपेन्द्रनारायण श्रेष्ठ, कृष्णप्रसाद श्रेष्ठ, बिपिन तिम्ला, उमेश श्रेष्ठ, रमेशलाल श्रेष्ठ, सिद्धिदास सायमी, कपुरप्रसाद बैजु, लक्ष्मणप्रसाद श्रेष्ठ, महेन्द्रप्रसाद श्रेष्ठ, राजसुन्दर श्रेष्ठ, राजन सुवाल र सरस्वती भट्टराईसमेत हकमा विचार गर्दा, उल्लिखित तथ्य कानूनी व्यवस्था एवं विवेचनासमेतको दाबीको कर्जा प्रवाहसम्बन्धी काम कारबाही कानूनसम्मत रहेको देखिएकोले मुख्य अभियुक्तको रूपमा रहेका प्रतिवादी राजुकुमार प्रधानसमेत उपरको अभियोग दाबी वस्तुनिष्ठ रूपमा पुष्टि नभई निज प्रतिवादीसमेतले अभियोग दाबीबाट सफाइ पाउने देखिएकोले निज प्रतिवादीहरू सचिन के सुनुवार, किशोरकुमार महर्जन, उपेन्द्रनारायण श्रेष्ठ, कृष्णप्रसाद श्रेष्ठ, बिपिन तिम्ला, उमेश श्रेष्ठ, रमेशलाल श्रेष्ठ, सिद्धिदास सायमी, कपुरप्रसाद बैजु, लक्ष्मणप्रसाद श्रेष्ठ, महेन्द्रप्रसाद श्रेष्ठ, राजसुन्दर श्रेष्ठ, राजन सुवाल र सरस्वती भट्टराईले समेत सोही आधार र कारणबाट निजहरू उपरको अभियोग दाबी वस्तुनिष्ठ रूपमा पुष्टि नभई निज प्रतिवादीहरूले समेत अभियोग दाबीबाट सफाइ पाउने देखिन आउने।

अतः प्रतिवादीहरू राजुकुमार प्रधान, सचिन के सुनुवारसमेतलाई अभियोग दाबीबाट सफाइ पाउने ठहर गर्नुपर्नेमा प्रतिवादी सचिन के सुनुवारलाई बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा १५(२)(घ) बमोजिम तीन वर्ष कैद, बिगो दुई करोड बाह्र लाख फाइनान्सलाई भराई बिगोबमोजिम जरिबाना हुने तथा प्रतिवादी राजुकुमार प्रधानलाई सोही ऐनको दफा १५ (६) बमोजिम एक वर्ष छ महिना कैद र एक करोड छ लाख जरिबाना हुने र अन्य प्रतिवादीहरू किशोरकुमार महर्जन, उपेन्द्रनारायण श्रेष्ठ, कृष्णप्रसाद श्रेष्ठ, बिपिन तिम्ला, उमेश श्रेष्ठ, रमेशलाल श्रेष्ठ, सिद्धिदास सायमी, कपुरप्रसाद बैजु, लक्ष्मणप्रसाद श्रेष्ठ, महेन्द्रप्रसाद श्रेष्ठ, राजसुन्दर श्रेष्ठ, राजन सुवाल र सरस्वती भट्टराईसमेतलाई मात्र अभियोग दाबीबाट सफाइ पाउने ठहर भई तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१०।२९ मा भएको फैसलामा राजुकुमार प्रधान र सचिन के सनुवारको हदसम्म नमिलेकोले केही उल्टी भई प्रतिवादीहरू राजुकुमार प्रधान र सचिन के सुनुवारसमेतले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत : उदवीर नेपाली/नारायण सापकोटा/निराजन शर्मा

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७९ साल असार ९ गते रोज ५ शुभम्।

## ५३

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री कुमार रेग्मी,** *०७६-CR-१९४१, लागु औषध ब्राउन सुगर, नेपाल सरकार वि. अमानत उल्ला तेली भन्ने मो. जाकिर तेलीसमेत*

प्रतिवादी अमानत उल्ला तेली भन्ने मो.जाकिर तेलीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम कैद ६(छ) वर्ष र रू.६,०००।- जरिवाना र लोहा भन्ने रिजवान तेलीलाई ऐ. ऐनको दफा १७ बमोजिम सोको आधाले हुन आउने कैद ३ (तीन) वर्ष र रू.३,०००।- जरिवाना हुने ठहर गरेको सुरू बाँके जिल्ला अदालतको फैसलालाई उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट प्रतिवादीहरूलाई कसुर कायम गरेतर्फ मिलेकै देखिए तापनि कैद अवधि र जरिवानाको अङ्क मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी गरी पुनरावेदक प्रतिवादी अमानत उल्ला तेली भन्ने मो.जाकिर तेलीलाई लागु औषध (नियन्त्रण)

ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम कैद ५ (पाँच) वर्ष र जरिवाना रू.५,०००।- (पाँच हजार) र अर्को पुनरावेदक प्रतिवादी लोहा तेली भन्ने रिजवान तेलीलाई ऐ. ऐनको दफा १७ बमोजिम कैद २(दुई) वर्ष ६ (छ) महिना र जरिवाना रू.२,५००।- (पच्चिस सय) हुने ठहऱ्याई गरेको फैसलालाई अन्यथा मान्न मिल्ने नदेखिने।

प्रतिवादी लोहा भन्ने रिजवान तेलीको साथबाट उक्त लागु औषध ब्राउन सुगरसमेत बरामद नभएको, निजले मौकामा तथा अदालतमा बयान गर्दा बिगत २ वर्षदेखि आफूले पनि लागु औषध सेवन गर्ने गरेको र अर्का प्रतिवादी अमानत उल्ला तेली भन्ने मो.जाकिर तेलीलाई लागु औषध बेच्ने मानिससम्म चिनाइदिएको हो, उक्त लागु औषध निजको नै हो भनी बयान गरेको देखिँदा निज प्रत्यक्ष रूपमा उक्त बरामद भएको लागु औषध ओसारपसारमा संलग्न नभई केवल लागु औषधसहित पक्राउ परेका अर्का प्रतिवादीलाई उक्त लागु औषध किन्नको लागि मानिस चिनाई सहयोगसम्म गरेको देखिएको हुँदा निज प्रतिवादीसमेतलाई मुख्य अभियुक्त सरह सजाय गर्नु फौजदारी न्यायका सिद्धान्त विपरीत हुन जाने हुनाले निज प्रतिवादी लोहा तेली भन्ने रिजवान तेलीलाई मतियार कायम गरी लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १७ बमोजिम कैद वर्ष २ (दुई) महिना ६ (छ) कैद र जरिवाना रू.२,५००।- (पच्चिस सय) हुने ठहऱ्याई भएको उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलासको फैसला कानूनसम्मत नै देखिन आउने।

अतः प्रतिवादी अमानत उल्ला तेली भन्ने मो.जाकिर तेलीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम ६(छ) वर्ष कैद र रू.६,०००।- जरिवाना र लोहा भन्ने रिजवान तेलीलाई ऐ. ऐनको दफा १७ बमोजिम सोको आधाले हुन आउने ३ (तीन) वर्ष कैद र रू.३,०००।- जरिवाना हुने ठहर गरेको सुरू बाँके जिल्ला अदालतको मिति २०७५।१२।१० को फैसलालाई प्रतिवादीहरूलाई कसुर कायम गरेतर्फ मिलेकै देखिए तापनि कैद अवधि र जरिवानाको अङ्क मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी गरी पुनरावेदक प्रतिवादी अमानत उल्ला तेली भन्ने मो.जाकिर तेलीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम कैद वर्ष ५ (पाँच) र जरिवाना रू.५,०००।- (पाँच हजार) र अर्को पुनरावेदक प्रतिवादी लोहा तेली भन्ने रिजवान तेलीलाई ऐ. ऐनको दफा १७ बमोजिम कैद वर्ष २(दुई) महिना ६ (छ) कैद र जरिवाना रू.२,५००।- (पच्चिस सय) हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७६।०८।१६ मा भएको फैसलालाई मिलेकै देखिँदा सदर हुने । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः उदवीर नेपाली (उपसचिव)
कम्प्युटर : सरस्वती दाहाल
इति संवत् २०७९ साल वैशाख २५ गते रोज १ शुभम्।

## ५४

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-CR-२६५१, जबरजस्ती करणी, दिपक परी वि. नेपाल सरकार*

जबरजस्ती करणी हुनका लागि जबरजस्ती करणी गर्ने मनसाय, जबरजस्ती करणी गर्ने कार्य, पीडितको करणी गर्ने कार्यमा मन्जुरीको अभाव आदि तत्त्वहरूको विद्यमानता हुनुपर्नेमा सोको आभाससम्म पनि आरोपित कसुरमा रहेको छैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, नामथर परिवर्तित पीडित बुढीगंगा 'छ' को जन्म मिति २०६१।०१।१० गते रहेको निजको जन्मदर्ता प्रमाणपत्रबाट देखिन्छ । तत्कालीन मुलुकी ऐन, २०२० को जबरजस्ती करणीको महलको १ नं. मा "कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ" भन्ने कानूनी व्यवस्था गरी १६ वर्ष उमेर नपुगेको बालिकालाई निजको मन्जुरी लिई गरेको करणी कार्यसमेत जबरजस्ती करणी हुने भनी स्पष्ट रूपमा कानूनद्वारा नै परिभाषित गरी नाबालिकसँग

कुनै पनि तरहले करणी गर्ने कार्य (Statutory Rape) अन्तर्गत राखेको पाइन्छ । प्रस्तुत वारदातमा पीडित भएकी नामथर परिवर्तित बुढीगंगा 'छ' १२ वर्षको नाबालिका रहेको देखिन्छ । यस अवस्थामा करणी गर्ने कार्यमा पीडितको मन्जुरी थियो वा थिएन भन्ने प्रश्नलाई कानूनले नै अस्वीकार गरेको अवस्थामा जबरजस्ती करणी अपराधका तत्त्वहरूको विद्यमानता नरहेको भन्ने प्रतिवादीको जिकिरलाई कानूनसम्मत मान्न मिल्ने देखिँदैन । यसप्रकार यी प्रतिवादीले पीडित परिवर्तित नाम बुढीगंगा 'छ' लाई जबरजस्ती करणी गरेको ठहर्ने गरी सुरू बाजुरा जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको उच्च अदालत, दिपायलको फैसलालाई अन्यथा मान्न मिल्ने नदेखिने ।

अतः प्रतिवादी दिपक परीले परिवर्तित नाम बुढीगंगा 'छ' लाई जबरजस्ती करणी गरेको पुष्टि भएको हुँदा सुरू बाजुरा जिल्ला अदालतबाट मिति २०७४।०१।२० मा भएको फैसलालाई सदर गरेको उच्च अदालत, दिपायलको मिति २०७५।०५।२५ को फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः उदविर नेपाली (उपसचिव)

कम्प्युटरः सरस्वती दाहाल

इति संवत २०७९ साल बैशाख २५ गते रोज १ शुभम् ।

५५

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरि प्रसाद फुयाल,** *०७७-RB-०११३, बैंङ्किङ कसुर, नेपाल सरकार वि. शिवधर राय यादव*

राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको चेक परीक्षण प्रतिवेदन तथा वरिष्ठ वैज्ञानिक अधिकृत श्री मुकुल प्रधानको बकपत्रबाट नै नमुना दस्तखत र विवादित दस्तखतहरू एकआपसमा नमिलेको तथ्य प्रस्ट भइरहेको अवस्थामा बैंकले दस्तखत नभिडेको भनी उल्लेख नगरेको र पछि लिएको हस्ताक्षर तथा दस्तखत नमुना चेकमा भएको हस्ताक्षर र दस्तखतभन्दा फरक देखिनु स्वाभाविक हो भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः प्रतिवादीले आरोपित कसुरमा इन्कार रही आफूले चेक नदिएको र विवादित चेकमा परेको दस्तखत आफ्नो नभएको भनी गरेको बयान, निजको साक्षीहरूको बकपत्र, प्रतिवादीको नमुना दस्तखत र विवादित चेकको दस्तखत आपसमा नभिडेको भन्ने राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन र सोलाई समर्थन गर्ने सम्बन्धित विशेषज्ञको बकपत्रसमेतका मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुन आएन । प्रतिवादीउपरको अभियोग दाबी पुष्टि भएको नदेखिँदा प्रतिवादी शिवधर राय यादवले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको उच्च अदालत पाटनबाट मिति २०७६।३।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । प्रत्यर्थी झिकाउने अनुमति दिनुपर्ने देखिएन । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: मतिना शाक्य

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७८ साल असार २२ गते रोज ३ शुभम् ।

५६

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरि प्रसाद फुयाल,** *०७६-RB-०२७८, बैंङ्किङ कसुर, नेपाल सरकार वि. बबिता श्रेष्ठसमेत*

बैंङ्किङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५ (२)(घ) मा "एक करोड रूपैयाँभन्दा बढी दश करोड रूपैयाँसम्म बिगो भए चार वर्षदेखि छ वर्षसम्म कैद र बिगोबमोजिम जरिवाना हुने छ" तथा दफा १५(३)(ख)(२) मा "पचास लाख रूपैयाँदेखि पाँच करोड रूपैयाँसम्म बिगो भए तिन वर्षदेखि पाँच वर्षसम्म कैद र बिगोबमोजिम जरिवाना हुने छ" भन्ने उल्लेख भएको पाइन्छ । सर्वोच्च अदालतको पूर्ण बैठकबाट मिति २०७५।११।८ मा स्वीकृत बैंङ्किङ कसुरको सजाय निर्धारणसम्बन्धी मार्गदर्शनको भाग २ को चौँथो चरणमा यस कसुरमा सजाय निर्धारण गर्दा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १४ मा उल्लिखित सजाय निर्धारणका सिद्धान्त

अवलम्बन गर्नु पर्ने भनी उल्लेख गरिएको पाइन्छ । फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १४ (घ) मा "एकभन्दा बढी कसुरको लागि सजाय गर्दा वा कुनै कसुरमा सजाय गर्दा समग्र सजाय भोगिरहेको कसुरदारलाई अर्को कसुरबापत सजाय गर्दा समग्र सजाय उचित र समानुपातिकभन्दा बढी हुन नहुने" भनी उल्लेख गरिएको पाइन्छ । यस कानूनी प्रावधानको परिप्रेक्ष्यमा यी प्रतिवादीद्वयले मौका तथा अदालतमा कसुरमा साबिती रही बयान गरी अदालतलाई सहयोग पुऱ्याएकोसमेत देखिँदा यी प्रतिवादीद्वयलाई समग्रमा ३ वर्ष ४ महिना कैद र रू १,४०,००,०००।– जरिवाना तथा मनकामनामाई बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड आँबुखैरनी -६, तनहुँलाई रू.१७,३९,०००।- निज प्रतिवादीहरूबाट भराइदिने सजाय गर्दा कसुरबापत गरिएको सजायमा सन्तुलन कायम भई न्यायको मकसद पूरा हुने नै देखिने।

अनुसन्धानको क्रममा कागज गर्ने व्यक्तिहरू तुला नारायण श्रेष्ठ, विपिन मल्ल तथा उक्त सहकारी संस्थाका अध्यक्ष भगवान दास मल्लसमेतका मानिसहरूले अदालतमा बकपत्र गर्दा उक्त रकम निकाल्ने कार्यमा यी प्रतिवादीहरूको मिलेमतो वा संलग्नता रहेको भनी किटानीका साथमा बकपत्र गरेको देखिँदैन । सहकारी संस्थाका कर्मचारीहरू नारायण प्रसाद तिमिल्सिना, प्रविन अधिकारी तथा केशव अधिकारीको चेक किर्ते गरी रकम भुक्तानी लिने कार्यमा कुनै संलग्नता नरहेको भनी सहकारी संस्थाका संस्थापक अध्यक्ष विपिन मल्लले बकपत्र गरेको देखिन्छ भने यति डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालयमा तथा सो बैंकका विभिन्न शाखामा कर्मचारीको रूपमा कार्यरत प्रतिवादीहरूले आफ्नो पदीय जिम्मेवारीबमोजिमका कार्यहरू मात्र गरेको देखिने।

अत: प्रतिवादीहरू पल्लवी रिमाल, मन्जु स्थापित, आकृति कोइराला, पुनम कसजु, रञ्जना श्रेष्ठ, कृष्णा राजभण्डारी, केशव अधिकारी, नारायण प्रसाद तिमिल्सिना र प्रविन अधिकारीले अभियोग दाबीबमोजिम कसुर गरेको नदेखिँदा प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने र प्रतिवादीहरू बबिता श्रेष्ठ र हेमन्त भन्ने कृष्ण श्रेष्ठले बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ को परिच्छेद २ दफा १२ (क) को कसुर गरेको हुँदा सोही ऐनको दफा १५(३)(ख)(२) अनुसार ३ वर्ष ४ महिना कैद र रू १,४०,००,०००।- जरिवाना तथा मनकामनामाई बहुउद्देशीय सहकारी संस्था लिमिटेड आँबुखैरेनी-६ तनहुँलाई रू.१७,३९,०००।- निज प्रतिवादीहरूबाट भराइदिनेसमेत ठहऱ्याएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७६।२।२९ को फैसला मिलेकै देखिँदा सदर हुने । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: मतिना शाक्य

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७८ साल असार २२ गते रोज ३ शुभम्।

**५७**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७७-RC-००९३, कर्तव्य ज्यान, नेपाल सरकार वि. सोनाम तामाङ*

बरामद भएको २ इन्च मोटाई र ५ फिट लम्बाइको फलामे पाइपले आफूले पीडितलाई प्रहार गरेको हो भनी प्रतिवादीले सनाखत गरिदिएको र मृतकको लासको पोष्ट मार्टम रिपोर्टमा मृत्युको कारण Blunt force injury to the head भनी खुलाइएको पाइन्छ । मिति २०७४।१०।२१ गते घटना घटेकोमा उपचारको क्रममा मिति २०७४।१०।२६ गते बिहान ०५:०० बजेको समयमा पीडित आइते तामाङको मृत्यु भएको लास जाँच मुचुल्काबाट देखिन्छ । प्रतिवादीले बरामदित उक्त फलामे पाइपले प्रहार गरेकै चोटका कारण छैठौँ दिनमा पीडितको मृत्यु भएको पुष्टि भएको देखिन आयो । रिस उठी फलामको हतियारले पहिला छोरालाई अनि बाबुलाई प्रहार गरेको भन्ने प्रतिवादीकै भनाइबाट उक्त कार्यमा प्रतिवादीको मनसाय रहेको देखिने।

अब प्रतिवादीलाई १० वर्षको कैद हुन मनासिब

रहेको भनी सुरू अदालतबाट पेस भएको रायलाई सदर हुने ठहर गरेको उच्च अदालत पाटनको फैसला राय सदर गरेको हकमा मिलेको छ कि छैन भनी हेर्दा, मुलुकी ऐन, अ.बं. १८८ नं. मा "सर्वस्वसहित जन्मकैद गर्नुपर्ने भएका मुद्दामा साबित ठहरे पनि इन्साफ गर्ने हाकिमको चित्तले भवितव्य हो कि भन्न हुनेसम्मको शङ्काले वा अपराध गरेको अवस्था विचार गर्दा कसुरदारलाई ऐनबमोजिमको सजाय दिँदा चर्को हुने भई घटी सजाय हुनुपर्ने चित्तले देखेमा ऐनले गर्नुपर्ने सजाय ठहराई आफ्ना चित्तले देखेको कारणसाहितको खुलासा राय पनि साधक तोकमा लेखी जाहेर गर्नु हुन्छ..." भन्ने व्यवस्था रहेको देखिन्छ। यी प्रतिवादी र मृतक नाताका मानिस रहेको, यी दुई परिवार अर्मपर्म गरी भूकम्पमा भत्केको घर निर्माण गरिरहेको देखिएको, पूर्वरिसइवी केही पनि नरहेको, मृतक र मृतकको छोरा जाहेरवालाले प्रतिवादीलाई विदेशमा गई गाई, सुँगुरको मासु खाएकोले सुँगुर भइस्, मुसलमान भइस् भनी अपमानित गरेकाले आत्मग्लानी भई फलामको पाइपले प्रहार गरेको भनी प्रतिवादीले सत्य साँचो बेहोरा मौकामा लेखाइदिई अदालतमा बयान गर्दा सवाल जवाफ ५ मा आफू बिरामी छु भनी केही नबोली घटनाप्रति पश्चाताप गरेको निजको व्यवहारबाट देखिएको तथा मानसिक रोगको उपचारसमेत गराइरहेको अवस्थासमेतलाई दृष्टिगत गर्दा प्रतिवादीलाई कानूनबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिएकोले अ.बं.१८८ नं. बमोजिम प्रतिवादी सोनाम तामाङलाई १० वर्ष कैद सजाय गर्ने गरी सुरू जिल्ला अदालतबाट मिति २०७५।०१।१० गते भएको फैसलालाई सदर हुने ठहर गरी उच्च अदालत पाटनले व्यक्त गरेको मिति २०७६।०२।२० को फैसलामा व्यक्त राय मनासिब देखिँदा प्रतिवादीलाई १० वर्ष मात्र कैद सजाय हुने राय सदर हुने।

केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(क) मा कुनै कसुरको सजाय साबिक ऐनमा मुलुकी अपराध संहितामा लेखिएको भन्दा बढी रहेछ भने संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ भन्ने कानूनी व्यवस्था भएको र मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वसहित जन्म कैदको कानूनी व्यवस्था नभएको र ऐ. को दफा १७७ (२) मा ज्यान मार्ने कसुर गर्ने गराउने व्यक्तिलाई जन्मकैदको सजाय मात्र हुने भनी कानूनी व्यवस्था रहेभएको देखिएकोले प्रस्तुत मुद्दामा पनि यी प्रतिवादी सोनाम तामाङलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैद नहुने तथा निजलाई १० वर्ष कैदको राय सदर भएकाले १० वर्ष मात्र सजाय हुने।

इजलास अधिकृतः विकाशकुमार रजक
कम्प्युटर: चन्द्रा तिमल्सेना
इति संवत् २०७८ असार १८ गते रोज ६ शुभम्।

**५८**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७७-RC-०१०७, कर्तव्य ज्यान, नेपाल सरकार वि. काइँला भन्ने पदमबहादुर राई*

प्रतिवादी काइँला भन्ने पदमबहादुर राईको दाजु डिकबहादुर राईले पीडित दिपकुमार राईकी दिदिलाई जबरजस्ती करणी गरेको मुद्दाको विषयमा छलफल गर्न भनी प्रतिवादी काइँला भन्ने पदमबहादुर राईले पीडित दिपकुमार राईलाई घटनास्थलसम्म लगेको र कुरा नमिलेपछि स्टिफन राई र आफूसमेत भई मारेको भनी अधिकारप्राप्त अधिकारीसमक्ष कसुर स्वीकार गरेकोमा अदालतमा बयान गर्दा मृतकसँग जबरजस्ती करणी मुद्दा दिएको विषयमा रिसइवी रहेको र मृतक घरबाट हिँडी हराएको दिन मैले फोन गरेको आधारमा शंका गरी ममाथि झुठो आरोप लगाएका हुन् भनी कसुरमा इन्कारी बयान गरेको देखिन्छ । जिल्ला मोरङ केरावारी गाउँपालिका वडा नं. ३ स्थित पताले खोल्सीको जंगलमा फेला परेको मानव कंकाल जाहेरवालाको भाइ दिपकुमार राईको भएको केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाका परीक्षक प्र.नि. रविन भण्डारीको बकपत्रबाट पुष्टि भएको पाइन्छ। प्रतिवादी काइँला भन्ने पदमबहादुर राईले अनुसन्धानको क्रममा बयान गर्दा पीडित दिपकुमार राईको हत्या गर्नको लागि

आफूले घरमा रहेको भरूवा बन्दुक लिएर गएको र प्रहरीले आफूलाई खोजेको जानकारी पाएकाले प्रहरीले फेला नपारून् भनी सो बन्दुक घटनास्थलमा नै राखी आएको भनी उल्लेख गरेकोमा मृतकको लास नजिकै भरूवा बन्दुक फेला परेको घटनास्थल मुचुल्काबाट देखिन्छ । प्रतिवादी काइँला भन्ने पदमबहादुर राईले मामा मृतक दिपकुमार राईलाई मान्छेहरू आउँदैछन् भनिदिनु भनी फोन गरेका थिए, मैले मामालाई सुनाइदिएपछि मामा बेपत्ता हुनुभएको हो, काइँला भन्ने पदमबहादुर राईको संलग्नतामा भाइको कर्तव्यबाट मृत्यु भएको हो भन्ने जाहेरी दरखास्त र घटना विवरण कागजको बेहोरा जाहेरवालाले एवं घटना विवरण कागज गर्ने शम्भु राईले समर्थन गरी अदालतसमक्ष बकपत्र गरिदिएको पाइन्छ । मृतक बेपत्ता हुनुअघि मृतककी दिदीलाई यी प्रतिवादीको दाजुले जबरजस्ती करणी गरेको आरोपका विषयमा मृतकलाई फोन गरेको तथ्य स्वयं प्रतिवादीले अदालतमा बयान गर्दा स्वीकार गरेको देखिन्छ । प्रतिवादीका साक्षी हरिशचन्द्र लिम्बूले अदालतमा बकपत्र गर्दा पदमले त्यस्तो कार्य गरेको थाहा छैन,निजले मृतक दिप कुमार राईलाई मारेको जस्तो लाग्दैन, निजको चालचलन ठिकै थियो भनी लेखाए तापनि आफ्नो इन्कारी बयान पुष्टि हुने अन्य यथेष्ठ प्रमाण प्रतिवादीले जुटाउन सकेको नदेखिने ।

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. मा “लाठा ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी हानी, रोपी, घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जनाको हूल भई मारेमा यसैले मारेको वा यसको चोट्ले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ । त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ । सोबाहेक अरूलाई र यसैले मारेको वा यसैका चोटले मरेको भन्ने कुरा सो हात हतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्मकैद गर्नुपर्छ” यी प्रतिवादीले अर्का प्रतिवादी स्टीफन राईसमेत मिली पीडितको कर्तव्य गरी ज्यान मारेको भनी साबिती बयानमा पोल गरेको, निज प्रतिवादी स्टीफन राई फरार रहेको र उपलब्ध साक्षी प्रमाणहरूबाट प्रतिवादी काइँला भन्ने पदमबहादुर राईले कसुर गरेको देखिएकोले माथि उल्लिखित ज्यानसम्बन्धी महलको १३(३) नं. अन्तर्गतको कसुर रहेको पुष्टि हुन आउने ।

तसर्थ फरार प्रतिवादी स्टीफन राईको हकमा मुद्दा मुलतबीमा रहने र प्रतिवादी काइँला भन्ने पदमबहादुर राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. बमोजिमको कसुर ठहर्‍याई प्रतिवादी काइँला भन्ने पदमबहादुर राईलाई ऐ.महलको १३(३) नं. बमोजिम जन्म कैद हुने ठहर्‍याई गरेको सुरू मोरङ जिल्ला अदालतको मिति २०७५।१२।०३ को फैसला सदर हुने ठहर गरेको उच्च अदालत विराटनगरको मिति २०७६।०८।०३ को फैसला मिलेको देखिँदा साधक सदर हुने ।

इजलास अधिकृतः विकाशकुमार रजक

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७८ असार १८ गते रोज ६ शुभम् ।

**५९**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-CR-०४३५, ०७४-CR-०५४८, ०७४-CR-०५४९, ०७४-CR-०७०९, ०७५-RC-०१४२, कर्तव्य ज्यान, मेघबहादुर तामाङ भन्ने मेघबहादुर घले वि. नेपाल सरकार, धनबहादुर तामाङ वि. नेपाल सरकार, आशे भन्ने आशबहादुर तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. बुद्धिमान गुरूङसमेत, नेपाल सरकार वि. मने भन्ने मनबहादुर तामाङसमेत*

प्रतिवादीहरूले मृतकको हात बाँधी तथा हात बाँध्नमा सहयोग पुर्‍याई लात, मुक्काले हान्दै केही पर लगी मृतकलाई खुकुरी प्रयोग गरी शरीरका विभिन्न ठाउँमा प्रहार गरेको तथ्यमा साबित भई यी पुनरावेदक/ प्रतिवादी धनबहादुर तामाङलाई समेत पोल गरी बयान गरेको, घटनास्थल प्रकृति मुचुल्का, लास प्रकृति मुचुलका तथा शव परीक्षण प्रतिवेदनसमेतबाट मृतकको

हात खुट्टा तथा अनुहारका विभिन्न ठाउँमा घाउ चोट पुऱ्याई बाँया हात नाडीसमेत काटी हत्केला नभएको तथा दायाँ हातको नाडी कलाइमा गहिरो काटेको घाउ भएको, बायाँ खुट्टाको गोलीगाँठोमाथि काटी छाला मात्रले झुण्डिएको भन्ने लास प्रकृति मुचुल्काबाट देखिइरहेको अवस्थामा पुनरावेदक/प्रतिवादी धनबहादुर तामाङसमेत सामूहिकरूपमा जम्मा भई भिषण सिम्खडालाई विभत्स तरिकाले साङ्घातिक हतियार खुकुरी प्रयोग गरी कर्तव्य गरी मारेको देखिन आएकोले पुनरावेदक/प्रतिवादी धनबहादुर तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(१) नं. बमोजिमको कसुरमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय हुने ठहर गरी सुरू धादिङ जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत, पाटनबाट भएको फैसला अन्यथा नभई मनासिबै देखिन आयो । अभियोग दाबीबाट सफाइपाउँ भन्ने पुनरावेदक/प्रतिवादीको पुनरावेदन जिकिर एवं विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी बुद्धिमान गुरूङ तामाङ, सन्तबहादुर तामाङ, पूर्णबहादुर तामाङ, राम तामाङ भन्ने आदित्य गुरूङ, वीरबहादुर भन्ने कैलास तामाङलाई अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने पुनरावेदक/वादी नेपाल सरकारको पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा, प्रतिवादीमध्येका बुद्धिमान तामाङले मृतक भिषण सिम्खडाको हत्यामा संलग्नता रहेको भन्ने कुराको अधिकार प्राप्त अधिकारीसमक्ष बयान गरेको भए तापनि अनुसन्धानको क्रममा पक्राउ परेका प्रतिवादीहरू मने भन्ने मनबहादुर तामाङ, सन्जेश तामाङ तथा शम्भु गुरूङ (तामाङ) ले प्रतिवादी बुद्धिमान तामाङको साथमा हतियार रहेको र निज बुद्धिमान तामाङले मृतक भिषण सिम्खडालाई चोट छाडेको भनी लेखाउन सकेको पाइँदैन । अन्य प्रतिवादीहरू सन्तबहादुर तामाङ, पूर्णबहादुर तामाङ, राम तामाङ भन्ने आदित्य गुरूङ, वीरबहादुर भन्ने कैलास तामाङले समेत मृतकलाई हतियारको चोट छाडेको भन्ने मिसिल प्रमाणबाट खुलेको देखिँदैन । प्रतिवादीहरू अदालतमा आई कसुरमा इन्कारी बयान गरेको देखिन्छ । तथापि सहअभियुक्तहरू मनबहादुर तामाङसमेतले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानबाट निज प्रतिवादीहरू वारदातस्थलमा मौजुद रही मृतकलाई घेरा हाल्ने, मृतकलाई भाग्न उम्कन नदिने कार्यमा संलग्नता रहेको भनी बेहोरा लेखाइदिएको देखिने ।

अतः प्रतिवादीहरू धनबहादुर तामाङ, मैचा भन्ने मेघबहादुर तामाङ भन्ने मेघबहादुर घले तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(१) नं. को कसुर अपराधमा ऐ. १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैद हुने, प्रतिवादीहरू बुद्धिमान तामाङ, सन्तबहादुर तामाङ, पूर्णबहादुर तामाङ, वीरबहादुर भन्ने कैलास तामाङ र राम तामाङ भन्ने आदित्य तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. को कसुरमा ऐ. १७(२) नं. अनुसार जनही ५ (पाँच) वर्षका दरले कैद हुने ठहर गरेको सुरू धादिङ जिल्ला अदालतको मिति २०७२।०५।२९ को फैसला र प्रतिवादी आशे भन्ने आशबहादुर तामाङको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(१) नं. को कसुरमा ऐ. महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सोही अदालतको मिति २०७३।०८।२१ को फैसला सदर हुने ठहऱ्याई उच्च अदालत, पाटनबाट मिति २०७४।०३।१३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीमध्येका मने भन्ने मनबहादुर तामाङ र शम्भु गुरूङ (तामाङ) को हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. को कसुर अपराधमा ऐ. १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू धादिङ जिल्ला अदालतको मिति २०७२।०५।२९ को फैसला सदर हुने ठहऱ्याई उच्च अदालत, पाटनबाट मिति २०७४।०३।१३ मा भएको फैसलासमेत मिलेकै देखिँदा साधक सदर हुने ठहर्छ । प्रतिवादीहरू सन्जेश तामाङ र शम्भु गुरूङ (तामाङ) को हकमा सर्वस्वसहित जन्मकैद भएकोमा निजहरूउपर वादी नेपाल सरकारले पेस गरेको अभियोगपत्र तथा प्रतिवादीहरूले मौकामा

एवं अदालतसमक्ष गरेको बयानसमेतबाट वारदात हुँदाको बखत निजहरूको उमेर क्रमश: १७ र १६ वर्ष देखिएकोले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४), मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४), केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ समेतका आधारमा कानूनबमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको दुई तिहाई मात्र सजाय हुने हुँदा निज प्रतिवादीहरू सन्जेश तामाङ र शम्भु गुरूङ (तामाङ) लाई जनही १३।४।० (तेह्र वर्ष चार महिना) कैद हुने ठहर्छ। हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वसहित जन्म कैदको व्यवस्था नरहेबाट सर्वस्वसहित जन्म कैद हुने ठहरेका प्रतिवादीहरूको हकमा जन्म कैद हुने।

इजलास अधिकृत (उपसचिव): इन्द्रकुमार श्रेष्ठ

कम्प्युटर: चन्द्राबती तिमल्सेना

इति संवत् २०७९ साल माघ १५ गते रोज १ शुभम्।

## ६०

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-WO-१०१९, उत्प्रेषणसमेत, नारायण चौधरी वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

यस अदालतको एक न्यायाधीशको इजलासबाट मिति २०७५।३।३१ मा "...अन्तरिम आदेश सम्बन्धमा दुबै पक्ष राखी छलफल गर्न उपर्युक्त देखिएकोले सोको लागि मिति २०७५।०४।१६ को दिन पेसी तोकी सो छलफलको टुङ्गो नलागेसम्मका लागि निवेदकलाई पदमुक्त गर्नेबारेमा मिति २०७५।०३।२० को मन्त्रिपरिषद्को निर्णय र सोको आधारमा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयबाट मिति २०७५।३।२४ मा भएको पत्रानुसार पदमुक्त गरेको पत्रसमेत कार्यान्वयन नगरी नगराई निवेदकलाई यथावत् कामकाज गर्न दिनु..." भनी आदेश भएको देखिन्छ । त्यसै गरी विपक्षी "गुठी संस्थान प्रधान कार्यालय, त्रिपुरेश्वरले आजको पेसीको जानकारी प्राप्त गरेको मिसिलबाट देखिन नआएकोले अन्तरिम आदेश सम्बन्धमा छलफलको लागि पुनः मिति २०७५।०४।२७ को पेसी तोक्ने... साथै अन्तरिम आदेशसम्बन्धी छलफलको टुङ्गो नलागेसम्मको लागि यस अदालतको एक न्यायाधीशको इजलासबाट मिति २०७५।०३।३१ मा जारी भएको अल्पकालीन आदेशलाई निरन्तरता दिइएको छ..." भन्ने यस अदालतको संयुक्त इजलासबाट मिति २०७५।४।२० मा आदेश भएको देखिने।

अतः गुठी संस्थान ऐन, २०३३ को दफा १२क. बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबमोजिम गुठी संस्थानको प्रशासक पदमा यी रिट निवेदकको नियुक्ति भएको र प्रशासक सोही ऐनको दफा ९ मा समितिको सदस्य-सचिव हुने उल्लेख भएको साथै सोही ऐनको दफा ९(३) बमोजिम निजको ३ वर्षको पदावधि व्यतीत भई रिट निवेदनको औचित्य नै समाप्त भइसकेको देखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः नारायण प्रसाद चापागाई

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७८ साल श्रावण २९ गते रोज ६ शुभम्।

## ६१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-WO-१०२०, उत्प्रेषणसमेत, मिनराज चौधरी वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

यस अदालतको एक न्यायाधीशको इजलासबाट मिति २०७५।३।३१ मा "...अन्तरिम आदेश सम्बन्धमा दुवै पक्ष राखी छलफल गर्न उपयुक्त देखिएकोले सोको लागि मिति २०७५।०४।१६ को दिन पेसी तोकी सो छलफलको टुङ्गो नलागेसम्मका लागि निवेदकलाई पदमुक्त गर्नेबारेमा मिति २०७५।०३।२० को मन्त्रिपरिषद्को निर्णय र सोको आधारमा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयबाट मिति २०७५।३।२४ मा भएको पत्रानुसार पदमुक्त गरेको पत्रसमेत कार्यान्वयन नगरी नगराई निवेदकलाई यथावत्

कामकाज गर्न दिनु..." भनी आदेश भएको देखिन्छ । त्यसैगरी यसमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।३।२०को निर्णयको सन्दर्भमा पर्न आएका आजै यसै इजलासमा पेस भएको रिट नं. ०७४-WO-१०१० र ०७४-WO-१००९को रिट निवेदनहरू तथा सम्बन्धित अन्य रिट निवेदनहरूसमेत साथै राखी कानूनबमोजिम गरी पेस गर्नु भन्ने बेहोराको यस अदालतको मिति २०७५।४।२० को तथा यसमा सबै विपक्षीहरूको लिखित जवाफ परिसकेकोले पूर्ण सुनुवाइको लागि पेस गर्नुहोला । साथै पेसी चढाउँदा समान निकायको निवेदन लगाउमा राख्नुहोला भन्नेसमेत बेहोराको यस अदालतको मिति २०७५।७।१४ मा आदेश भएको देखिने ।

अतः गुठी संस्थान ऐन, २०३३ को दफा ९(१)क बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट गुठी संस्थानको अध्यक्ष पदमा यी रिट निवेदकको नियुक्ति भएको र सोही ऐनको दफा ९(३) बमोजिम निजले ३ वर्षको पदावधि पूरा गरिसकेको अवस्था विद्यमान भई रिट निवेदनको औचित्य नै समाप्त भइसकेको देखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नारायण प्रसाद चापागाई

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७८ साल श्रावण २९ गते रोज ६ शुभम् ।

### ६२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७५-WO-०००४, उत्प्रेषणसमेत, कुमारकान्त झासमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

रिट निवेदकलाई नेपाल सरकार (मन्त्रिपरिषद्) ले बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन,२०५५को दफा ६(१)(ठ) बमोजिम मिति २०७४।९।२८ मा बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् सदस्य पदमा नियुक्त गरेको देखिन्छ । यस अदालतको एक न्यायाधीशको इजलासबाट कानूनबमोजिमको प्रक्रिया पूरा गरी नियुक्त पदाधिकारीलाई कुन कानूनअन्तर्गत अवकास दिइएको र प्राकृतिक न्यायको सिद्धान्तबमोजिम सुनुवाइको मौकासमेत प्रदान नगरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएबाट दुवै पक्ष राखी छलफल गर्न उपयुक्त देखिएकोले सोको लागि मिति २०७५।०४।१६ को दिन पेसी तोकी विपक्षीहरूलाई छलफलमा उपस्थित हुन सूचना दिनु । सो छलफलको टुङ्गो नलागेसम्मका लागि निवेदकलाई पदमुक्त गर्ने बारेमा मिति २०७५।०३।२० को मन्त्रिपरिषद्को निर्णय र सोको आधारमा संस्कृति,पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयबाट मिति २०७५।०३।२४ मा भएको पत्रानुसार पदमुक्त गरेको पत्र समेत कार्यान्वयन नगरी नगराई निवेदकलाई यथावत् कामकाज गर्न दिनु भनी आदेश भएको देखिने ।

अतः माथि विवेचित तथ्य, आधार र कारणबाट बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐनको दफा ६(१)(ठ) अनुसार सोही ऐनको दफा ६(२) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबमोजिम बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् सदस्यको २ वर्षको कार्यावधि व्यतीत भई रिट निवेदनको औचित्य नै समाप्त भइसकेको देखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नारायण प्रसाद चापागाई

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७८ साल श्रावण २९ गते रोज ६ शुभम् ।

## इजलास नं. ७

### ६३

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या. कुमार रेग्मी,** *०७२-CI-१६४२, करारबमोजिम रकम दिलाइपाऊँ, कृष्णराज उप्रेती वि. लता ट्रेडिङ प्रा.लि., पर्सा*

करारका पक्षबिच विवादरहित रहेको मिति २०६१।११।२९ मा भएको यी पुनरावेदकसमेत बिचको त्रिपक्षीय करारनामाको प्रकरण नं. १ मा करार गर्ने प्रथम पक्षले आफूले दोस्रो पक्षसँग करार गरे अनुसारको किस्ता बुझाएमा दोस्रो पक्षले समेत धनीको रकम तिरी नामसारी गर्ने गराउने भनी यी पुनरावेदकलाई रकम तिर्ने दायित्व तोकिएको अवस्थामा मबाट रकम

असुल गर्ने सम्बन्धमा करारमा उल्लेख नभएको भन्ने पुनरावेदकको पुनरावेदन जिकिर स्वत: गलत देखिन्छ। वादीसँग आफूले गरेको मिति २०५९।०९।०७ को पहिलो करारको आधारमा यी पुनरावेदकले उक्त करारमा उल्लिखित गाडी सञ्चालनको जिम्मा तेजमणी आचार्यलाई दिने गरी प्रत्यर्थी वादीसमेत संलग्न रही मिति २०६१।११।२९ मा त्रिपक्षीय करार भएको र सो करार पक्षहरूबिच हालसम्म विवादरहित रहेको स्थितिमा सो करारबमोजिम उक्त गाडी सञ्चालन गर्न जिम्मा पाएका करारका प्रथम पक्ष तेजमणी आचार्यबाट सो करारबमोजिम रकम लिई गाडी नामसारीसमेत गरिदिने यी पुनरावेदक प्रतिवादीले सोही करारको सर्तबमोजिम यी प्रत्यर्थी वादी लता ट्रेडिङ प्रा.लि.लाई रकम बुझाएको पुष्टि हुन नआएकाले वादी दाबीबमोजिम प्रतिवादीबाट वादीलाई रकम भराइदिने ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला कानूनसम्मत देखिन आएकोले सो फैसला उल्टी गरी वादी दाबी नपुग्ने ठहर गरिपाउँ भन्ने यी पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुने स्थिति नरहने।

तसर्थ, प्रतिवादीबाट रू.३,७९,१९९।४० वादीले भराइलिन पाउने ठहऱ्याएको सुरू पर्सा जिल्ला अदालतको फैसला सदर गर्ने गरेको ठहराई पुनरावेदन अदालत हेटौँडाबाट मिति २०६९।५।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: हेमराज शर्मा

कम्प्युटरः सुप्रभा अर्याल

इति संवत् २०७९ साल वैशाख २९ गते रोज ५ शुभम्।

**६४**

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७८-WO-०२६२, उत्प्रेषण / परमादेश / प्रतिषेध, राम ललन यादव वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबार, काठमाडौंसमेत*

निवेदक समायोजन भएको नगरपालिकामा हाजिर हुन जाँदा पशु सेवा प्राविधिक सहायक स्तर पाचौँ पद रिक्त नभएको निजलाई पत्रमार्फत फिर्ता पठाइएकोमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७६।६।२७ मा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजनपश्चात् स्थानिय तहमा हाजिर हुन नपाएका कर्मचारीहरूलाई अर्को निर्णय नभएसम्म अस्थायी रूपमा व्यवस्थापन गर्न सम्बन्धित सेवा समूह सञ्चालन गर्ने निकायहरूले जनशक्ति आवश्यक रहेको तहहरूमा कामकाज गर्न खटाउने गरी मिति २०७६।४।३० मा नेपाल कृषि सेवाअन्तर्गत सहायक स्तर पाँचौं तहमा समायोजन भई हाजिर हुन नपाएका यी निवेदक रामललन यादव (क.सं. नं.१५४८०४) लाई अस्थायी व्यवस्थापनका लागी कृषि तथा पशुपक्षी मन्त्रालयलाई पत्राचार गरेबमोजिम कृषि तथा पशुपक्षी मन्त्रालयले मिति २०७६।६।२९ गते निवेदकलाई सोही मितिको पत्रमा "सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.४८६ मिति २०७६।६।२७ को पत्रानुसार साबिक पदअनुसार नै तलब भत्ता भुक्तानी हुने गरी अर्को व्यवस्था नभएसम्मका लागि मिति २०७६।६।२९ को निर्णयानुसार कामकाज गर्न खटाइएको सेवाः नेपाल कृषि सेवा, समूहः ला.पो. एण्ड डे.डे. समूह, श्रेणीः रा.प.अनं. प्रथम श्रेणी पदः पशु सेवा प्रविधिक, कार्यालयः याक अनुवंशिक स्रोत केन्द्र, स्याङबोचे, सोलुखुम्बु" भनि उल्लेख भएबमोजिम हालसम्म पनि निवेदक साबिकबमोजिम कार्यरत रहेको कार्यालयमा हाजिर भई कार्यरत रहँदै आएको देखिन्छ। निवेदक पद र दरबन्दीविहीन अस्थायी कर्मचारी जस्तो गरी साबिक कार्यालयमा कार्यरत रहेको, कर्मचारी समायोजन ऐन, २०७५ को दफा ५, ७, ८ बमोजिम यी निवेदकले एक मात्र सङ्घमा समायोजन गरिपाउन निवेदन दिएकोमा सङ्घमा निजको पद अनुसारको सेवा, समूह र दरबन्दी हुँदाहुँदै, भएको दरबन्दीमा समायोजन नगरी दरबन्दी नै नभएको स्थानीय तहमा गरिएको समायोजनलाई प्राकृतिक न्यायको सिद्धान्त, नेपालको संविधान प्रत्याभूत गरेको मौलिक हक तथा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम कानूनसम्मत रहेको

मान्न नसकिने ।

अत: निवेदक कार्यरत रहेको सङ्घअन्तर्गतको साबिक कार्यालयको साबिक पद र दरबन्दी खाली हुँदाहुँदै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।१२।११ को निर्णय, प्रत्यर्थी कृषि तथा पशुपक्षी विकास मन्त्रालयको मिति २०७६।२।१ को निर्णयअनुसार निवेदकलाई स्थानिय तह गौशाला नगरपालिका, महोत्तरीमा गरेको समायोजनसम्बन्धी सम्पूर्ण निर्णय तथा कार्यहरू र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अस्थायी व्यबस्थापनसम्बन्धी मिति २०७६।६।२७ मा लेखिएको पत्रमा उल्लिखित मिति २०७६।४।३० को निर्णयसमेतका सम्पूर्ण निर्णय कार्य पत्रहरूका साथै यी निवेदकलाई दरबन्दी नभएको ठाउँमा सरूवा गरेको, हाजिर हुन गएकोमा दरबन्दी नभएको कारण हाजिर नगराएको, मन्त्रालयले दरबन्दी नभएको ठाउँमा परेको कारण यथास्थितिमा काम गर्नु भन्ने पत्राचार गरी निवेदक सोही ठाउँमा कामकाज गरिरहेको देखिँदा उल्लिखित मितिका निर्णयहरूसमेत निज निवेदकको हकमा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। निवेदक साबिकमा कार्यरत रही हाल अस्थायी व्यवस्थापन भई कामकाज गरिआएको याक विकास फार्म स्याङ्बोचे सोलुखुम्बुमा सङ्घअन्तर्गतको दरबन्दीसमेत खाली रहेको भन्ने निवेदन बेहोराबाट देखिएको र याक विकास फार्ममा निजको सेवा आवश्यक रहेको भन्ने सम्बन्धित निकायको सिफारिससमेत भएको देखिँदा निवेदकलाई सङ्घमा समायोजन गरी हाल कार्यरत याक विकास फार्म स्याङ्बोचे, सोलुखुम्बुमा पदस्थापन गरी निजको दरबन्दी सोही स्थानमा कायम गरी कामकाज गर्न दिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: हेमराज तिमिल्सैना

इति संवत् २०७९ साल असार ५ गते रोज १ शुभम्।

**६५**

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-WO-१२१७, उत्प्रेषण / परमादेश, डिल्लीबहादुर खुलाल (बस्नेत) समेत वि. जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाई सोलुखुम्बुसमेत*

नेपालको संविधान, २०७२ को धारा ५६ बमोजिम राज्यको संरचनाअन्तर्गतको स्थानीय तहको कार्यकारिणी अधिकार र व्यवस्थापकीय अधिकार अनुसूची-८ र ९ मा निहित रहेको अवस्था छ । अनुसूची-८ लाई धारा ५७(४) ले एकल अधिकारको रुपमा राखी कानून बनाउन सक्ने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(१) मा संविधानको अनुसूची-८ को एकल अधिकार उल्लेख गरेको छ भने दफा ११(२) ले अनुसूची-८ को सर्वमान्यतालाई स्वीकार गरेको अवस्था छ। उक्त ऐनको दफा ११(ज) ले आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय तहको अधिकारभित्र समावेश गरेको पाइन्छ भने दफा १०२(१) ले गाउँपालिका/नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्र ऐन बनाउन सक्ने कुरा उल्लेख गरी कानून बनाउने मार्ग प्रसस्त गरेको देखिने।

तसर्थः संविधानले स्थानीय निकायलाई संविधानको अधीनमा रही कानून बनाउन सक्ने अधिकार दिएको देखिन्छ, तर त्यस्तो कानून बनाउँदा सङ्घीय कानूनसँग नबाझिने गरी बनाउनुपर्ने देखिन्छ । सो शिक्षासम्बन्धी सङ्घीय कानून निर्माण भई नसकेको अवस्थामा विपक्षी स्थानीय निकायले कानून बनाई निवेदक शिक्षकहरूलाई सरूवा गर्ने गरेको कार्य कानूनविपरीत भएकाले बदर गरिपाउँ भन्ने निवेदन जिकिरलाई अन्यथा भन्नुपर्ने अवस्था छैन तथापि विपक्षी थुलुङ्ग दुधकोशी गाउँपालिकाले कानून निर्माण गरी शिक्षकको सरूवा मापदण्ड तयार गरी सोहीबमोजिम आफ्नो क्षेत्राधिकारभित्र निवेदक शिक्षकहरूलाई सरूवा गरेकोमा सरूवा भएका शिक्षकहरू सरूवा भएको विद्यालयमा हाजिर भइसकेका भन्ने निवेदक पक्षका कानून व्यवसायीले बहस क्रममा उल्लेख गर्नु भएको र सो कुरा विपक्षी थुलुङ्ग दुधकोशी गाउँपालिकाको लिखित जवाफमा समेत उल्लेख भएको देखिँदा प्रस्तुत रिट निवेदनको

प्रयोजन समाप्त भइसकेकोले निवेदन मागअनुसार उत्प्रेषण परमादेशको आदेश जारी गरिरहनपर्ने देखिएन। अतः रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: हेमराज तिमिल्सैना

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७९ साल असार ५ गते रोज १ शुभम्।

## इजलास नं. ८

### ६६

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री कुमार रेग्मी,** *०७४-RB-०२७८, ०७४-RB-०२८०, आयकर, डा. रूप ज्योति वि. ठुला करदाता कार्यालय, ललितपुर, जगदिश रेग्मी वि. पद्म ज्योति*

खुद मुनाफा निर्धारण गर्दा आयकर ऐन, २०५८ को दफा १२ बमोजिम कायम हुन आउने आयबाट देहायको रकमसमेत कट्टा गर्नुपर्छ भनी देहायमा (क) श्रम ऐन, २०४८ को दफा ४१ को उपदफा (१) बमोजिम कर्मचारीहरूको वासस्थानको व्यवस्था गर्नको निमित्त छुट्याएको रकम, (ग) दफा ११ को उपदफा (३) बमोजिम बढी वितरण भएजति बोनसको रकम भनी उल्लेख भएको पाइन्छ। बोनस वितरण गर्ने रकमलाई खर्चमा कट्टा गरी बाँकी रहेको अङ्कलाई खुद मुनाफा मान्ने भन्ने मनसाय बोनस ऐन, २०३० तथा आयकर ऐन, २०५८ मा रहेको उल्लिखित व्यवस्थाहरूमा उल्लेख भएको देखिँदैन। कट्टा गर्नुपर्ने अङ्कसमेत उक्त बोनस ऐन, २०३० को दफा ५ ले प्रस्ट गरेको सन्दर्भमा करदाता कम्पनीले गरेको बासस्थानबापतको खर्चलाई बेवास्ता गरी खुद नाफामा बढी रकम देखाई सोबमोजिम नै बढी बोनस रकम दाबी गरेको भन्ने अर्थ गरी खर्च अमान्य गरेको निर्णय मिलेको मान्न नसकिने भनी खुद आयमा समावेश हुन नसकी मिन्हा हुन्छ भनी भएको राजस्व न्यायाधिकरणको फैसला कानूनअनुरूपको देखिने।

करदाता कम्पनीले रू.३५,९८,००६।- प्रतिष्ठान स्तरको कल्याणकारी कोषमा जम्मा गरेको भनी भौचरसमेत पेस गरेको अवस्था र सो रकम बोनस ऐन, २०३० बमोजिम कर्मचारीलाई नै वितरण हुने रकम भएकोमा विवाद देखिदैन। श्रम नियमावली, २०५० को नियम १४ ले निर्दिष्ट गरेको क्षेत्रमा नै सो रकम खर्च हुने हो। बोनस ऐन, २०३० को दफा १३ अनुसार बाँकी हुन आएको रकम श्रम ऐन, २०४८ को दफा ३७ तथा श्रम नियमावली, २०५० को नियम १३(२) बमोजिम खडा गरिएको कर्मचारी, कल्याणकारी कोषमा जम्मा भएको देखिन्छ। कर्मचारी कल्याण कोषमा जम्मा भई कर्मचारीको कल्याणमा खर्च हुने कानूनद्वारा करदातालाई उन्मुक्ति दिएको त्यस्तो रकम रू. ३५,९८,००६।- लाई पुनरावेदक ठुला करदाता कार्यालयले आयकर ऐन, २०५८ को दफा ७(२) बमोजिम करयोग्य आय कायम गरेको मिल्ने देखिँदैन भनी खुद आयबाट मिन्हा दिने गरी राजस्व न्यायाधिकरण काठमाडौंबाट भएको निर्णय मिलेकै देखिने।

करदाताको बढी बोनस रकमअन्तर्गत दाबी गरेको उक्त रकमलाई आयकर ऐन, २०५८ को दफा ७(२) (ज) बमोजिम आयमा समावेश गर्नुपर्ने भनी सुरू कार्यालयबाट निर्णय भएकोमा कम्पनीले कानूनतः व्यवस्था गरेको बोनस रकमलाई अमान्य गरेको सुरूको, निर्णय त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भनी करदाताले पुनरावेदन जिकिर लिएको देखिन्छ। करदाता कम्पनीले खुद नाफा निर्धारण गर्दा बोनस व्यवस्थाअघिकोलाई मान्ने गरेको र सोबमोजिम बोनस खर्च लिएको रकम रू.१,०५,०१,८००।- देखिएको एवं हिसाब अनुसार खुद नाफा बोनस व्यवस्थापछि रू.९,९१,१६,०२०।- हुन आएको र करदाताले बासस्थान व्यवस्थामा गरेको खर्च रू.५५,२७,२६३।- रकमलाई सोमा घटाउँदा बोनसको लागि हुन जाने रकम रू.९,३५,८८,७५७।- हुन जाने देखिन्छ। यसरी सो रकममा १० प्रतिशतले हुने रकम बोनसबापत खर्च लिएको देखिँदा सुरू कार्यालयबाट बोनस ऐन, २०३० को दफा ५ मा भएको कानूनी व्यवस्थाविपरीत कम्पनीले गरेको बासस्थानबापतको खर्चलाई बेवास्ता गरी खुद नाफामा बढी रकम देखाई

सोबमोजिम नै बढी बोनस रकम दाबी गरेको भन्ने अर्थ गरी खर्च अमान्य गरेको निर्णय कानूनबमोजिम मिलेको देखिएन। खुद मुनाफा निर्धारण गर्दा आयकर ऐन, २०५८ को दफा १२ बमोजिम कायम हुन आउने आयबाट देहायको रकमसमेत कट्टा गर्नुपर्छ भनी देहायमा (क) श्रम ऐन, २०४८ को दफा ४१ को उपदफा (१) बमोजिम कर्मचारीहरूको बासस्थानको व्यवस्था गर्नको निमित्त छुट्याएको रकम, (ग) दफा ११ को उपदफा (३) बमोजिम बढी वितरण भएजति बोनसको रकम भनी उल्लेख भएको पाइन्छ। बोनस वितरण गर्ने रकमलाई खर्चमा कट्टा गरी बाँकी रहेको अङ्कलाई खुद मुनाफा मान्ने भन्ने मनसाय बोनस ऐन, २०३० तथा आयकर ऐन, २०५८ मा रहेको उल्लिखित व्यवस्थाहरूमा उल्लेख भएको देखिँदैन। कट्टा गर्नुपर्ने अङ्कसमेत उक्त बोनस ऐन, २०३० को दफा ५ ले प्रस्ट गरेको सन्दर्भमा करदाता कम्पनीले गरेको बासस्थानबापतको खर्चलाई बेवास्ता गरी खुद नाफामा बढी रकम देखाई सोबमोजिम नै बढी बोनस रकम दाबी गरेको भन्ने अर्थ गरी खर्च अमान्य गरेको निर्णय मिलेको मान्न नसकिने भनी राजस्व न्यायाधिकरण काठमाडौंबाट भएको फैसला कानूनअनुरूपकै हुँदा मिलेकै देखिने।

तसर्थ ठुला करदाता कार्यालयको मिति २०६७।०६।२५ को संशोधित कर निर्धारण निर्णय र सोलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०६७।०९।२३ को निर्णयमा मूल्य अभिवृद्धि करको विवरणमा फरक, अवितरित बोनस खर्च र बढी बोनस खर्चको सम्बन्धमा गरेको निर्णय मिलेको नदेखिँदा सो हदसम्म उल्टी हुने र सापटीको ब्याजको सम्बन्धमा सुरू ठुला करदाता कार्यालयको निर्णय मिलेकै देखिँदा सदर हुने भनी राजस्व न्यायाधिकरण, काठमाडौंको मिति २०६९।०६।०२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः लिलाधर सुवेदी

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७९ साल श्रावण १६ गते रोज २ शुभम्।

## ६७

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री कुमार रेग्मी,** *०७४-RB-०२७९, आयकर, जगदिश रेग्मी वि. पद्म ज्योति*

खुद मुनाफा निर्धारण गर्दा आयकर ऐन, २०३१ को दफा १२ बमोजिम कायम हुन आउने आयबाट देहायको रकमसमेत कट्टा गर्नुपर्छ भनी देहायमा (क) श्रम ऐन, २०४८ को दफा ४१ को उपदफा (१) बमोजिम कर्मचारीहरूको वासस्थानको व्यवस्था गर्नको निमित्त छुट्याएको रकम, (ग) दफा ११ को उपदफा (३) बमोजिम बढी वितरण भएजति बोनसको रकम भनी उल्लेख भएको पाइन्छ। बोनस वितरण गर्ने रकमलाई खर्चमा कट्टा गरी बाँकी रहेको अङ्कलाई खुद मुनाफा मान्ने भन्ने मनसाय बोनस ऐन, २०३० तथा आयकर ऐन, २०५८ मा रहेको उल्लिखित व्यवस्थाहरूमा उल्लेख भएको देखिँदैन। कट्टा गर्नुपर्ने अङ्कसमेत उक्त बोनस ऐन, २०३० को दफा ५ ले प्रस्ट गरेको सन्दर्भमा करदाता कम्पनीले गरेको बासस्थानबापतको खर्चलाई बेवास्ता गरी खुद नाफामा बढी रकम देखाई सोबमोजिम नै बढी बोनस रकम दाबी गरेको भन्ने अर्थ गरी खर्च अमान्य गरेको निर्णय मिलेको नदेखिँदा सो रकम खुद आयमा समावेश नहुने गरी भएको राजस्व न्यायाधिकरणको फैसला मिलेकै देखिने।

यस वर्षको बोनस वितरण गरी बाँकी रू.२१,०१,८७१९१।- को ३० प्रतिशतले रू.६,३०,६५६।३७ राष्ट्रिय स्तरको कल्याणकारी कोषमा जम्मा गरी बाँकी ७० प्रतिशत रू.१४,७०,८३१।५४ प्रतिष्ठान स्तरको कल्याणकारी कोषमा जम्मा गरेको भनी भौचरसमेत करदाताले पेस गरेको देखिन्छ। यसबाट सो रकम कम्पनीसँग रहेको भन्न मिल्ने देखिँदैन। सुरू कार्यालयले सो सम्बन्धमा आधार कारणसहित यो यसो हो भनी अन्यथा खण्डनसमेत नगरी उक्त रकमलाई आयमा समावेश गर्ने गरेको निर्णय मिलेको देखिदैन। करदाता कम्पनीले राष्ट्रिय स्तरको कल्याणकारी कोषमा रू.६,३०,६५६।३७ जम्मा गरेको देखिएको र बाँकी रहेको (Undistributed

Bonus) रकम रू.१४,७०,८३१।५४ आयकर ऐन, २०५८ को दफा ७(२) (ज) बमोजिम आयमा समावेश गर्नुपर्ने भनी सुरू कार्यालयबाट निर्णय भएकोमा कम्पनीले यस आ.व.मा बोनस वितरण गरी बाकी रहेको रू.२१,०१,१८,७९१।- को ३० प्रतिशतले हुने रकम राष्ट्रिय स्तरको कल्याणकारी कोषमा जम्मा गरी बाकी रहेकोमध्ये उल्लिखित रकम कानूनतः प्रतिष्ठान स्तरको स्याकार कर्मचारी कल्याणकारी कोषको खातामा जम्मा गरेको र सो को भौचर रसिदसमेत पेस गरेको अवस्थामा उक्त रकमलाई अवितरित बोनस रकम भनी आयकर ऐन, २०५८ को दफा ७(२) (ज) बमोजिम आयमा समावेश गर्नुपर्ने भनी कानूनी व्यवस्थाविपरीत आयमा समावेश गर्ने निर्णय मिलेको देखिएन। सो रकम बोनस ऐन, २०३० बमोजिम कर्मचारीलाई नै वितरण हुने रकम भएकोमा विवाद छैन। श्रम नियमावली, २०५० को नियम १४ ले निर्दिष्ट गरेको क्षेत्रमा नै सो रकम खर्च हुने हो। बोनस ऐन, २०३० को दफा १३ अनुसार बाँकी हुन आएको रकम श्रम ऐन, २०४८ को दफा ३७ तथा श्रम नियमावली, २०५० को नियम १३(२) बमोजिम खडा गरिएको कर्मचारी, कल्याण कोषमा जम्मा भएको देखिन्छ। कर्मचारी कल्याण कोषमा जम्मा भई कर्मचारीको कल्याणको लागि खर्च हुने कानूनद्वारा करदातालाई छुट दिएको त्यस्तो रकम रू.१४,७०,८३१।५४ लाई पुनरावेदक ठुला करदाता कार्यालयले आयकर ऐन, २०५८ को दफा ७(२) बमोजिम करयोग्य आय कायम गरेको मिल्ने देखिएन भनी खुद आयमा समावेश नहुने मिन्हा दिने गरी भएको राजस्व न्यायाधिकरणको फैसला कानूनसम्मत मिलेकै देखिने।

तसर्थ, ठुला करदाता कार्यालयको मिति २०६६।३।३१ को संशोधित कर निर्धारण गर्ने निर्णय र उक्त निर्णयलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०६६।४।१५ को निर्णय उल्टी हुने ठहर्‍याएको राजश्व न्यायाधिकरण काठमाडौंबाट मिति २०६९।०६।०२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः लिलाधर सुवेदी
कम्प्युटर: राधिका घोरासाइने
इति संवत् २०७९ साल श्रावण १६ गते रोज २ शुभम्।

**६८**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री कुमार रेग्मी,** *०७४-CR-०००५, जबरजस्ती करणी, राम सिग्देल वि. नेपाल सरकार*

प्रतिवादी राम सिग्देलबाट नाबालिकामाथि भएको करणीजन्य कार्यलाई जबरजस्ती करणी भएको होइन भनी भन्न सकिने अवस्था देखिँदैन। जबरजस्ती करणीको कसुरमा अर्काको शरीरलाई निजको चेतयुक्त इच्छाबेगर नियन्त्रणमा लिई यौनाङ्गलगायत शरीरका अन्य अङ्गप्रत्यङ्गको संसर्ग गराई आफ्नो यौन चाहाना पूरा गर्ने कसुरदारको मूल उद्देश्य रहन्छ। पीडित भक्तपुर २७(D) को स्वास्थ्य परीक्षण प्रतिवेदनमा "White colored pervaginal and anal discharges; redness is noted over inner aspects of bilateral labia minoras, thick white pus is flowing intermittently through vaginal introitus" भन्ने बेहोरा लेखिएको पाइन्छ भने प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदनले निजको शरीरभरी "Nail scratch marks over left arm (front), right thigh (front) left upper scapular (multiple), right side of upper back, few scratch seen over chest" भन्ने विवरणसहित "nail scratch marks seen- opposition might have used for defence" भन्ने रहेको देखिन्छ र सो तथ्यहरूले पीडितमाथि प्रतिवादीबाट जबरजस्ती करणीको कसुर भएको प्रमाणित भएको देखियो। त्यो सँगै प्रतिवादीमाथिको किटानी जाहेरी, सो समर्थित पीडितको मौकाको कागज र पीडितको आमाको कागजले समेत पीडित नाबालिकामाथि जघन्य यौन अपराध भएको प्रस्ट देखियो। हुँदै नभएको घट्ना सिर्जना गरी जाहेरवाला र पीडितले प्रतिवादीमाथि यति

सङ्गिन आरोप लगाउनुपर्ने विश्वसनीय कारणसमेत प्रतिवादीले उल्लेख गर्न नसकेको अवस्थामा वारदात भएको थिएन भन्ने प्रतिवादीको पुनरावेदन जिकिर भरपर्दो मान्न नमिल्ने।

यसरी वारदातको प्रकृति, पीडितको उमेर अवस्था तथा पीडक एवं पीडितको शरीरमा देखिएका घाउ चिह्नहरूलाई नाबालिकाउपरको जबरजस्ती करणीको कसुर स्थापित हुने ठोस प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने नै देखियो। नाबालिकाउपरको जबरजस्ती करणीको कसुरको सम्बन्धमा रहेको कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित न्यायिक सिद्धान्तहरूसमेतको परिप्रेक्ष्यबाट प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीले अभियोग दाबीबमोजिम जबरजस्ती करणीको कसुर गरेको ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७३।०२।११ को फैसला न्यायको रोहमा मिलेको देखियो। जाहेरवाली र पीडितले अदालतमा प्रतिकूल (Hostile) बकपत्र गरेको एक मात्र आधारमा वस्तुगत प्रमाणको विद्यमानतालाई अन्यथा भनी पुनरावेदकलाई सफाइ दिन मिल्ने नदेखिने।

अतः यी पुनरावेदक प्रतिवादी राम सिग्देलले पीडित भक्तपुर २७(D) लाई जबरजस्ती करणीको कसुर गरेको देखिँदा निज पुनरावेदक प्रतिवादी राम सिग्देललाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को कसुरमा निजलाई ऐ. महलको ३(१) नं. बमोजिम १० (दश) वर्ष कैद हुने र सोही महलको १०ग नं. बमोजिम रू. ५०,०००।- (पचास हजार रूपैयाँ) प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराइदिने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७३।०२।११ मा भएको फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: नीति उप्रेती

कम्प्युटर: मिलन राणा

इति संवत् २०७९ साल मङ्सिर १ गते रोज ५ शुभम्।

- यसै लगाउको ०७४-CR-११८१ को मुद्दामा पनि यसै अनुसार फैसला भएको छ।

## ६९

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री कुमार रेग्मी,** *०७८-WO-०७६०, उत्प्रेषण/परमादेशलगायत, रामचन्द्र पौडेल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

मानहुँकोट पर्यटन प्रवर्द्धन आयोजनाको सम्भाव्यता अध्ययन, आयोजनाको तर्जुमा, आयोजनाको छनौट, आयोजनाको निर्माण, प्रस्तावको आह्वान, आयोजनाको स्वीकृतिजस्ता आधारभूत काम कारबाहीमा संविधान, उल्लिखित सङ्घीय ऐन कानून र प्रदेश ऐन कानून तथा सङ्घीय नीति तथा प्रदेश नीतिद्वारा निर्धारित कार्यप्रक्रिया तथा कार्यविधिको परिपालना भएको नदेखिएको, उक्त मानहुँकोट पर्यटन प्रवर्द्धन आयोजनामा सार्वजनिक प्राकृतिक सम्पदाको उपयोग र उपभोगको विषय निहित भई सो आयोजना संविधानबमोजिम स्थानीय तहको मात्र एकल अधिकारको सूचीभित्र परेको नभई ऐतिहासिक, प्राकृतिक र पर्यटकीय महत्त्वको सम्पदाको विषयमा प्रदेश र सङ्घीय सरकारको समेत सरोकारको विषय रहेको देखिएकोले उक्त मानहुँकोट पर्यटन प्रवर्द्धन आयोजनाको तर्जुमा, छनौट तथा निर्माण र सो सम्बन्धमा भएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तथा योजनाको लागि गरिएको प्रस्ताव आह्वानलगायतका कामकारबाहीको प्रस्ताव सुरूवाती अवस्थादेखि नै कानूनीरूपमा त्रुटिपूर्ण रहेको देखिएको हुँदा विपक्षी व्यास हिल्स प्रा.लि.को जिकिरसँग सहमत हुन नसकिने।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ को उपदफा (१) को देहाय (क) बमोजिम गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको संरक्षण, रेखदेख, मर्मतसम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने जिम्मेवारी तोकिएको देखिन्छ। सोही ऐनको दफा ९७ को उपदफा (२) मा "गाउँपालिका तथा नगरपालिकाले उपदफा (१) बमोजिमको सार्वजनिक तथा सामुदायिक

सम्पत्ति बेचबिखन गर्न वा अरू कुनै बेहोराले हक हस्तान्तरण गर्न वा लिजमा दिन पाउने छैन" भन्ने कानूनी व्यवस्था रहेको देखिएबाट विपक्षी व्यास नगरपालिकाले मानहुँकोट डाँडाको पर्यटन प्रवर्द्धन गर्ने नाउँमा विपक्षी व्यास हिल्स प्रा.लि.लाई सम्झौता गरी लिज वा ठेक्कामा दिन पेस भएको प्रस्ताव थप स्पष्ट हुने गरी प्रस्तुत गर्न लगाई सम्झौताको आवश्यक प्रक्रिया अघि बढाउने गरी भएको व्यास नगरपालिकाको मिति २०७८।०९।२२ को बैठकको निर्णय नं.६ तथा सोबमोजिम सोही मितिमा जारी गरेको प्रेसविज्ञप्तीको बुँदा नं.५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ विपरीत रहेको समेत देखिएकोले उक्त व्यास नगरपालिकाको मिति २०७८।०९।२२ को बैठकको निर्णय नं.६ तथा सोबमोजिम सोही मितिमा जारी गरेको प्रेस विज्ञप्तिको बुँदा नं.५ कानूनसम्मत रहेको नदेखिने।

तसर्थः व्यास नगरपालिकाको मिति २०७८।०९।२२ को बैठकको निर्णय नं.६ तथा सो निर्णयबमोजिम सोही मितिमा जारी गरेको प्रेस विज्ञप्तिको बुँदा नं.५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ विपरीत रहेको देखिनुका साथै सार्वजनिकरूपमा रहेको प्राकृतिक सम्पदाबाट प्राप्त लाभको सङ्घ, प्रदेश तथा स्थानीय निकायबिचमा न्यायोचित वितरण, उपयोग र उपभोगको विषयसमेत निहित रहेको मानहुँकोट डाँडाको पर्यटन प्रवर्द्धनसम्बन्धी योजनाको पहिचान, योजना तर्जुमा, योजना छनौट, योजनाको निर्माण, सञ्चालन तथा कार्यान्वयनसमेतका कामकारबाही गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ तथा दफा ९, सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६, सङ्घीय तथा प्रदेश नीतिलगायतका कानूनी व्यवस्थाबमोजिमको विधि र प्रक्रियाको स्थानीय तह व्यास नगरपालिकासमेतबाट परिपालना भएको नदेखिएकोले उक्त नगरपालिकाको मिति २०७८।०९।२२ को बैठकको निर्णय नं.६ तथा सो निर्णयबमोजिम सोही मितिमा जारी गरेको प्रेसविज्ञप्तिको बुँदा नं.५ गैरकानूनी देखिएको हुँदा सो निर्णय तथा उक्त प्रेसविज्ञप्तिको बुँदा नं.५ लगायत सोसँग सम्बन्धित सम्पूर्ण निर्णय एवम् कारबाहीसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। सो ठहरेबाट निवेदकको मागबमोजिम ऐतिहासिक तथा पर्यटकीय महत्त्वको प्राकृतिक सम्पदा मानहुँकोटको संरक्षण, सम्बर्द्धन, रेखदेख र सो क्षेत्रको समग्र विकासका लागि जो जे गर्नुपर्ने हो सो गर्न कानूनबमोजिम आवश्यक व्यवस्था मिलाउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत : ऋतबहादुर पुलामी मगर/ टीकाबहादुर थापा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७९ जेठ २३ गते रोज २ शुभम्।

## ७०

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७८-WO- ०९५६, उत्प्रेषण / परमादेशसमेत, इन्द्रकुमारी अधिकारी वि. त्रिभुवन विश्वविद्यालय सेवा आयोग, कीर्तिपुरसमेत*

निवेदकको कृतिहरू अनुसन्धानात्मक लेखभित्र पर्ने भनी विज्ञहरूबाट निर्णय भएपश्चात् डा. गेहेन्द्रलाल मल्ल, डा. खड्ग के.सी. र डा. रामकृष्ण तिवारीसहितको कृति मूल्याङ्कन समितीले निवेदकको कृतिहरू मूल्याङ्कन गरेको कुरा विपक्षी त्रि.वि. सेवा आयोगसमेतको तर्फबाट पेस भएको कृति मूल्याङ्कनसम्बन्धी रेकर्ड फाइलबाट देखिन्छ । उल्लिखित मूल्याङ्कन समितिबाट निवेदकको कृतिहरू मूल्याङ्कन भई जर्नलमा प्रकाशित लेखमा २२, सम्बन्धित विषयको सन्दर्भ/ ग्रन्थ/अनुसन्धान ग्रन्थमा १.५ र सम्बन्धित विषयको अनुसन्धानात्मक प्रतिवेदनमा २.५ गरी निवेदकले जम्मा २६ (छब्बिस) अङ्क प्राप्त गरेको कुरासमेत उल्लिखित मूल्याङ्कन समितिको मूल्याङ्कन फारामबाट देखिन्छ । यसैगरी उम्मेद्वारको टेबुलेसन फाराम हेर्दा अनुसन्धान तथा कृति प्रकाशनको लागि

२६ अङ्क, शिक्षण सेवा अनुभवको अङ्क नदिइएको, अन्तरवार्ताको अङ्कमा सेवा आयोगका अध्यक्ष र सदस्य एवम् विशेषज्ञको गरी जम्मा ६.८० लाई जोड्दा जम्मा प्राप्ताङ्क ३२.८० पाएको देखिने।

विज्ञापनको समयमा त्रिभुवन विश्वविद्यालयको विनियम संशोधन हुनुअगावैको शिक्षक नियुक्तिको सिफारिससम्बन्धी विनियम, २०७५ लागु रहेको हुँदा कृति मूल्याङ्कनलगायतको कार्यहरूसमेत संशोधनअगावैको विनियम अनुसार हुनुपर्ने देखिन्छ भने निवेदकको कृति मूल्याङ्कनसमेत सोही विनिमयको आधारमा गरेको हो भनी विपक्षी त्रि.वि. सेवा आयोगसमेतको तर्फबाट पेस भएको लिखित जवाफमा उल्लेख भएको देखिँदा निवेदकको कृतिहरू साबिकमा लागु रहेको कानूनबमोजिम नै भएको पाइने।

निवेदकको कृति मूल्याङ्कन गरेको मूल्याङ्कन समितिको मूल्याङ्कन कानूनसम्मत एवं आधिकारिक भए नभएको भन्नेतर्फ हेर्नुपर्ने हुन्छ । निवेदकको कृतिहरू मूल्याङ्कन गर्ने डा. गेहेन्द्रलाल मल्ल, डा. खड्ग के.सी. र डा. रामकृष्ण तिवारीसहितको कृति मूल्याङ्कन समिति त्रिभुवन विश्वविद्यालय शिक्षक नियुक्तिको सिफारिससम्बन्धी विनियमको दफा १४ बमोजिम नै गठन भएको देखिन्छ भने यसरी लागु रहेको कानूनबमोजिम भएका काम कारबाही अन्यथा नभएसम्म वैध र कानूनसम्मत मान्नुपर्ने।

त्रिभुवन विश्वविद्यालय सेवा आयोगले मिति २०७५/५/३० मा आव्हान गरेको विज्ञापनमा कानूनबमोजिमको निकाय र समितिले कानूनी प्रक्रिया अनुसार कृतिहरू मूल्याङ्कन गर्ने र अन्तरवार्ता गर्ने काम गरेको देखिएको र त्रिभुवन विश्वविद्यालय शिक्षक नियुक्तिको सिफारिससम्बन्धी विनियम, २०७५ को विनियम २०(३) बमोजिम निवेदकले प्राप्त गरेको अङ्क, निवेदकको कृतिहरूबाट समेत प्राप्त हुन आएको अङ्कसमेतको आधारमा निवेदकलाई उक्त पदमा नियुक्तिको लागि सिफारिस नगरेको देखिएको तथा अधिकार प्राप्त अधिकारी/विज्ञबाट कृति मूल्याङ्कन तथा अन्तरवार्ताबापत प्रदान भएको अङ्क उपर्युक्त छ छैन भनी अदालतले रिटको रोहबाट हेरिने विषय नभएको हुँदा निवेदकको निवेदन दाबीबमोजिम रिट निवेदन जारी गर्नुपर्ने अवस्था नदेखिने।

तसर्थ, त्रिभुवन विश्वविद्यालय सेवा आयोगले मिति २०७५/५/३० मा वि.नं. १३८/२०७५/०७६ खुल्ला प्रतियोगिता राजनीतिशास्त्रको एक पदको लागि विज्ञापन गरेको सहप्राध्यापक पदमा निवेदकलाई नियुक्तिको लागी सिफारिस नगर्ने भनी गरेको मिति २०७८/०६/०८ को निर्णय त्रि.वि. को प्रचलित कानूनसम्मत रहेको देखिँदा निवेदकको माग बमोजिमको आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रंजना विश्वकर्मा

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७९ साल असार १४ गते रोज ३ शुभम्।

७१

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७८-WH-०२६२, बन्दीप्रत्यक्षीकरण, नबल किशोर साह वि. दैलेख जिल्ला अदालतसमेत*

निवेदक परिवर्तित नामथर "६२ ख १२५" लाई मुलुकी अपराध संहिता,२०७४ को दफा २४३ को उपदफा (१) र (२) को कसुरमा ऐ. ऐनको दफा २४३ को उपदफा (३) को सजायको मागदाबी लिई ०७८-C१-००८४ को नकबजनी चोरी मुद्दा दायर भइ जिल्ला अदालत दैलेखबाट यी निवेदकलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४३ (३), दफा ४५ (३) र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(३) बमोजिम एक वर्ष ६ महिना कैद र रू. १५,०००।- जरिवाना भुक्तानको लागि बाल सुधारगृह बाँके नेपालगन्जमा राख्न पठाएको देखिने।

निवेदक १६ वर्ष उमेर नपुगेको बालक रहेको र निजलाई नकबजनी चोरी (बालबिज्याँई) कसुरमा १ वर्ष ६ महिना कैद र जरिवाना रू.१५,०००।- (पन्ध्र हजार रूपैयाँ) हुने भएकोले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(७), मुलुकी अपराध संहिता,२०७४ को

दफा ४५(५) र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १६(२) अनुसार कैद गर्न नहुने तथा बालाबलिकासम्बन्धी ऐन,२०७५ को दफा १६(१) अनुसार बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकतामा राखी हेर्नुपर्ने भएकोले परिवर्तित नामथर "६२ ख १२५" लाई सुरू दैलेख जिल्ला अदालतबाट मिति २०७९।०१।०८ मा भएको फैसला अनुसार उक्त अदालतको मिति २०७९।०३।१० च.नं. २१५६ को कैदी पुर्जीबाट बालसुधारगृह नेपालगन्ज बाँकेमा कैद सजाय भुक्तान गर्न पठाएको हदसम्म कानूनसम्मत मिलेको नदेखिने।

तसर्थ, निवेदकलाई सुरू दैलेख जिल्ला अदालतको फैसलाबमोजिमको कैद सजाय असुल गर्न मिति २०७९।०३।१० गतेको कैदी पुर्जीमार्फत बालसुधार गृह नेपालगन्ज बाँकेमा पठाएको कार्य सो हदसम्म कानूनसम्मत नभई गैरकानूनी देखिँदा अन्य मुद्दा वा कारणबाट थुनामा राख्न नपर्ने भए उक्त नकबजनी चोरी मुद्दाको रोहबाट यी निवेदक परिवर्तित नामथर "६२ ख १२५" लाई आजै कानूनको रीत पुर्‍याई निजको अभिभावकको जिम्मा लगाइदिनु भनी दैलेख जिल्ला अदालतका नाममा यो बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृतः कुमार खतिवडा

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७९ साल आषाढ २९ गते रोज ४ शुभम्।

**७२**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०६७-WO-११६०, उत्प्रेषण, विरबहादुर भण्डारी वि. वैदेशिक रोजगार विभाग का.म.न.पा वडा नं. १० नयाँ बानेश्वर, काठमाडौंसमेत*

कञ्चनजंगा मेनपावर कन्सल्टेन्सी सर्भिसेज प्रा.लि.का चेयरम्यान विपक्षी हरिशरण भण्डारीले वैदेशिक रोजगारीमा विदेश पठाइदिन्छु भनी चलेको वैदेशिक रोजगार ठगी मुद्दामा जाहेरवालाहरूले विपक्षी प्रतिवादी हरिशरण भण्डारीसमेतबाट ठगी गरेको बिगो भराइपाउने गरी २०६८।११।१४ मा वैदेशिक रोजगार न्यायाधिकरणबाट फैसला भएपछि जाहेरवाला इमान्दु बरालसमेतले प्रतिवादी हरिशरण भण्डारीउपर बिगो भरिपाउन काठमाडौं जिल्ला अदालत तहसिल शाखामा निवेदन दिएको देखिन्छ। तहसिल शाखाबाट बिगो भराउने सिलसिलामा हरिशरण भण्डारीको नाम दर्तामा रहेको बारा जिल्ला प्रसौना गा.वि.स. वडा नं.९ कि.नं.११० को ज.वि. ०-४-० र ऐ. कि.नं.६७९ को ०-९-१२ जग्गा मिति २०७१।०२।२५ मा लिलाम भएको भन्ने काठमाडौं जिल्ला अदालत तहसिल शाखाको बिगो नं. ११३।४०२ को बिगो मुद्दामा मिति २०७१।०३।११ मा भएको निर्णय पर्चाबाट देखिन्छ। उल्लिखित मुद्दामा प्रस्तुत मुद्दाका विपक्षी अर्थात् सो मुद्दाका प्रतिवादी हरिशरण भण्डारीको नामको जग्गा लिलाम गरी बिगो भराइसकेको अवस्था देखिने।

घरका मुख्य व्यक्तिबाहेक अरूले गरेको व्यवहारमा मुख्य व्यक्तिको सहीछाप वा मन्जुरी भएको अवस्थामा मात्र त्यस्तो व्यवहारको जस अपजस गोश्वारा धनबाट व्यहोर्नुपर्ने हुन्छ तर प्रस्तुत विवादमा मिति २०५४।०७।०३ मा नै मानो छुट्टिई भिन्न भई अंश मुद्दा चली छुट्टि भिन्न भएको अवस्थामा सबै अंशियारको जग्गा रोक्का राखेको देखियो । विपक्षी हरिशरण भण्डारीले गरेको कारोबार सगोलको अवस्थामा गरेको भन्ने पनि देखिँदैन। वैदेशिक रोजगार विभागबाट जग्गा रोक्का राख्दा वैदेशिक रोजगार ठगी मुद्दाका प्रतिवादी यी निवेदकका छोरा विपक्षी हरिशरण भण्डारीका अतिरिक्त यी निवेदक वीरबहादुर भण्डारी र अन्य अंशियारसमेतको अंश भागको जग्गासमेत रोक्का राखेको देखियो । अंश मुद्दाबाट फैसला भई बन्डा मुचुल्कासमेत भई दा.खा. दर्ता गर्न जाँदा मालपोत कार्यालयबाट वैदेशिक रोजगार विभागबाट रोक्का भएको हुँदा फुकुवा भएका बखत दा.खा. दर्ता हुने भन्ने मालपोत कार्यालयको लिखित जवाफको बेहोराबाट देखिन्छ। एउटा अंशियारले आफूखुशी गरेको कारोबारको दायित्व छुट्टिएर बसेका अन्य अंशियारहरूले व्यहोर्नुपर्ने अवस्था हुँदैन। त्यसमाथि, वैदेशिक रोजगारको कसुर गर्ने व्यक्ति विपक्षी हरिशरण भण्डारीको नाम दर्ताको

जग्गाबाट बिगो भराएको अवस्थासमेत देखिन्छ। विपक्षी हरिशरण भण्डारीले गरेको कसुर र व्यवहारको दायित्व यी निवेदक र छुट्टि भिन्न भएका अन्य अंशियारहरूले बेहोर्नुपर्ने भन्ने वैदेशिक रोजगार विभागको लिखित जवाफ कानूनअनुरूपको नदेखिने।

तसर्थ, निवेदक वीर बहादुर भण्डारी र अन्य अंशियारहरूको अंश भागसमेतको नामको जग्गा रोक्का राख्ने गरी वैदेशिक रोजगार विभागबाट प.सं.०६५।६६ च.नं.१९४६, मिति २०६५।११।२५ को पत्रबाट बारा जिल्ला प्रसौना गा.वि.स. वडा नं.९ कि.नं.१०८, १००, ६८१, २५७, १०९, ४२८ र १११ का जग्गाहरू रोक्का राख्न मालपोत कार्यालय बारा कलैयालाई लेखेको पत्र र सो पत्रका आधारमा मालपोत कार्यालय बारा कलैयाले यी निवेदक वीर बहादुर भण्डारीसमेतको जग्गा रोक्का राख्ने गरेको कार्य कानूनविपरीतको देखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब विपक्षी हरिशरण भण्डारीले गरेको व्यवहारको सन्दर्भमा निजको अंश भाग नामकोबाहेक अन्य अंशियारको जग्गा रोक्का नराख्नु एवम् रोक्का राखेको भए तत्काल फुकुवा गरी बारा जिल्ला अदालतको मिति २०६७।१।१२ को फैसला, २०६८।१।१० को बन्डा मुचुल्का एवम् २०६८।२।१६ को पत्रबमोजिम दा.खा. दर्ता गरिदिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः नीति उप्रेती

कम्प्युटर: मिलन राणा

इति संवत् २०७९ साल पौष ५ गते रोज ३ शुभम्।

**७३**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७६-MS-००१६, अदालतको अवहेलना, बसन्ती थापा गौतम वि. वीरेन्द्रनगर नगरपालिका कार्यालय सुर्खेतसमेत*

नेपालको संविधानको धारा १२८ को उपधारा (४) मा "मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त सबैले पालना गर्नुपर्ने छ। सर्वोच्च अदालतले आफ्नो वा मातहतको अदालतको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेशको वा फैसलाको अवज्ञा गरेमा कानूनबमोजिम अवहेलनामा कारबाही चलाई सजाय गर्नसक्ने छ" भन्ने व्यवस्था गरेको छ भने न्याय प्रशासन ऐन, २०७३ को दफा १७(१) मा "सर्वोच्च अदालतले आफ्नो र उच्च अदालत वा जिल्ला अदालतको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा अदालतको अवहेलनामा कारबाही चलाउन सक्ने छ" भन्ने उल्लेख गरेको पाइन्छ। उल्लिखित संवैधानिक एवं कानूनी व्यवस्था अनुसार पनि अदालतको आदेश पालना वा न्याय सम्पादनको कार्यमा यी विपक्षीहरूबाट बाधा, अवरोध, व्यवधान खडा गरेको भन्ने देखिएन। यस दृष्टिकोणबाट लगाउको ०७४-WO-०७११ को निवेदनमा अन्तरिम आदेश जारी भएपश्चात् विपक्षी नगरपालिकासमेतले अदालतको आदेशको अवज्ञा गरेको भन्ने निवेदन दाबी एवं निवेदकतर्फका विद्वान् कानून व्यवसायीहरूको बहससँग सहमत हुन नसकिने।

तसर्थ, मिति २०७६।८।१ गते यस अदालतबाट १० मिटरभन्दा बाहेकको निवेदकको जग्गामा रहेको घर प्रस्तुत मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म कानूनबमोजिमको प्रक्रिया पूरा नगरी भत्काउने कार्य नगर्नु, नगराउनु भनी अन्तरिम आदेश जारी भएपश्चात् घर पर्खाललगायतको संरचनाहरू भत्काई मेरो घर जग्गा तहस नहस पारेकोले विपक्षीहरूलाई अदालतको अवहेलनामा सजाय गरी क्षतिपूर्तिसमेत दिलाई भराइपाउँ भन्ने निवेदन माँग दाबी पुग्न नसक्ने।

इजलास अधिकृत: राजकुमार आचार्य

इति संवत् २०७९ साल कार्तिक २७ गते रोज १ शुभम्।

- यसै लगाउका ०७४-WO-०७११, उत्प्रेषणयुक्त परमादेश, बसन्ती थापा गौतम वि. जिल्ला प्रशासन कार्यालय सुर्खेतसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**७४**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७१-WO-००७७, उत्प्रेषणसमेत, ध्रुव अधिकारी वि. महानगरीय प्रहरी परिसर, काठमाडौंसमेत*

निवेदकले आफ्नो भाइलाई प्रहरीले पक्राउ गरी गैरन्यायिक रूपमा गोली प्रहार गरी हत्या गरेको हुँदा सो घटनामा संलग्न प्रहरीहरूउपर महानगरीय प्रहरी परिसर काठमाडौंमा किटानी जाहेरी लिएर गएकोमा आफ्नो जाहेरी दर्ता गर्न नमानेकोले सो निकायभन्दा माथिल्लो निकाय महानगरीय प्रहरी आयुक्तको कार्यालय रानीपोखरी र जिल्ला प्रशासन कार्यालय काठमाडौंमा समेत जाहेरी दर्ताको आदेश दिलाइपाउँ भनी निवेदन लिएर गएकोमा ती निकायहरूले समेत आफ्नो निवेदन दर्ता गर्न नमानेको हुँदा विपक्षीहरूको जाहेरी दर्ता नगर्ने निर्णय उत्प्रेषणको आदेशले बदर गरी जाहेरी दर्ता गर्नु भनी परमादेशको आदेशसमेत जारी गरिपाउँ भन्ने मागदाबी रहेको देखिन्छ । निवेदकले जाहेरी दर्ता गर्न विपक्षी कार्यालयहरूले नमानेको भने तापनि मिति २०७१।०४।२३ मा प्र.ना.उ. मिरा चौधरीसमेतको प्रतिवेदनबाट मुद्दा दर्ता गरी प्रस्तुत मुद्दाको अनुसन्धानसमेतका कार्य सम्पन्न भई महानगरीय प्रहरी परिसर काठमाडौंबाट मिति २०७१।१२।२५ मा दिनेश अधिकारीको प्रहरीले आत्मरक्षाको लागि चलाएको गोलीबाट मृत्यु भएकोले कोही कसैउपर मुद्दा नचलाउने रायसहितको प्रतिवेदन जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंमा पठाएको देखिन्छ । जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंबाट समेत मिसिल संलग्न प्रमाणहरूको आधारमा मुद्दा नचलाउने निर्णय भई तत्कालीन पुनरावेदन सरकारी वकिल कार्यालय पाटन हुँदै महान्यायाधिवक्ताबाट मिति २०७२।०२।१७ मा कोही कसैउपर मुद्दा नचलाउने गरी अन्तिम निर्णय भएको अवस्था छ ।

यसरी, सरकारी मुद्दासम्बन्धी ऐनको अपराधको सूचना दिनेसम्बन्धी उल्लिखित कानूनी व्यवस्था हेर्दा, अपराधबारे "थाहा पाउने व्यक्तिले" सूचना दिन सक्ने प्रावधान रहेको परिप्रेक्ष्यमा  अपराधको सूचनाको रूपमा रहने जाहेरी दरखास्त मृतकका घरपरिवारका सदस्य वा हकवालाले नै दिनुपर्ने भन्ने अर्थ ग्रहण गर्न पनि मिल्ने देखिदैन । वारदातको प्रकृति र प्रहरीको उपस्थितिको आधारमा प्रहरी प्रतिवेदनबाटै प्रस्तुत विवादको अनुसन्धान भएको देखिन आएको छ । प्रहरीले आफ्नो कर्तव्य पालना गर्ने क्रममा आत्मरक्षाको लागि चलाएको गोलीबाट मृतकको मृत्यु भएको तथ्य स्वीकार गरी स्वयं प्रहरी प्रतिवेदनबाटै अनुसन्धान प्रारम्भ भई मुद्दा नचलाउने अन्तिम निर्णय भएको विषयमा जाहेरी नै दर्ता नभएको भनी मान्न मिलेन । निवेदकले महान्यायाधित्ताको मुद्दा नचलाउने अन्तिम निर्णयउपर चित्त नबुझी यस अदालतमा रिट निवेदन लिएर आएको अवस्था नभई जाहेरी दर्ता गराइपाउन आएको देखिन्छ । यसबाट निवेदकको मागभन्दा बाहिर गई सोतर्फ थप विचार गर्नुपर्ने अवस्थासमेत देखिँदैन । सामान्यतया जाहेरी दर्ता नगर्ने कुरा कानूनसम्मत हुन सक्दैन । जोसुकैले पनि अपराधको सूचना दिएपछि कानूनबमोजिम सोको अनुसन्धानको कार्य गर्नुपर्ने नै हुन्छ । प्रस्तुत बिबादमा प्रहरी प्रतिवेदनबाट मुद्दाको उठान भएर अनुसन्धान तहकिकात भई तहगत निर्णय हुँदै महान्यायाधिवक्ताबाट मुद्दा नचलाउने अन्तिम निर्णय भएसँगै जाहेरी दर्ता नगरेको भन्ने निवेदकको निवेदन दाबी औचित्यपूर्ण देखिन आएन । यस दृष्टिकोणबाट जाहेरी दर्ता गरी अनुसन्धान गर्नु भनी निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिने ।

तसर्थ, रिट निवेदकको मागबमोजिम आदेश जारी गर्न मिल्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः राजन खनाल

कम्प्युटर: राधिका घोरासाइने

इति संवत् २०७९ साल साउन ३१ गते रोज ३ शुभम् ।